सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ पुस २०८०, मंगलबार (9 Jan 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २६० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

वेस्टर्न डेभलपमेन्ट बैंकको १८ करोड घोटाला प्रकरण

सिइओ र कर्जा प्रमुखलाई सफाइ, ऋणी चार वर्षदेखि जेलमा

दाङ घोराहीस्थित तत्कालीन वेस्टर्न डेभलपमेन्ट बैंकमा १८ करोड रुपैयाँ हिनामिना भयो। घटनाका मुख्य दोषीमध्ये केहीले सफाइ पाए। न्यूनतम सजाय पाएका केही भाग्यमानी कैद सजाय भुक्तानपछि जेलमुक्त भए। तर, हिनामिनामा सहायक अभियुक्त मानिएका दाङ तुल्सीपुर उपमहानगर-१४ का २७ वर्षीय मनोज केसी अझै जेलमा छन्।



मनोज केसी

(विस्तृत पृष्ठ ३)

सोह्रौं आवधिक योजनाका आयाम



अग्रलेख

● गोपीनाथ मैनाली

सोह्रौं योजनालाई अन्तिम रूप दिँदा विगतमा के-कस्ता कारणले योजना सफल वा असफल रहे भन्ने दृष्टिकोणबाट विमर्श गर्न बिर्सिनुहुँदैन

भारतका 'हिन्दू सम्राट्' तेस्रो कार्यकाल ताक्दै

(पृष्ठ ४)

विवादबीच हसिना विजयी, पाँचौंपटक प्रधानमन्त्री बन्ने तयारी



७६ वर्षीया हसिना सन् १९९६ मा पहिलोपटक देशको प्रधानमन्त्री बनेकी थिइन्। सन् २००९ मा पुनः निर्वाचित भएपछि उनी निरन्तर सत्तामा छिन्।

(विस्तृत पृष्ठ ५)

राष्ट्र बैंकको आर्थिक गतिविधिसम्बन्धी अध्ययन भन्छ-

आधा क्षमतामा मात्रै चलेका छन् देशभरका उद्योग

सबै उद्योगको क्षमता उपयोग ५४.४३% मात्र, यो ०७८/७९ को तुलनामा ३.८४% विन्दुले कम हो

■ लाइन काटिँदा बन्द भएका २३ उद्योग खुलाउन भएको छैन समन्वय



नेपाल लगानीको उत्कृष्ट गन्तव्य : अर्थमन्त्री

(विस्तृत पृष्ठ ६)

१९ सिट, ५२ उम्मेदवारी

आगामी ११ माघमा हुने निर्वाचनमा प्रदेश सभाका ५४९ सांसद र १४९८ पालिका प्रमुख-उपप्रमुखले मतदान गर्दै छन्। निर्वाचन आयोगले एक प्रदेश सांसदबराबर ५३ र पालिकाको एक जनप्रतिनिधिबराबर १९ मतभार कायम गरेको छ।

निर्वाचनको कार्यतालिका

२४ पुस : **उम्मेदवारविरुद्ध उजुरी**

२५ र २६ पुस : **मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी नामावली प्रकाशित**

२७ पुस : **उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन**

२८ पुस : **निर्वाचन चिह्न वितरण**

११ माघ : **मतदान**

झापामा **चिरञ्जीवी घिमिरे**, जनकपुरमा **हरिदा खुदार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, दाङमा **दीपक बोहोरा**, सुर्खेतमा **रमेश रावल**, धनगढीमा **तेजराज भट्ट** र काठमाडौंमा **कमलराज भट्ट**

राष्ट्रिय सभाका १९ सिटका लागि ५२ जनाको उम्मेदवारी परेको छ। आगामी २१ फागुनमा रिक्त हुने २० मध्ये १९ सिटका लागि ११ माघमा निर्वाचन हुँदै छ। एकजना राष्ट्रपतिबाट मनोनीत हुनेछन्।

निर्वाचन आयोगले उम्मेदवारी दर्ताका लागि सोमबार बिहान १० देखि ३ बजेसम्मको समय तोकेको थियो। सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा कांग्रेस, एमाले, माओवादी, राप्रपा, जसपा, एकीकृत समाजवादी, जनमत र नेमकिपाका तर्फबाट ५२ जनाको उम्मेदवारी परेको आयोगले जनाएको छ। निर्वाचनमा कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाले गठबन्धन गरेका छन्। अन्य दल एक्ला-एक्लै प्रतिस्पर्धामा छन्।

मतदाता सूचीमै नाम नभएपछि मधेशमा एमालेका उम्मेदवार नै फेरिए

०७४ माघमा निर्वाचित भएर गोलाप्रथाबाट

» पृष्ठ २ मा क्रमशः

■ कुन प्रदेशमा कुन दलबाट को छन् उम्मेदवार ?

● आठ दलबाट सातै प्रदेशमा सात महिला सदस्यका लागि १८, दुई दलित सिटमा पाँच, अपांगता भएका व्यक्ति वा अल्पसंख्यकतर्फका तीन सिटमा आठ र अन्य समूहका सात सिटमा २१ गरी ५२ जनाको मनोनयन दर्ता भएको छ।

कोशी

कुल मतभार : १०,१३५
गठबन्धन : ५,४७४ । एमाले : ४,२१० । राप्रपा : ३९४ । स्वतन्त्र : ५७

	गठबन्धन	एमाले
महिला	चम्पादेवी कार्की (माओवादी)	रुकमिणी कोइराला
अन्य	कृष्ण सिटौला (कांग्रेस)	पर्शुराम अधिकारी

राप्रपाबाट उद्धव पौडेल (अन्य)

मधेश

कुल मतभार : १०,७४४
गठबन्धन : ७,१५८ । एमाले : २,३०२ । जनमत : ७४६ । राप्रपा : ५३ । अन्य : ४८५

	गठबन्धन	एमाले
महिला	पूजा चौधरी (जसपा)	उषादेवी थरुनी
अन्य	आनन्दप्रसाद ढुंगाना (कांग्रेस)	कुमारी विजेता झा

जनमतका रामशंकर महासेठ (अन्य)

बागमती

कुल मतभार : १०,३३३
गठबन्धन : ६,७३२ । एमाले : २,५७१ । राप्रपा : ७०८ । नेमकिपा : १९७ । हा.ने. : १०६ । स्वतन्त्र : १९

	गठबन्धन	एमाले
महिला	विष्णुदेवी पुडासैनी (कांग्रेस)	रोचकुमारी चौलागाईं
अन्य	जितजंग बस्नेत (कांग्रेस)	त्रिलोचन निर्मल पौडेल
अपांगता/ अल्पसंख्यक	श्रीकृष्ण अधिकारी (माओवादी)	विवेक देवकोटा
दलित	घनश्याम रिजाल (ए.समाजवादी)	ध्रुवराज विश्वकर्मा

राप्रपाबाट बालकुमारी डल्लाकोटी (महिला), हेमजंग गुरुङ (अन्य), भरतमणि भट्ट (अपांगता/अल्पसंख्यक)

नेमकिपाबाट कृष्णलक्ष्मी दुवाल (महिला), श्रीकृष्ण महर्जन (अन्य), हिमालयश्वरलाल मुल (अपांगता/अल्पसंख्यक), संगीता नेपाली (दलित)

गण्डकी

कुल मतभार : ६,४१०
गठबन्धन : ३,७७४ । एमाले : २,४५८ । राप्रपा : १०६ । स्वतन्त्र : ७२

	गठबन्धन	एमाले
महिला	मनरूपा शर्मा सुवेदी (माओवादी)	सम्झना देवकोटा
अन्य	किरणबाबु श्रेष्ठ (कांग्रेस)	चक्रबहादुर पराजुली
अपांगता/ अल्पसंख्यक	पदमबहादुर परियार (कांग्रेस)	हेमन्द्र शेरचन

राप्रपाबाट गौमाया श्रेष्ठ (महिला), रोमबहादुर भण्डारी (अन्य)

लुम्बिनी

कुल मतभार : ८,७५३
गठबन्धन : ५,३१८ । एमाले : २,८१० । जनमत : १५९ । राप्रपा : २६९ । जपपा : ३८ । स्वतन्त्र : १५९

	गठबन्धन	एमाले
महिला	विष्णुकुमारी सापकोटा (कांग्रेस)	तुलसाकुमारी केसी
अन्य	झक्कुप्रसाद सुवेदी (माओवादी)	झपेन्द्रबहादुर घर्ती क्षेत्री

राप्रपाबाट विजयालक्ष्मी सिंह (महिला), निरन्जनकुमार थापा (अन्य)
जनमतबाट बालगोविन्द चौधरी (अन्य)

कर्णाली

कुल मतभार : ५,०८४
गठबन्धन : ३,६६९ । एमाले : १,१९५ । राप्रपा : ५३ । स्वतन्त्र : १६७

	गठबन्धन	एमाले
महिला	सावित्री मल्ल (ए.समाजवादी)	विमलाकुमारी शाही
अन्य	कृष्णबहादुर रोकाय (कांग्रेस)	डिल्लीप्रसाद भट्ट
दलित	विष्णु विक (माओवादी)	हिक्मत विक

सुदूरपश्चिम

कुल मतभार : ६,१३४
गठबन्धन : ४,४५७ । एमाले : १,४८० । राप्रपा : ५३ । स्वतन्त्र : ११०

	गठबन्धन	एमाले
महिला	रेनु चन्द (माओवादी)	सावित्रादेवी घिमिरे
अन्य	बलदेव बोहरा (कांग्रेस)	ईश्वरीप्रसाद खरेल
अपांगता/ अल्पसंख्यक	नारायणदत्त भट्ट (कांग्रेस)	रामचन्द्र जोशी

■ चुनावपछि राष्ट्रिय सभामा दलहरूको हैसियत फेरिँदै

पहिलो दल एमाले तेस्रो, माओवादी पहिलो र कांग्रेस दोस्रो बन्दै



यो निर्वाचनपछि राष्ट्रिय सभामा दलहरूको हैसियतमा फेरबदल आउने भएको छ। हाल पहिलो दल एमाले तेस्रोमा खुम्चिने भएको छ भने दोस्रो दल माओवादी पहिलो र तेस्रो दल कांग्रेस दोस्रो स्थानमा पुग्दै छ।


अहिले राष्ट्रपतिबाट मनोनीतसहित एमालेका १८ सांसद छन्। मनोनीतसहित नौजनाको पद रिक्त हुँदै छ। निर्वाचन आयोगले सार्वजनिक गरेको मतभारअनुसार सत्तागठबन्धनका सबै उम्मेदवार विजयी हुने निश्चितजस्तै छ। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले मनोनीत गर्ने एक सिट पनि एमालेको हुनेछैन। त्यस्तो अवस्थामा एमाले नौ सिटमा खुम्चिँदै तेस्रो स्थानमा पुग्नेछ ।

राष्ट्रपतिबाट मनोनीतसहित अहिले माओवादीका १६ सांसद छन्। २१ फागुनबाट तीन सांसद बिदा हुँदै छन्। तर, यो निर्वाचनबाट ६ सांसद थपिँदै राष्ट्रिय सभामा कुल संख्या १९ पुग्दै छ। त्यस्तै, कांग्रेसका अहिले १० सांसद छन्। चार सांसदको पद रिक्त हुँदै छ। निर्वाचनपछि १० सांसद थपिँदै छन्। कुल संख्या १६ पुग्दै छ।

एकीकृत समाजवादीका अहिले आठ सांसद छन्। दुईजनाको पद रिक्त हुँदै छ भने दुईजना नै उम्मेदवार छन्। त्यस्तै, जसपाका तीन सांसद छन्। एक सांसदको पद रिक्त हुँदै छ भने एकजना नै थपिँदै छन्। ५९ सदस्यीय राष्ट्रिय सभामा लोसपा, जनमोर्चा, स्वतन्त्र र राष्ट्रपतिबाट मनोनीत एक-एक सांसद छन्।

नेपालमा पनि भेटियो कोभिडको नयाँ भेरियन्ट जेएन.वान

नयाँ पत्रिका



पछिल्लो समय विश्वभर फैलिइरहेको ओमिक्रोनको नयाँ सबभेरियन्ट जेएन.वान नेपालमा पनि पुष्टि भएको छ। देशका विभिन्न भागबाट संकलन गरिएका १६ वटा पिसिआर तथा एन्टिजेन पजिटिभ नमुना परीक्षण गर्दा सात नमुनामा जेएन.वान देखिएको हो।

छिमेकी भारतमा जेएन.वान धेरै फैलिएपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले नमुना परीक्षण गरेको थियो। नयाँ भेरियन्ट पुष्टि भएपछि स्वास्थ्य मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै सीमा प्रवेश विन्दुमा स्क्रिनिङ र निगरानी बढाउन हेल्थ डेस्क र स्वास्थ्य कार्यालयलाई निर्देशन दिएको जनाएको छ। स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूलाई पनि उपचार व्यवस्थापनको तयारीका लागि मन्त्रालयले आग्रह गरेको छ।

संक्रमण र संक्रमणको फैलावट रोक्न भिडभाडमा नजान, भौतिक दूरी कायम गर्न, मास्क प्रयोग गर्न र साबुनपानीले हात धुनेलगायतका स्वास्थ्य मापदण्ड अनिवार्य रूपमा पालना गर्न-गराउन पनि सम्बन्धित निकायलाई जानकारी गराइएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताएका छन्। 'कोभिडविरुद्धको खोप नलगाएका व्यक्ति, गर्भवती, दीर्घरोगी र अन्य विभिन्न कारणले प्रतिरोधी क्षमता कम भएका व्यक्ति संक्रमणको जोखिममा छन्। छिमेकी मुलुकमा पनि अहिलेको भेरियन्टले संक्रमण बढाइरहेकाले फेरि संक्रमण फैलिन नदिन सचेत हुनुपर्ने समय आएको छ,' प्रवक्ता बुढाथोकीले भने।

गत सेप्टेम्बरमा अमेरिकामा पहिलोपटक देखिएको जेएन.वान पछिल्लोपटक महामारीको रूप लिएको ओमिक्रोनको सबभेरियन्ट हो। सुरुवाती दुई महिना संक्रामक नदेखिए पनि डिसेम्बरपछि यो भाइरस तीव्र रूपमा फैलिन थालेको हो। वृद्धवृद्धामा जोखिम मानिएको जेएन.वान पछिल्ला अन्य भेरियन्टहरूको तुलनामा संक्रामक मानिए पनि अस्पताल भर्नादर र मृत्युदर भने निकै न्यून छ।

जेएन.वान हाल भारत, चीन, सिंगापुर, इन्डोनेसिया, फिलिपिन्स, मलेसियालगायत देशमा तीव्र रूपमा फैलिइरहेको छ। यसबाहेक अमेरिका, क्यानडा, अस्ट्रेलिया र युरोपियन देश डेनमार्क, स्पेन, बेल्जियम, फ्रान्स, नेदरल्यान्डमा बढिरहेको छ। पछिल्लो समयमा सार्स संक्रामक रोगमध्ये सबैभन्दा बढी प्रभावित गरिरहेको 'जेएन.वान' पनि रहेको इन्फ्लुएन्जा डाटा साझा गर्ने ग्लोबल डाटाबेस ग्लोबल इनिसिएटिभले देखाएको छ।

हाल अमेरिकामा सबैभन्दा बढी फैलिइरहेका कारण सिडिसीले निरन्तर यसको असरबारे निरीक्षण गरिरहेको जनाएको छ। सिडिसीका अनुसार जेएन.वान भाइरस संक्रमणका लक्षणसमेत अन्य कोभिडसँग मिल्दाजुल्दा छन्।

१७ करोड अपचलन गरेको आरोपमा डिडिसीका महाप्रबन्धक झा जिम्मेवारीमुक्त



सञ्जीव झा

अजित अधिकारी / नयाँ पत्रिका

दूध बेचेको करिब १७ करोड रुपैयाँ संस्थानमा दाखिला नगरी व्यक्तिगत प्रयोजनमा खर्च गरेकोसहित विभिन्न १० आरोपमा दुग्ध विकास संस्था (डिडिसी)का महाप्रबन्धक सञ्जीव झालाई सरकारले जिम्मेवारीबाट हटाएको छ। कृषिमन्त्री डा. बेदुराम भुसालको निर्देशनमा सोमबार झालाई जिम्मेवारीमुक्त गरी मन्त्रालय तानिएको हो।

झालाई जिम्मेवारीमुक्त गरी मन्त्रालय तानिएको पत्र सोमबार प्राप्त भएको डिडिसीको सञ्चालक समिति अध्यक्ष डा. बेदबहादुर क्षेत्रीले पुष्टि गरे। 'मलाईसमेत बोधार्थ दिएर डिडिसीका महाप्रबन्धक सञ्जीव झालाई मन्त्रालय तानिएको पत्र आज (सोमबार) दिउँसो प्राप्त भएको छ,' क्षेत्रीले भने, 'उहाँ आएदेखि संस्थान घाटामा थियो भने जिम्मेवारीअनुसारको उत्तरदायित्व बहन गर्ने क्षमतामा पनि कमजोरी रहेको हामीले पाएका छौं।'

अब आरोपमाथि अनुसन्धान गरी झामाथि कारबाही प्रक्रिया अघि बढ्नेछ। विगतमा डिडिसीले क्षेत्रीय कार्यालयबाटै दूध खरिद तथा बिक्रीको रकम संकलन र भुक्तानी गर्दै आएकोमा झा आएयता सबै रकम केन्द्रीय कार्यालयमै संकलन र यतैबाट भुक्तानी गर्दै आएका थिए। जसकारण नियमित प्रणालीमा दूध बिक्री गरेको १७ करोड रुपैयाँ दाखिला भएको नदेखिएको मन्त्रालय स्रोतले जानकारी दियो। 'करिब दुई वर्षको अवधिमा दूध बेचेको करिब १७ करोड रुपैयाँ संस्थानमा दाखिला भएको देखिएन। यसबारे सोधीखोजी गर्दा सन्तोषजनक जवाफसमेत नआएको र झाले अपचलन गरेको आशंका देखिएपछि उनलाई जिम्मेवारीमुक्त गरी मन्त्रालय तानिएको हो,' स्रोतले भन्यो।

१४ चैत ०७८ मा नियुक्त भएका झा सुरुवातदेखि नै आर्थिक अपचलनमा क्रियाशील भएका कारण संस्थानले उनको कार्यकालको दुवै वर्ष नोक्सानी खेपेकोसमेत आरोप लाग्दै आएको छ। डिडिसी ०७८/७९ मा ३७ करोड र ०७९/८० मा ६० करोड रुपैयाँ नोक्सानीमा गएको छ। 'दुवै वर्ष संस्थान घाटामा जानुमा महाप्रबन्धक झाको कार्यशैली मुख्य जिम्मेवार रहेको मन्त्रालयको बुझाइ छ,' स्रोतले भन्यो।

» पृष्ठ २ मा क्रमशः

■ झामाथि लागेका आरोप

● **दूध बिक्री गरेको १७ करोड रुपैयाँ संस्थानमा दाखिला नगरी व्यक्तिगत प्रयोजनमा खर्चेको**

● लिलामीमा राखिएका पुराना सवारीसाधनको इन्जिन बेचेर रकम अपचलन गरेको

● पाउडर दूध गोदाममा थन्क्याएर भारतबाट कच्चा दूध किन्न लबिइङ गरेको

● बक्यौता नतिरेसम्म कर्मचारीको अतिरिक्त सुविधा कटौती गर्न दिएको निर्देशन कार्यान्वयन नगरेको

● **किसानको ८५ करोड रुपैयाँ बक्यौता तिर्न आलटाल गरेको**

● आर्थिक लाभ लिएर कर्मचारीको सरुवा-बढुवा गरेको

● निरन्तर अख्तियारको छानबिनमा परेको

● पोखरा र सुर्खेतमा बजार विस्तारको योजना बनाउन नसकेको

● सवारीसाधन र इन्धनको प्रयोगमा अर्थ मन्त्रालयको परिपत्रअनुसार मितव्ययी नभएको

● महाप्रबन्धकको नियुक्ति लिएयता पहिलो वर्ष ३७ करोड र दोस्रो वर्ष ६० करोड संस्थान घाटामा गएको

स्थायी बसोवास गर्ने गरी एक वर्षमै बिदेसिए ७१ हजार नेपाली

पवन तिमिल्सिना / नयाँ पत्रिका

सन् २०२३ मा स्थायी बसोवास गर्ने गरी ७१ हजार नेपाली बिदेसिएका छन्। अध्यागमन विभागले सोमबार जारी गरेको तथ्यांकअनुसार सन् २०२३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थायी बसोवास गर्ने गरी ७० हजार नौ सय १५ नेपाली बिदेसिएका छन्। स्थायी बसोवासका लागि विदेश जानेमा ३६ हजार ६ सय ६३ पुरुष र ३४ हजार दुई सय ५१ महिला छन्।

विभागका अनुसार यस अवधिमा देश छाड्ने नेपालीको संख्या १६ लाख तीन हजार आठ सय ३६ छ। जसको ४.४२ प्रतिशत नेपाली स्थायी बसोवास गर्ने उद्देश्यले बाहिरिएका हुन्। खाडी मुलुकबाहेक युरोप, अमेरिका, अस्ट्रेलियालगायतका देश जाने नेपालीको मूल उद्देश्य नै स्थायी बसोवासका लागि हुने गरेको विभागका महानिर्देशक रुद्रसिंह तामाङले जानकारी दिए। यसमा डाइभर्सिटी भिसा (डिभी) परेर, ग्रिनकार्ड लिएर र स्थायी आवासको अनुमति (पिआर) लिएर बाहिरिने गरेको उनको भनाइ छ। 'पर्यटन, अध्ययन जे भने पनि यताबाट गएका नेपाली

» पृष्ठ २ मा क्रमशः

एक वर्षमा देश छाड्ने नेपालीको संख्या १६ लाख तीन हजार आठ सय ३६



● **रुद्रसिंह तामाङ**, महानिर्देशक, अध्यागमन विभाग

पर्यटन, अध्ययन जे भने पनि यताबाट गएका नेपाली नागरिकले विदेश पुगेपछि स्थायी बसोवासका लागि पहल गर्ने गरेका छन्। खाडी मुलुक जाने नेपाली मात्रै फर्किने गर्छन्। हाम्रो तथ्यांकले नेपालबाट बाहिरिँदा उनीहरूले खुलाएको प्रयोजनलाई मात्रै आधार मानेको छ।

■ नेपालीको प्रमुख गन्तव्य युएई, छैटौंमा अस्ट्रेलिया

सन् २०२३ मा विदेश जाने नेपाली नागरिकको प्रमुख गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई) बनेको छ। यो अवधिमा दुई लाख ७१ हजार ८८ जना नेपाली युएई गएका छन्। दोस्रो गन्तव्य मुलुक भारत र तेस्रोमा कतार छ। एक लाख ८० हजार नेपाली भारत र एक लाख ७९ हजार चार सय ४१ जना कतार गएका छन्। मलेसिया जाने नेपालीको संख्या एक लाख ६५ हजार दुई सय एकजना पुगेको छ। एक लाख ३६ हजार दुई सय तीनजना साउदी अरब पुगेका छन्। एक लाख पाँच हजार तीन सय ४३ जना अस्ट्रेलिया गएको विभागको तथ्यांकले देखाएको छ। सातौं प्रमुख गन्तव्यमा जापान छ, जहाँ ८२ हजार सात सय ७२ नेपाली गएका छन्। अमेरिका जानेको संख्या ६७ हजार आठ सय १० र बेलायत जाने ५३ हजार चार सय एकजना छन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

अब राजनीतिक रंग पखालेर मात्रै त्रिवि उपकुलपति

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले राजनीतिक सम्बन्धका आधारमा त्रिभुवन विश्वविद्यालयको उपकुलपति बन्ने अभ्यासको अन्त्य गरेको छ। त्रिवि उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले दलको सदस्यता नरहेकोलगायत मापदण्ड पूरा गरेका व्यक्ति मात्रै उपकुलपति बन्न योग्य हुने कार्यविधि बनाएको हो।

कार्यविधिमा भनिएको छ, 'स्नातकोत्तर तह वा सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, प्राध्यापक पदमा नियुक्त भएको नियुक्तिपत्रको प्रतिलिपि, विश्वविद्यालय वा प्रतिष्ठानको पदाधिकारी वा कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा सोसरहका उच्च शैक्षिक संस्थामा वा निकायको प्रशासनिक वा व्यवस्थापकीय पदमा अनुभव हासिल गरेको भए सोको प्रतिलिपि, प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरूमा काम गरेको भए सोको विवरण तथा प्रमाणपत्रको प्रतिलिपि, बढीमा तीन हजार शब्द रहेको विश्वविद्यालयसम्बन्धी सोचपत्र र बढीमा पाँच हजार शब्दभित्र त्रिविसम्बन्धी चारवर्षे व्यावसायिक कार्ययोजना, हाल कुनै राजनीतिक दलको सदस्य नरहेको स्वघोषणा पत्रलगायत योग्यता भएको व्यक्ति उपकुलपतिका लागि योग्य मानिनेछ।'

यी योग्यता पुग्ने व्यक्तिले १५ दिनभित्र कार्यालय समयमा दरखास्त दिन पाउने सूचना समितिले सोमबार जारी गरेको छ। यससम्बन्धी कार्यविधि तथा मापदण्ड शिक्षा मन्त्रालयको वेबसाइटमा राखिएको छ। यसअघि शुक्रबार जारी गरिएको सूचनाको विरोध भएपछि समितिले मापदण्ड परिमार्जित गरेर अर्को सूचना सार्वजनिक गरेको हो।

अघिल्लो सूचनाको 'ङ' नम्बर बुँदामा 'विश्वविद्यालय पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको व्यहोरा खुलेको विवरण तथा प्रमाणित प्रतिलिपि' भन्ने वाक्य उल्लेख थियो। त्यस वाक्यले रजिस्ट्रार, रेक्टरलगायत तीनजनाले मात्रै दरखास्त हाल्न पाउने व्यवस्था गरेको र राजनीतिक रूपमा उपकुलपति नियुक्ति गर्न लागिएको भन्दै आलोचना भएको थियो। तीनजनाले मात्रै दरखास्त दिन पाउने प्रावधानले पूर्वपदाधिकारीहरू मात्रै प्रतिस्पर्धाका निम्ति योग्य हुने र त्यसले मेरिटोक्रेसीमा सिन्डिकेट लगाउनेमा आफ्नो चासो रहेको बताउँदै त्रिविका कुलपतिसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सक्षम र योग्य मान्छे आउने बाटो सम्पूर्ण रूपले खुला गरी अर्को विज्ञापन खोल्न शिक्षा मन्त्रालयमार्फत समितिलाई निर्देशनसमेत दिएका थिए। त्यसलगत्तै दरखास्त आह्वानसम्बन्धी सूचना रद्द गर्दै सोमबार नयाँ दरखास्त आह्वानसम्बन्धी सूचना जारी भएको हो।

शिक्षाविद् केदारभक्त माथेमा त्रिविका उपकुलपति नियुक्त गर्दा समग्र पक्षलाई ध्यान दिनुपर्ने बताउँछन्। उपकुलपतिको अधिकार र टिम फराकिलो भए मात्रै उसले काम गर्न सक्ने माथेमाको बुझाइ छ। 'उपकुलपति मात्रै राम्रो भएर हुँदैन, एकमत बोकेको टिम चाहिन्छ र अधिकार पनि फराकिलो हुनुपर्छ,' उनले भने, 'त्रिविलाई सुधारको बाटोमा लैजान सरकार मात्रै होइन, सबै राजनीतिक दलको प्रतिबद्धता चाहिन्छ।'

अघिल्लो सूचनामा प्रशासनिक अनुभव भएकालाई मात्र दरखास्त दिन पाउने भनिए पनि सोमबार जारी सूचनामा सो विषय हटाइएको छ। प्रशासनिकभन्दा पनि अध्ययन, अध्यापन तथा अनुसन्धानलाई बढी मान्यता दिनुपर्ने माथेमाको भनाइ छ। 'प्रधानमन्त्रीज्यूमा गम्भीरता देखिएको छ, तर उहाँको आकांक्षा नियुक्ति गर्ने निकायले बुझेको छ कि छैन भन्ने कुरा पनि महत्त्वपूर्ण छ,' माथेमाले भने, 'त्रिविको उपकुलपतिमा प्राज्ञिक संस्था हाँक्न सक्ने क्षमता, भिजन र हुटहुटीका साथै कोर टिम चाहिन्छ।'

शिक्षाविद् विद्यानाथ कोइरालाले उपकुलपति नियुक्ति पारदर्शी बनाउन आवश्यक रहेको बताउँदै यसमा सरकार र राजनीतिक दलहरूले हस्तक्षेप तथा कुनै षड्यन्त्र गर्न नहुने बताए। 'विगतमा पनि उपकुलपति नियुक्ति गर्ने सूचना जारी हुन्थ्यो, तर यसपटक अलि बढी चर्चामा छ, यस हिसाबमा केही पारदर्शी होला कि भन्ने आशा छ,' उनले भने, 'तर, यसपटक पनि औपचारिकता पूरा गरेजस्तो नहोस्।'

१९ सिट...

पृष्ठ १ बाट क्रमशः

६ वर्षे कार्यकाल प्राप्त गरेका सांसदको पदावधि सकिन लागेको हो। कोशीमा महिला र अन्य क्लस्टरमा एक-एक, मधेशमा पनि महिला र अन्यमा एक-एक, बागमतीमा महिला, दलित, अल्पसंख्यक र अन्य क्लस्टरमा एक-एक गरी चार, गण्डकीमा महिला, अल्पसंख्यक र अन्यमा एक-एक गरी तीन, लुम्बिनीमा महिला र अन्यमा एक-एक, कर्णालीमा महिला, दलित र अन्यमा एक-एक गरी तीन तथा सुदूरपश्चिममा महिला, अल्पसंख्यक र अन्यमा एक-एक गरी तीन सिट खाली हुँदै छन्।

आठ दलबाट सातै प्रदेशमा महिला समूहतर्फ १८, दलिततर्फ पाँच, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायतर्फ आठ र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ जनाको मनोनयन दर्ता भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए। उनका अनुसार कोशीमा महिलातर्फ दुई र अन्य समूहका लागि तीन गरी पाँचजनाको उम्मेदवारी परेको छ। मधेशमा पनि महिलातर्फ दुई र अन्यमा तीन गरी पाँचजनाकै उम्मेदवारी छ।

बागमतीमा महिला कोटामा चार, दलितमा तीन, अपांगता भएका व्यक्ति वा अल्पसंख्यक समुदायमा चार र अन्यमा चार गरी १५ जनाको उम्मेदवारी परेको छ। गण्डकीमा महिलामा तीन, अपांगता भएका व्यक्ति वा अल्पसंख्यकमा दुई र अन्यमा तीन गरी आठ उम्मेदवार छन्। लुम्बिनीमा महिलातर्फ तीन र अन्यमा चारजनाको उम्मेदवारी परेको छ। त्यस्तै, कर्णालीमा महिलातर्फ दुई, दलितमा दुई र अन्यमा दुई गरी ६ जना तथा सुदूरपश्चिममा महिलामा दुई, अपांगता भएका व्यक्ति वा अल्पसंख्यकमा दुई र अन्यमा दुई गरी ६ जनाको उम्मेदवारी परेको आयोगले जनाएको छ।

प्रक्रिया पूरा गरेर २७ पुसमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने आयोगका प्रवक्ता पौडेलले बताए। 'आयोगबाट स्वीकृत निर्वाचन कार्यक्रमअनुसार २४ पुसमा उम्मेदवारको विरोधमा उजुरी दिने, २५ र २६ पुसमा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ गरी नामावली प्रकाशित गर्ने, २७ पुसमा उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र २८ पुसमा उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुनेछ,' उनले भने।

फागुन २० मा पदावधि सकिनेहरू

आगामी २० फागुनमा पदावधि सकिन लागेका २० सांसद ०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेका हुन्। जसमा एमालेबाट निर्वाचित राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा (पार्वती), इन्दु कडरिया, कुमार दसौँदी, दीपा गुरुङ, नरपति लुहार र रामचन्द्र राई छन्। कांग्रेसबाट संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देव छन्। त्यस्तै, माओवादीबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी, एकीकृत समाजवादीबाट भौतिक योजना राज्यमन्त्री नन्दा चपाईं र सिंहबहादुर विश्वकर्मा र जसपाबाट शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादवको पनि पद रिक्त हुँदै छ। राष्ट्रपतिबाट मनोनीत एमालेकी विमला राई पौड्याल र स्वतन्त्र सदस्य खिमलाल देवकोटा पनि कार्यकाल सकेर बिदा हुँदै छन्।

कोशीमा दुई सिटका लागि पाँचको उम्मेदवारी

राष्ट्रिय सभा निर्वाचनमा दुई सिटका लागि कोशीमा पाँचजनाको उम्मेदवारी परेको छ। महिलामा सत्तागठबन्धनबाट माओवादीकी चम्पादेवी कार्की र एमालेबाट रुकमिणी कोइरालाको उम्मेदवारी दर्ता भएको छ। यस्तै, अन्यमा गठबन्धनबाट कांग्रेसका कृष्णप्रसाद सिटौला, एमालेका पर्शुराम अधिकारी र राप्रपाका उद्धव पौडेलले उम्मेदवारी दिएको प्रदेश निर्वाचन कार्यालय मोरङले जनाएको छ। कोशीमा प्रदेश सभाका ९३ सांसदको चार हजार ९२९ र दुई सय ७४ स्थानीय तहका पाँच हजार २०६ गरी कुल दश हजार १३५ मतभार छ

मधेशमा एमालेका उम्मेदवारको मतदाता सूचीमै नाम फेला नपरेपछि फेरिए उम्मेदवार

एमालेले मधेशमा अन्य समूहमा अर्जुनसिंह राजपुतलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो। तर, उम्मेदवारी दर्ता गराउन जनकपुरधाम पुग्दा उनको मतदाता नामावलीमा नामै भेटिएन। त्यसपछि उनको स्थानमा एमालेले विजेता झालाई उम्मेदवार बनाएको छ। यो समूहमा सत्तागठबन्धनबाट कांग्रेसका आनन्द ढुंगाना र जनमतका रामशंकर महासेठले उम्मेदवारी दिएका छन्। त्यस्तै, महिलामा गठबन्धनबाट जसपाकी पूजा चौधरी र एमालेबाट उषादेवी थरुनीले उम्मेदवारी दिएका छन्।

बागमतीमा चार सिटका लागि १६ जना प्रतिस्पर्धामा

बागमतीमा चार सिटका लागि १६ जनाको उम्मेदवारी परेको छ। सत्तागठबन्धका तर्फबाट महिलामा कांग्रेसकी विष्णुकुमारी पुडासैनी र अन्यमा जितजंग बस्नेत, अपांगता/अल्पसंख्यकमा माओवादीका श्रीकृष्ण अधिकारी र दलितमा एकीकृत समाजवादीका घनश्याम रिजाल विश्वकर्माले मनोनयन दर्ता गराए। एमालेबाट महिलामा रोचकुमारी चौलागाईं, अन्यमा त्रिलोचन निर्मल पौडेल, अपांगता/अल्पसंख्यकमा विवेक देवकोटा र दलितमा ध्रुवराज विश्वकर्माको उम्मेदवारी परेको छ।

त्यस्तै, राप्रपाबाट अन्यमा हेमजंग गुरुङ, महिलामा नानु नगरकोटी, अपांगता/अल्पसंख्यकमा भरतमणि भट्ट र दलितमा पूर्णबहादुर विश्वकर्मा तथा नेमकिपाबाट महिलामा कृष्णलक्ष्मी दुवाल, अपांगता/अल्पसंख्यकमा हिमालयश्वर मुल, अन्यमा श्रीकृष्ण महर्जन र दलितमा संगीता नेपालीले उम्मेदवारी दिएका छन्।

गण्डकीमा आठजनाको उम्मेदवारी

गण्डकीमा तीन सदस्यका लागि आठजनाको उम्मेदवारी परेको छ। सत्तागठबन्धनबाट अन्यमा कांग्रेसका किरणबाबु श्रेष्ठ, अपांगता/अल्पसंख्यकमा पदमबहादुर परियार तथा महिलामा माओवादीकी मनरूपा शर्माले मनोनयन दर्ता गराएका छन्। एमालेबाट अन्यमा चक्रबहादुर पराजुली, अपांगता/अल्पसंख्यकमा हेमन्त शेरचन र महिलामा सम्झना देवकोटाको उम्मेदवारी परेको छ। राप्रपाबाट अन्यमा रोमबहादुर भण्डारी र महिलामा गौमाया श्रेष्ठले उम्मेदवारी दिएका छन्।

लुम्बिनीबाट दुई सिटका लागि सातको उम्मेदवारी

लुम्बिनीमा दुई सिटका लागि सातजनाको उम्मेदवारी परेको छ। गठबन्धनबाट महिलामा कांग्रेसकी विष्णुकुमारी सापकोटा र अन्यमा माओवादीका झक्कुप्रसाद सुवेदीले उम्मेदवारी दर्ता गराएका छन्। एमालेबाट अन्यमा झपेन्द्रबहादुर घर्ती क्षेत्री र महिलामा तुलसाकुमारी केसी, राप्रपाबाट महिलामा विजयालक्ष्मी सिंह र अन्यमा निरञ्जनकुमार थापा र जनमतबाट अन्यमा बालगोविन्द चौधरीको उम्मेदवारी परेको छ।

कर्णालीमा ६ जनाको उम्मेदवारी

कर्णालीमा तीन सिटका लागि ६ जनाको उम्मेदवारी परेको छ। गठबन्धनबाट महिलामा एकीकृत समाजवादीकी सावित्री मल्ल, दलितमा माओवादीका विष्णु विक 'विकल्प' र अन्यमा कांग्रेसका कृष्ण रोकायाले उम्मेदवारी दिएका छन्। एमालेले महिलामा हुम्लाकी विमलाकुमारी शाही, अन्यमा मुगुका डिल्लीप्रसाद भट्ट र दलितमा हिक्मत विकलाई उम्मेदवार बनाएको छ।

सुदूरपश्चिममा तीन सदस्यका लागि ६ जनाको उम्मेदवारी

सुदूरपश्चिममा तीन राष्ट्रिय सभा सदस्यका लागि ६ जनाको उम्मेदवारी परेको छ। गठबन्धनबाट महिलामा माओवादीकी रेनु चन्द, अपांगता/अल्पसंख्यकमा कांग्रेसका नारायणदत्त भट्ट र अन्यमा कांग्रेसकै बलदेव बोहराको उम्मेदवारी परेको छ। एमालेबाट महिलामा सावित्रादेवी घिमिरे, अन्यमा ईश्वरीप्रसाद खरेल र अपांगता/अल्पसंख्यकमा रामचन्द्र जोशीले उम्मेदवारी दर्ता गराएका छन्।

काठमाडौं जेसिसको नवनिर्वाचित कार्यसमितिले गर्‍यो पदभार ग्रहण

काठमाडौं/ काठमाडौं जेसिसको नवनिर्वाचित कार्यसमितिले पदभार ग्रहण गरेको छ। १६ मंसिरको साधारणसभाबाट निर्वाचित अध्यक्ष एन्जिला खड्कासहितको कार्यसमितिले आइतबार एक समारोहबीच पदभार सम्हालेको हो।

काठमाडौं जेसिसको ५४ वर्षे इतिहासमा महिलाको नेतृत्व यो दोस्रोपटक हो। पाँच सय युवाको सहभागितामा चन्डोलमा भएको कार्यक्रममा प्रमुख अतिथि सभामुख देवराज घिमिरे र विशिष्ट अतिथि परराष्ट्रमन्त्री एनपी साउदले हरेक तहमा युवा महिला नेतृत्वमा पुग्नुपर्ने बताए। त्यस्तै, नवनिर्वाचित अध्यक्ष खड्काले देशबाट युवा पलायनको डरलाग्दो समस्या हल गर्न उद्यमशीलताको विकास र युवामैत्री वातावरण बन्नुपर्ने बताइन्। कार्यक्रममा अनाथ र मानसिक अवस्था कमजोर भएका व्यक्तिको उद्धारमा महत्त्वपूर्ण योगदान पुर्‍याएबापत नेपाल स्नेही काख फाउन्डेसनलाई सम्मान पनि गरिएको थियो।

१७ करोड...

पृष्ठ १ बाट क्रमशः

डिडिसीले किसानबाट दूध खरिद गरेको ८५ करोड रुपैयाँ बक्यौता तिर्नसमेत सक्रियता नदेखाएको झामाथि आरोप छ। उनलाई गत दसैंअगाडि नै सो बक्यौता तिर्न निर्देशन दिए पनि दसैं र तिहारमा विभिन्न अफर ल्याएर दूध धेरै बिक्री गर्ने र पैसा जम्मा गरेर किसानको रकम भुक्तानी गर्ने प्रतिबद्धता जनाएका थिए। तर, बक्यौता तिर्नुको साटो झन् वृद्धि भएको र सो रकम तिर्नुको सट्टा विभिन्न बहानाबाजी गरेको मन्त्रालयको भनाइ छ।

किसानको बक्यौता रकम तिर्न दबाब बढेपछि मन्त्री भुसालको उपस्थितिमा गत २२ मंसिरमा डिडिसीको बोर्ड बैठक राखिएको थियो। सो बैठकले पुराना सामान बिक्री गरी रकम जोहो गर्ने र किसानको बक्यौता तिर्दै जाने निर्णय गरेको थियो। तर, लिलामी गर्ने पुराना सवारीसाधनको सोधीखोजी गर्दा इन्जिन झिकेर बिक्री गरेको भेटिएको छ। 'सवारीसाधनको इन्जिन नै बिक्री गर्दासमेत महाप्रबन्धक झाले बेवास्ता गर्नु अनुशासनहीन काम हो,' स्रोतले भन्यो, 'यो कार्यमा उनको पनि संलग्नता रहेको आशंका छ।'

सोही बैठकले किसानको बक्यौता चुक्ता नभएसम्म कर्मचारीले प्राप्त गर्ने नियमित तलब-सुविधा तथा अत्यावश्यक खर्चबाहेकका अतिरिक्त सुविधालाई तत्कालका लागि स्थगन राख्ने निर्णय गरे पनि कार्यान्वयन नगरेको आरोप लगाइएको छ। त्यस्तै, पोखरा र सुर्खेतमा बजार विस्तार गर्ने कार्ययोजना १५ पुसभित्र तयार गरी मन्त्रालयमा पेस गर्न दिएको निर्देशनसमेत झाले अटेर गरेको स्रोतको भनाइ छ। उनले सुशासन कायम गर्न नसक्दा अख्तियारले चार-पाँच विषयमा अहिले छानबिन गरिरहेको र यसबाट संस्थानको छविमा आँच पुगेको, अर्थ मन्त्रालयको परिपत्रअनुसार इन्धन र सवारीसाधन प्रयोगमा मितव्ययी नभएको र कर्मचारीको सरुवा-बढुवामा समेत आर्थिक लाभ लिने गरेको आरोप लगाइएको छ।

त्यस्तै, गत वैशाखमा महाप्रबन्धक झाले दूध उत्पादन कम भएको भन्दै भारतबाट कच्चा दूध आयातका लागि मन्त्रालयमा लिखित प्रस्ताव गरेका थिए। तर, सञ्चालक समितिले हालै गरेको एक अध्ययनमा जेठमा किसानबाट संकलन भएको दूध बिक्री नभई पाउडर बनाएर गोदाममा थन्क्याएर राखेको पत्ता लागेको छ। 'कमिसनका लागि भारतबाट कच्चा दूध ल्याउन मन्त्रालयमा प्रस्ताव पेस गरेको प्रारम्भिक अनुमान छ। नत्र जेठमा गोदाममा धुलो दूध मौज्दात नहुनुपर्ने हो,' स्रोतले भन्यो, 'आशंका गरिएका सबै विषयमा अब विस्तृत छानबिन हुनेछ।' यस विषयमा बुझ्न निलम्बित महाप्रबन्धक झालाई पटक-पटक फोन गर्दा पनि उठाएनन् भने म्यासेजको रिप्लाई गरेनन्।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय खोलेसिमल, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०९/२४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा खोलेसिमल, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ १० गते बुधबार**का दिन शाखा कार्यालय खोलेसिमल, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरूले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरणः

पूर्ण वहादुर परियार/पार्वती परियारको छोरी, एक बहादुर परियार/रेखा परियारको बुहारी, कुमार परियारको पत्नी, गोरखा जिल्ला, बक्राङ गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०८ बस्ने **कल्पना परियार** (ना.प्र.नं. २०५११/तनहुँ, जारी मिति २०५३/०५/१३, जिल्ला प्रशासन कार्यालय तनहुँ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. धन बहादुर परियारको नाति, एक बहादुर परियार/रेखा परियारको छोरा, कल्पना परियारको पति, गोरखा जिल्ला, शहिद लखन गा.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०८ बस्ने **कुमार परियार** (ना.प्र.नं. ३३/३४७००, जारी मिति २०४९/०४/२३, जिल्ला प्रशासन कार्यालय गोरखा)।
२. एक बहादुर परियार/रेखा परियारको नातिनी, कुमार परियार/कल्पना परियारको छोरी, गोरखा जिल्ला, शहिद लखन गा.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०८ बस्ने **सबिना मानवी** (ना.प्र. नं. ४४-०१-७५-००४४१, जारी मिति २०७५/०१/२३, जिल्ला प्रशासन कार्यालय गोरखा)।
३. एक बहादुर परियार/रेखा परियारको नातिनी, कुमार परियार/कल्पना परियारको छोरी, गोरखा जिल्ला, शहिद लखन गा.पा., वडा नं. ०१ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा., वडा नं. ०८ बस्ने **सजिना परियार** (ना.प्र.नं. ४४-०१-७४-०१९०४, जारी मिति २०७४/०३/१५, जिल्ला प्रशासन कार्यालय गोरखा)।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **कल्पना परियार**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, बडहरा गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २४ को क्षेत्रफल ०-०-१० (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ ०९ गते** भित्र बैंकको शाखा कार्यालय खोलेसिमल, चितवनमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय खोलेसिमल, चितवनबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० माघ १० गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय खोलेसिमल, चितवनमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय खोलेसिमल, चितवनमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ १० गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय खोलेसिमल, चितवन फोन नं. ०५६-४१३००४

मध्यपुर थिमि नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको भुलसुधार सम्बन्धि सूचना

नयाँ पत्रिका राष्ट्रिय दैनिकमा २०८०/०९/०४ गते प्रकाशित सूचनामा तपशिल बमोजिम हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएकोछ।

तपसिलः

१. सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र हुनुपर्नेमा अन्यथा भएको।
२. हाल सञ्चालनमा रहेको मध्यपुर थिमी ५ हुनुपर्नेमा अन्यथा भएको।

अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

जितवीर राईको नाति कृष्णबहादुर राईको छोरा जिल्ला खोटाङ लफ्याङ गा.वि.स वडा नं. १ हाल परिवर्तित ऐ. जिल्ला दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा नं. ५ बस्ने वर्ष ५६ को उदयबहादुर राई (ना.प्र.नं. १०३७/६११ मिति २०७०/१२/२० जि.प्र.का. खोटाङ) आगे मेरा नाममा ललितपुर जिल्ला मालपोत कार्यालयमा दर्ता एकलौटी श्रेस्ता कायम रहेको ललितपुर जिल्लाको बडिखेल १ग को कि.नं. ३६४ को जम्मा क्षेत्रफल ०-११-०-० जग्गा मिति २०७८/१०/१२ मा ललितपुर जिल्ला अदालतबाट जितवीर राईको नातिनी कृष्णबहादुर राईको छोरी जिल्ला खोटाङ लफ्याङ गा.वि.स. वडा नं. १ हाल परिवर्तित ऐ. जिल्ला दिक्तेल रुपाकोट मझुवागढी न.पा. ५ बस्ने वर्ष ४५ को लक्ष्मी राई (ना.प्र.नं. १४६ मिति २०५७/०८/२२ जि.प्र.का. खोटाङ) लाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम किनवेच गर्न अधिकृत वारेसनामा गरिदिएकोमा उक्त कार्य म आफैले गर्ने भएकाले उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि २०७४ को दफा १५५/१ग बमोजिम बदर गरेको यो सार्वजनिक सूचना प्रकाशित गरिदिएको छ।

Sindhujwala Hydropower Ltd.

सिन्धुज्वाला हाइड्रो पावर लिमिटेड
तीनकुने, काठमाडौं

विशेष साधारणसभा सम्बन्धी सूचना

तेस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०९/२४

यस सिन्धुज्वाला हाईड्रो पावर लिमिटेडको संचालक समितिको सम्बन्धमा नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट मिति २०७९/०१/०२ मा जारी भएको निर्देशन अनुसार यस कम्पनीको संस्थापक प्रथम संचालक समितिले उक्त निर्देशन बमोजिम बिशेष साधारणसभा बोलाई सोही निर्देशन बमोजिम संचालक समितिको निर्वाचन लगायतका कार्यहरु सम्पन्न गर्ने कानुनी दायित्व हुन आएकोले यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल गरि निर्णय गर्नुपर्ने भएकाले यहाँहरुको गरिमामय उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं।

तपशिल

विशेष साधारणसभा हुने मिति, समय र स्थान :

मिति : २०८० माघ २० गते।
समय : बिहान ९:०० बजे।
स्थान : स्काइ दरबार पार्टी प्यालेस, बग्गीखाना, सिंहदरबार, काठमाडौं।

प्रस्तावहरु :

१. संचालक समितिको निर्वाचन गरि बैधानिक संचालक समिति गठन गर्ने सम्बन्धमा।
२. स्वतन्त्र लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
३. स्वदेशी तथा विदेशी लगानि कर्ताबाट प्राप्त लगानी प्रस्ताव अनुमोदन गर्ने सम्बन्धमा।
४. विविध।

नोट :

१) निर्वाचन सम्बन्धी कार्यक्रम बिशेष साधारणसभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको कार्यालयमा प्रकाशित गरिने छ।
२) प्रोक्सी मिति माघ १७, २०८० सम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।
३) शेयरधनी महानुभावहरुले आफ्नो सक्कल शेयर प्रमाणपत्र वा साधारणसभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ।
४) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ।
५) विशेष साधारणसभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरुको हस्ताक्षरको लागी हाजिरी पुस्तिका बिहान ७:०० बजेदेखि नै खुल्ला गरिने छ।
६) यस साधारणसभामा एजेण्डाहरु थप गर्नु पर्ने भएकाले प्राविधिक कारणले गर्दा लगानी कर्ताको समीस्टिगत मूल्यांकन गरी निर्णयमा पुग्नुपर्ने भएको हुँदा यो साधारणसभा स्थगित गरी अर्को मितिमा सारिएको छ।
७) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

संस्थापक प्रथम संचालक समिति

स्थायी बसोवास...

पृष्ठ १ बाट क्रमशः

नागरिक उता गएपछि स्थायी बसोवासका लागि पहल गर्ने गरेका छन्। खाडी मुलुक जाने नेपाली मात्रै फर्किने गर्छन्,' उनले भने।

नेपाल छोडेर विदेश जानेमा महिलाभन्दा पुरुषको संख्या बढी देखिन्छ। सन् २०२३ मा चार लाख ३२ हजार पाँच सय ८४ जना महिला बाहिरिँदा ११ लाख ७१ हजार एक सय ८६ जना पुरुष बिदेसिएका छन्। सबैभन्दा बढी रोजगारीको सिलसिलामा पुरुष जनसंख्या बिदेसिएको विभागको तथ्यांकले देखाएको छ। वैदेशिक रोजगारमा सात लाख २३ हजार सात सय ८९ पुरुष र ८४ हजार ६ सय चारजना महिला बिदेसिएका छन्।

पुरुषको तुलनामा बढी महिला पारिवारिक भेटघाट र डिपेन्डेन्ट भिसामा विदेश जाने गरेको तथ्यांकले देखाएको छ। पारिवारिक र आफन्तजन भेटघाट प्रयोजनका लागि विदेश जाने महिलाको संख्या ९६ हजार ६ सय ७३ छ। ७० हजार आठ सय आठजना पुरुष विदेश गएका छन्। डिपेन्डेन्ट भिसामा विदेश जाने महिलाको संख्या १२ हजार पाँच सय २७ छ। पुरुषको संख्या आठ हजार ८६ छ। अस्थायी बसोवास गर्ने प्रयोजनले विदेश जाने नेपालीको संख्या ९२ हजार तीन सय ४९ छ। जसमा ५१ हजार आठ सय ७६ जना पुरुष र ४८ हजार पाँच सय ६२ जना महिला छन्।

विभागका अनुसार स्वास्थ्य उपचारका लागि १९ हजार पाँच सय नौजना बिदेसिएका छन्। व्यावसायिक प्रयोजनका लागि १८ हजार नौ सय ६४ जना विदेश गएका छन्। औपचारिक भ्रमणको सिलसिलामा १६ हजार एक सय ११, संयुक्त राष्ट्रसंघको मिसनका लागि ६ हजार ५८, खेलकुद कार्यक्रममा भाग लिन तीन हजार ६ सय ५३, कन्सर्ट तथा सांस्कृतिक कार्यक्रममा भाग लिन एक हजार नौ सय ६४ जना विदेश गएको विभागले जनाएको छ।

नेपाली मूलका विदेशमा बस्ने नेपालीको संख्या ३२ जना मात्रै छ। अन्य प्रयोजनमा ३२ हजार तीन सय ५९ जना विदेश गएको विभागले जनाएको छ। विदेशमा आफ्नो परिवारको सदस्य वा आफन्तसँग भेटघाट गर्ने उद्देश्यले बाहिरिने नेपालीको संख्या एक लाख ६७ हजार चार सय ८५ छ।

पर्यटन तथा धार्मिक भ्रमणका लागि विदेश जानेको संख्या दुई लाख चार हजार पाँच सय १८ छ। पछिल्लो समय पर्यटन प्रयोजनमा विदेश जाने नेपालीहरूले विदेशमै भिसा परिवर्तन गरी बसोवास गर्न थालेको विभागका महानिर्देशक तामाङले बताए। 'यहाँबाट पर्यटन भिसामा विदेश जान्छन्, तर उता गएपछि भिसा कन्भर्ट गर्न थालेको देखिन्छ। जसकारण नेपालीहरू विदेशमा अलपत्र पर्ने गरेको घटनाक्रमले देखाएको छ,' उनले भने। घुमघाम प्रयोजनका लागि विदेश जाने पुरुष एक लाख ३० हजार ९ सय २६ र महिला ७३ हजार पाँच सय ७५ जना छन्। तालिम, सेमिनार र गोष्ठीका लागि भन्दै २४ हजार दुई सय ६३ नेपाली बिदेसिएका छन्।

उपल्लो मध्यमवर्गका मानिस बाहिरिनु जोखिम

न्यून आय भएका र तल्लो मध्यमवर्गका मानिस बाहिरिनुभन्दा उपल्लो मध्यमवर्गका मानिस बाहिरिनु जोखिमपूर्ण रहेको समाजशास्त्रीहरूको विश्लेषण छ। त्रिभुवन विश्वविद्यालयका केन्द्रीय समाजशास्त्र विभागका उपप्राध्यापक डा. दीपेश घिमिरेले नेपालमा हुनेखाने र सम्पन्न वर्गका मानिससमेत बिदेसिनुले चुनौतीपूर्ण अवस्था सिर्जना गरेको बताए। 'न्यून आय भएका र तल्लो मध्यमवर्गका मानिस खाडी मुलुक गएका छन्। उनीहरूलाई नेपालमै रोजगारीको अवसर सिर्जना गर्ने हो भने फर्किन सक्छन्। तर, काठमाडौंमा घर भएका र देशमा केही गर्न सक्ने वर्ग नै बाहिरिनु चुनौतीपूर्ण छ,' उनले भने। पछिल्लो समय युवापुस्तामा आशा जगाउन नसक्दा सम्पन्न र सक्षम वर्गसमेत बिदेसिने लहर बढेको उनको भनाइ छ। 'युवापुस्ताले नेपालमा भविष्यप्रतिको सुनिश्चितता देख्न सकेका छैनन् वा देखाउन सकिएको छैन। त्यसैले, हामीले उनीहरूलाई आशाको किरण देखाउन सक्नुपर्छ,' उनले भने।

भारत, चीनबाट बिदेसिने युवापुस्तामा स्वदेश फर्किनुपर्छ भन्ने चेतना बढी भएको र नेपालमा युवापुस्ता निराशातर्फ उन्मुख भएको उनको विश्लेषण छ। नेपालप्रति युवापुस्ताको निराशावादको जडको रूपमा उनले राजनीतिक र ब्युरोक्रेटिक सिन्डिकेटलाई मानेका छन्। 'नेपालमा विदेश गएकालाई होच्याएर भगौडा भन्ने गरेका छन्। हामीले त उनीहरूको सीप र ज्ञानलाई स्वदेशमै सदुपयोग गराउन प्रोत्साहन गर्नुपर्ने हो। तर, यस्तो नहुँदा युवापुस्तामा बिदेसिने लहर बढेको हो,' उनले भने।

नेपालीहरू श्रम स्वीकृति नलिई पनि विदेश जाने गरेको तथ्यांकले देखाएको छ। यसरी विदेश जानेमा आठ हजार ८६ जना छन्। यस्तोमा प्रायः मौसमी भिसा (सिजनल) अन्तर्गत जाने गरेको महानिर्देशक तामाङको भनाइ छ। 'अध्ययनका लागि अस्ट्रेलिया, अमेरिका जाने नेपालीहरूले पनि त्यहाँ काम गरिरहेकै छन्। यद्यपि, हाम्रो तथ्यांकले नेपालबाट बाहिरिँदा उनीहरूले खुलाएको प्रयोजनलाई मात्रै आधार मानेको छ,' उनले भने। बिदेसिने लहरमा परेर अवसरको खोजीमा भौँतारिने युवापुस्ता द्वन्द्वग्रस्त मुलुकमा समेत फस्ने गरेका छन्। अहिले रुस र युक्रेनबीच तनाब बढिरहेको समयमा नेपालीहरू त्यहाँ पुगेर ज्यान गुमाइरहेको तथ्य बाहिर आइरहेको छ। रुस जाने नेपालीको संख्या एक हजार ९५ जना पुगेको विभागले जनाएको छ। युक्रेन जानेको संख्या ९५ छ। यस अवधिमा आठ सय ७४ जना इजरायल पुगेका छन्।

■ वेस्टर्न डेभलपमेन्ट बैंकको १८ करोड घोटाला प्रकरण

सिइओ र कर्जा प्रमुखलाई सफाइ, ऋणी जेलमा

टेकराज थामी/नयाँ पत्रिका

दाङ घोराहीस्थित तत्कालीन वेस्टर्न डेभलपमेन्ट बैंकमा १८ करोड रुपैयाँ हिनामिना भयो । घटनाका मुख्य दोषीमध्ये केहीले सफाइ पाए । न्यूनतम सजाय पाएका केही भाग्यमानी कैद सजाय भुक्तानपछि जेलमुक्त भए । तर, हिनामिनामा कुनै भूमिका नभएका दाङ तुल्सीपुर उपमहानगरपालिका-१४ का २७ वर्षीय मनोज केसी अझै जेलमा छन् ।

कर्जा लिने क्रममा ओम पोल्ट्री फर्मका सञ्चालक केसीको भेट बैंकका तत्कालीन शाखा प्रवन्धक समीर बुढाथोकीसँग भयो । बुढाथोकीले कर्जा लिने क्रममा उनलाई सहजीकरण गरिदिए । बदलामा उनले आफू कार्यरत बैंकमा हिनामिना गरेको रकम केसीको बैंक खाता हालिदिए । र, उनैमार्फत हालिएको रकम असुले । सोही मुद्दामा केसी अहिले जेलमा छन् । तर, हिनामिनामा संलग्न बुढाथोकीबाहेक बैंकका अन्य सबै कर्मचारी दोषमुक्त भए । 'मैले वेस्टर्न डेभलपमेन्ट बैंकबाट कर्जा लिएको थिएँ । यसमा मलाई समीर बुढाथोकीले सघाएको थियो । त्यसबापत उसले मसँग सापट रकम मागिरहन्थ्यो । मैले पनि सहजै दिन्थेँ । चार-पाँच दिनको अन्तरमा उसले सापट फिर्ता भन्दै सीधै मेरो बैंक खातामा रकम हालिदिन्थ्यो । पछि पो थाहा भयो, त्यसरी फिर्ता गरेको त बैंकबाट हिनामिना गरेको रकम पो रहेछ,' दाङ तुल्सीपुरस्थित कारागारबाट नयाँ पत्रिकाको सम्पर्कमा आएका उनले भने ।

बुढाथोकीले करिब डेढ वर्षको बीचमा केसीसँग पटक-पटक गरी झन्डै दुई करोड रुपैयाँ सापट लिए । फिर्ता गरेको भन्दै उत्ति नै रकम उनले केसीको बैंक खातामा जम्मा गरिदिए । तर, त्यसरी जम्मा गरेको सबै रकम बैंकबाट हिनामिना गरिएको थियो । यसका लागि बुढाथोकीले बैंकमा ३३ वटा नक्कली ऋण खाता खडा गरेका थिए । उक्त खातामा बैंकको १७ करोड ९९ लाख ९० हजार रुपैयाँ ऋण प्रवाह गरिदिएका थिए । यस धन्दामा उनले बैंक प्रमुख कार्यकारी अधिकृत (सिइओ) खिमबहादुर डिसी र कर्जा विभाग प्रमुख अनिलकुमार न्यौपानेको पनि साथ लिए । उक्त रकम बैंकबाट कर्जा लिएका अन्य ३३ सेवाग्राहीको बैंक खातामा रकमान्तर गरिदिए । र, सबै रकम उनले सापटीका रूपमा रकमान्तर गर्नुअघि नै असुलिसकेका थिए । तर, अदालतले बुढाथोकीबाहेक सिइओ डिसी र कर्जा विभाग प्रमुख न्यौपानेलाई सफाइ दियो । हिनामिना भएको रकम रकमान्तर गरिएका बैंकका ३३ सेवाग्राहीलाई अदालतले दोषी करार गऱ्यो । जसमध्ये ३२ सेवाग्राही बिगोसहितको रकम र तोकिएको कैद सजाय भुक्तान गरेर जेलमुक्त भइसकेका छन् । मनोज भने बिगोबापतको रकम भुक्तान गर्न नसक्दा जेलमै छन् ।

उच्च अदालत तुल्सीपुरकी मुख्य न्यायाधीश नीता गौतम दीक्षित र न्यायाधीश राजुराम सिलवालको संयुक्त इजलासले केसीलाई २९ असार ०७९ मा दुई वर्ष कैद र दुई करोड आठ लाख २३ हजार चार सय ९२ रुपैयाँ बिगो र एक करोड चार लाख ११ हजार सात सय ४६ रुपैयाँ जरिवाना हुने ठहर गऱ्यो । २० भदौ ०७६ मा पक्राउ परेका उनले अदालतले ठेकेको दुई वर्ष कैद सजाय भुक्तान गरिसकेका छन् । तर, बिगो र जरिवानाबापतको रकम भुक्तान गर्न नसक्दा उनी अझै जेलमा छन् । 'मैले चार वर्ष कैद सजाय भुक्तान गरिसकेँ । जब कि अदालतले मलाई दुई वर्ष मात्रै कैद सजाय तोकेको थियो । तर, मैले बिगोबापतको रकम बुझाउन सकिनँ । झन्डै तीन करोड १० लाख रुपैयाँ बुझाउनुपर्नेछ । जुन मैले लिएको होइन । त्यत्रो रकम मैले कहाँबाट जम्मा गर्नु ? त्यसैले चार वर्षदेखि जेलमा छु,' उनले भने ।

सहायक अभियुक्त मनोज केसी भन्छन्-



मैले चार वर्ष कैद सजाय भुक्तान गरिसकेँ । जब कि अदालतले मलाई दुई वर्ष मात्रै कैद सजाय तोकेको थियो । तर, मैले बिगोबापतको रकम बुझाउन सकिनँ । झन्डै तीन करोड दश लाख रुपैयाँ बुझाउनुपर्नेछ । जुन मैले लिएको/खाएको होइन । त्यत्रो रकम मैले कहाँबाट जम्मा गर्नु ?



समीर बुढाथोकी
तत्कालीन शाखा प्रबन्धक

■ यसरी परिबन्धमा परेका थिए केसी

मनोज केसी वैदेशिक रोजगारमा जाने तयारीमा थिए । यही क्रममा उनलाई पोल्ट्री फर्म खोल्ने योजना फुऱ्यो । ऋण खोज्दै उनी दाङ घोराहीस्थित तत्कालीन वेस्टर्न डेभलपमेन्ट बैंक पुगे । उनको भेट बैंकका प्रबन्धक समीर बुढाथोकीसँग भयो । उनीसँग ऋणको विषयमा कुरा भयो । यसका लागि बुढाथोकीले सहमति मात्रै जनाएनन्, सहजीकरण गर्नेसमेत प्रतिबद्धता जाहेर गरे । दंग देखिएका उनी घर आए । भएभरको सबै पैतृक सम्पत्ति बैंकमा राखे । ४० लाख रुपैयाँ ऋण मागे । बुढाथोकीले ऋण निकाल्न सहजीकरण गरिदिए ।

केसी पोल्ट्री फर्मको तयारीमा लागे । यही क्रममा उनलाई बुढाथोकीको फोन आयो । 'भाइ तिम्रो बैंक खातामा पाँच लाख रुपैयाँ रहेछ । मलाई सात दिनका लागि सापटी दिनुपर्नेभयो,' बुढाथोकीले भने । बैंकका प्रबन्धकले नै सापट मागेपछि उनले नाइँ भन्न सकेनन् । रकम झिकेर बुढाथोकीलाई दिए । नभन्दै बुढाथोकीले सात दिनपछि खातामा रकम जम्मा भएको सन्देश फोनमा आयो । उनी खुसी भए । यो क्रम यत्तिमै रोकिएन । बुढाथोकीले केसीसँग सापट रकम माग्दै गए । त्यसबापत उनको खातमा रकम जम्मा हुँदै गयो । दुईबीच कारोबार चलिरहेको थियो । यहीक्रममा जब उनी बैंकको रकम हिनामिना गरेको आरोपमा पक्राउ परे । उनी छाँगाबाट खसेझैँ भए । किनकि बुढाथोकीले उनको खातामा जम्मा गरिदिएको बैंक हिनामिना गरिएको रकम थियो । यसका लागि बुढाथोकीले बैंकमा ३३ वटा फर्जी ऋण खाता खोलेका थिए । खातामा आफैँ ऋण स्वीकृत गरिदिन्थे । सोही रकम सापट लिइएका अन्य व्यक्तिको बैंक खातमा हालिदिन्थे ।

नेपाल राष्ट्र बैंकले गरेको छानबिनअनुसार उनले ३३ जनाको बैंक खातामा फर्जी ऋण खाताबाट १७ करोड ९९ लाख ९० हजार रुपैयाँ रकमान्तर गरेका थिए । उक्त रकम उनले खातावालाबाट रकमान्तर हुनुअघि नै सापटका रूपमा असुलिसकेका थिए । रकमान्तर गरिएका खातावाल तिनै हुन्, जसलाई उनले बैंकबाट ऋण लिन केसीलाईझैँ सहजीकरण गरिदिएका थिए । त्यसैको फाइदा उठाउँदै उनले खातावालासँग सापट रकम असुल्थे । र, बैंकबाट हिनामिना गरिएको रकम उनीहरूको बैंक खातामा जम्मा गरिदिन्थे । अदालतले कसुर हेरेर ३३ खातावालालाई दोषी करार गऱ्यो । तोकिएको कैद सजाय, बिगो र जरिवाना रकम भुक्तान गरेर उनी जेलबाट छुटिसकेका छन् । तर, मनोज भने अझै जेलमा छन् ।

■ फर्जी ऋण प्रवाहमा सघाउने बैंकका अध्यक्ष, सञ्चालक समितिका सदस्यहरू, सिइओ र कर्जा प्रमुखले पाए सफाइ

दाङ घोराहीस्थित तत्कालीन वेस्टर्न डेभलपमेन्ट बैंकमा १७ करोड ९९ लाख ९० हजार रुपैयाँ हिनामिना भएको उजुरीपछि राष्ट्र बैंकले बैंकका उपनिर्देशक राकेश प्रजापतिको संयोजकत्वमा छानबिन समिति गठन गऱ्यो । समितिले १० दिन लगाएर घटनाको अनुसन्धान गऱ्यो । घटनामा बैंकका शाखा प्रबन्धक बुढाथोकी, कर्मचारी पोषण जैसी र अर्चना केसीको प्रत्यक्ष संलग्नता रहेको खुल्यो । बैंकका सिइओ खिमबहादुर डिसी र कर्जा प्रमुख अनिलकुमार न्यौपानेको संलग्नता पनि रहेको अनुसन्धानबाट देखियो ।

'कर्जा लिस्टमा ठूला ५० ऋणीको सूचीमा २७ वटा कृत्रिम कर्ता रहेको अवस्थामा समेत केन्द्रीय कार्यालयका कर्जा प्रमुख तथा प्रमुख कार्यकारी अधिकृत अनभिज्ञ रहनुमा संस्थाको कर्जा प्रमुख तथा प्रमुख कार्यकारी अधिकृतको गैरजिम्मेवारपन तथा लापरबाही देखियो,' राष्ट्र बैंकको अनुसन्धान प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा फर्जी कर्जा प्रवाह गरिएको सम्बन्धमा शाखा कार्यालयका कर्मचारीले केन्द्रमा जानकारी गराउँदासमेत वास्ता नगरिएको उल्लेख छ । 'कर्जा एकाइका सहायक पोषण जैसीले केन्द्रीय कार्यालयका कर्जा विभाग प्रमुख एवं कम्पनीसचिव अनिलकुमार न्यौपानेलाई कृत्रिम कर्जाबारे इमेलबाट जानकारी गरेको पाइयो । तर, छानबिन गरी वास्तविकता यकिन गर्न तत्काल आवश्यक कदम अवलम्बन गरेको पाइएन,' प्रतिवेदनमा भनिएको छ ।

रकम हिनामिना हुनुमा बैंक सञ्चालक समितिका अध्यक्ष ओमभक्त बुढाथोकी, सदस्यहरू प्रा.डा. अर्जुनकुमार बुढाथोकी, निर्मल देवकोटा, खड्गबहादुर बुढाथोकी, बेगतबहादुर भण्डारी र शेषमणि न्यौपानेको पनि अप्रत्यक्ष साथ रहेको अनुसन्धानले देखायो । 'आर्थिक हिनामिनामा प्रत्यक्ष संलग्नता नदेखिए पनि कर्जा प्रमुख अनिलकुमार न्यौपाने, तत्कालीन सिइओ खिमबहादुर डिसी, सञ्चालक समितिका सदस्यहरू ओमभक्त बुढाथोकी, प्रा.डा. अर्जुनकुमार बुढाथोकी, निर्मल देवकोटा, खड्गबहादुर बुढाथोकी, बेगतबहादुर भण्डारी, शेषमणि न्यौपाने, आन्तरिक लेखापरीक्षक भुर्तेल एन्ड एसोसिएसनका सिए प्रेम भुर्तेलले पदीय दायित्वअनुरूप कार्यसम्पादन नगरेको हुँदा हिनामिना हुने वातावरण भएको देखियो,' प्रतिवेदनमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय दाङले राष्ट्र बैंकको प्रतिवेदनकै आधारमा घटनाको अनुसन्धान गऱ्यो । बैंकको सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, सिइओ र कर्जा प्रमुखविरुद्ध अदालतमा मुद्दा पनि दायर भयो । तर, अदालतले उनीहरूलाई सफाइ दियो ।

सरकारी साक्षी र सुन लुकाएका चार प्रहरीलाई सफाइ

काठमाडौं/ विशेष अदालतले प्रतिकूल बकपत्र गर्ने एक सरकारी साक्षी र चारजना प्रहरीलाई सफाइ दिएको छ । सोमबार विशेषका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू तेजनारायणसिंह राई तथा रितेन्द्र थापाको इजलासले यस्तो फैसला गरेको हो ।

रसुवाको टिमुरे नाकामा खटिएका प्रहरीहरूले भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ असार ०७७ मा दुईवटा छुट्टाछुट्टै मुद्दा दायर गरेको थियो । यद्यपि, दुवैको प्रकृति एउटै थियो भने प्रतिवादीहरू पनि उही थिए । टिमुरे सीमा प्रहरीचौकीमा कार्यरत प्रहरीहरूले चीनबाट नेपालतर्फ ल्याएको सुन आपसमा बाँडीचुँडी लिएको अख्तियारको अनुसन्धानले देखाएको थियो । ११ पुस ०७६ मा उक्त सुन र व्यक्ति सम्बन्धित निकायमा नबुझाई आपसमा बाँडेको खुलेको थियो ।

प्रहरी हवल्दार रामशरण रिमालले चीनबाट आएको एउटा कन्टेनरमा सवार यात्रुबाट चार सय २२ ग्राम सुन कब्जा गरेका थिए । यो कुरा प्रहरी निरीक्षक खेमप्रसाद नेपाललाई जानकारी भए पनि आवश्यक कारबाही नगरी रिमाललाई बिदा दिएका थिए ।

अख्तियारका अनुसार उक्त सुन केरुङ नाकाबाट नेपालतर्फ आइरहेको सूचना अर्का प्रहरी हवल्दार पुरुषोत्तम खत्रीले रिमाललाई दिएका थिए । अर्का हवल्दार रामकाजी लामाले सुन लुकाउन भूमिका खेलेको अभियोग थियो । उनीहरू चारैजनाउपर साढे २५ लाख रुपैयाँ बिगो कायम गरी मुद्दा चलाइएको थियो । बिगो असुलउपर र दोब्बर जरिवाना तिराउन मागदाबी लिइए पनि राजस्व छली भ्रष्टाचार गरेको उक्त अभियोगमा चारैजनाले सफाइ पाएका छन् ।

२२ मंसिर ०७६ मा पनि चीनबाट अवैध रूपमा ल्याइँदै गरेको सुन र सुन ल्याउने मान्छे दुवैलाई चारजना प्रहरी मिलेर उन्मुक्ति दिएको तथा सुन बाँडीचुँडी लिएको अभियोग लगाइएको थियो । अख्तियारका अनुसार सुन ल्याएको गाडी प्रहरी निरीक्षक नेपालले आफैँ नियन्त्रणमा लिएका थिए भने सुन बिक्री गर्न मातहतका हवल्दारहरू लामा र खत्रीलाई आदेश दिएका थिए । उक्त घटनामा एक सय ११ ग्राम सुन बरामद भएको थियो । सुनको तत्कालीन मूल्य ६ लाख ७७ हजार रुपैयाँ तोकी चारै प्रहरीमाथि राजस्व चुहावट गरी भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर भएको थियो । उनीहरूले यो मुद्दामा पनि सफाइ पाएका हुन् । यस घटनामा अख्तियारले सरकारी साक्षीका रूपमा कल्याणी सुवेदीलाई अदालतमा पेस गरेको थियो । तर, उनले प्रतिकूल बकपत्र गरेको भन्दै यसै वर्ष १२ असोजमा मुद्दा दायर भएकोमा उनले पनि सफाइ पाएकी हुन् ।

दोलखाको शैलुंगेश्वर गाउँपालिकाकी उनले राजस्व चुहावट गरी बिक्री गर्न ल्याइएको सुन अभियुक्त प्रहरीहरूले आफूलाई राख्न दिएको र आफूले राखेको भनी अख्तियारलाई बताएकी थिइन् । तर, अदालतमा भने त्यसको प्रतिकूल बकत्रप गरेको भन्दै अख्तियारले ६ लाख ७७ हजार बिगो दाबी गर्दै उनीविरुद्ध पनि मुद्दा दायर गरेको थियो ।

संक्षेप

कालिका सहकारीका संस्थापक अध्यक्ष घिमिरे पक्राउ

लमजुङ/ कालिका बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन आरोपमा प्रहरीले संस्थापक अध्यक्ष मृगेन्द्र घिमिरेलाई पक्राउ गरेको छ । काठमाडौंको धापासीमा लुकिछिपी बसेको अवस्थामा उनलाई प्रहरीले आइतबार पक्राउ गरेको हो । ३५ जना भन्दा बढी निक्षेपकर्ताले बचत फिर्ता नपाएको निवेदन परेपछि लमजुङ प्रहरीले ३ कात्तिकमा सूचना जारी गरी १० मंसिरभित्र बचतकर्तालाई उजुरी दिन आग्रह गरेको थियो । सहकारी रजिस्ट्रार कार्यालयले गरेको कालिका बचत तथा ऋण सहकारी संस्थाको आर्थिक गतिविधि तथा वित्तीय विवरण सम्बन्धमा गरिएको छानबिनउपर रायसहितको प्रतिवेदनमा घिमिरेदम्पतीलाई मुख्य दोषी देखाएको थियो । अर्का मुख्य दोषी मानिएका उनकी श्रीमती विनिता अधिकारी घिमिरे भने अझै फरार छिन् । उनी कालिका सहकारीको संस्थापक प्रबन्धक र एकीकरणपछिको कोषाध्यक्ष हुन् ।

३ माघदेखि भास्कुलर सम्मेलन हुँदै

काठमाडौं/ एक सय १५ जनाभन्दा बढी विदेशी चिकित्सकहरूको सहभागितामा १७-१९ जनवरी (३-५ माघ) मा भास्कुलर (रक्तनसा, सिरा र धमनीसम्बन्धी) सम्मेलन आयोजना हुने भएको छ । हिमालयन भास्कुलरको आयोजनामा हुन लागेको सम्मेलन नेपालमै पहिलोपटक हुन लागेको हो । नेपालका मेडिकल पर्यटन प्रवर्द्धन, रक्तनसा, सिरा र धमनी उपचारबारे स्वदेशी र विदेशी चिकित्सकबीच अनुभव आदान-प्रदान गर्न सम्मेलन आयोजना गरिएको हो । सम्मेलनमा नेपाल र अन्य देशको स्वास्थ्य संरचना तथा उपचार सेवासम्बन्धी विषयमा पनि छलफल हुनेछ । सम्मेलनमा भाग लिन अमेरिका, मेक्सिको, भारत, श्रीलंका, मलेसिया, इन्डोनेसिया, जोर्डनलगायत युरोपियनसहित ४० भन्दा बढी देशका चिकित्सकहरू सहभागी हुनेछन् । सम्मेलनबाट विभिन्न देशको समग्र स्वास्थ्य अवस्था र विशेषगरी भास्कुलरसम्बन्धी उपचार सेवाबारे छलफल हुने र यहाँको स्वास्थ्य क्षेत्र थप प्रभावकारी बनाउन टेवा पुग्ने आयोजक कमिटीका अध्यक्ष डा. सन्दीपराज पाण्डेले जानकारी दिए ।

शिक्षा विधेयकमाथि छलफल

काठमाडौं/ विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको 'विद्यालय शिक्षा विधेयक २०८०' माथि मदरसा, विशेष शिक्षा, गुम्बा, किराँतलगायत शिक्षासँग सम्बन्धित शैक्षिक संस्थासँग छलफल गरिएको छ । आइतबार निजी र सामुदायिक विद्यालयका प्रतिनिधिसँग छलफल गरेको समितिले सोमबार मदरसा, विशेष शिक्षा, गुम्बा, किराँतलगायत शिक्षासँग सरोकारवाला व्यक्तिहरूसँग छलफल गरेको हो । समितिका सभापति भानुभक्त जोशीका अनुसार अन्य शैक्षिक संस्थाभन्दा भिन्न तवरका यी शैक्षिक संस्थाहरूलाई विद्यालय शिक्षा विधेयकमा कसरी समेट्ने भन्नेलगायत सुझाव संकलन गर्ने सन्दर्भमा छलफल गरिएको हो ।

बन्धक बनाई सामूहिक बलात्कार

काठमाडौं/ डेरामा पुऱ्याइदिने आश्वासनमा एक समूहले बालिकालाई गाडीमा राखी रिसोर्टमा पुऱ्याई बन्धक बनाएर बलात्कार गरेका छन् । घटनामा प्रहरीले चारजनालाई पक्राउ गरेकोमा दुईजना जेल चलान र दुईजना धरौटीमा छुटेका छन् । गत २१ मंसिरमा चुनिखेलस्थित होटेल फरेस्ट भ्यु रिसोर्टमा १६ वर्षीया बालिकामाथि बलात्कार भएको हो । प्रहरीले घटनामा संलग्न सिन्धुपाल्चोक घर भएका भीमसेनगोला बस्ने सुजन श्रेष्ठ, मूलपानीका रोमन श्रेष्ठ र रोहन श्रेष्ठ तथा चुनिखेलका राजेश श्रेष्ठलाई पक्राउ गरी शरीर बन्धक तथा जबर्जस्तीकरणी मुद्दा दायर गरेको थियो । जिल्ला अदालत काठमाडौंले सुजन र रोहनलाई थुनामा पठाएको छ । रोमन र राजेश धरौटीमा छुटेका छन् । जिल्ला न्यायाधीश दीनबन्धु बरालको इजलासले दुईजनालाई थुनामा पठाई दुईजनालाई धरौटीमा छाड्ने आदेश दिएका हुन् ।ती बालिका साथीको जन्मदिन मनाउन सोह्रखुट्टेमा गएर फर्किने क्रममा बलात्कारमा परेकी हुन् । फर्किने क्रममा सोह्रखुट्टे चोकमा पठाओ कुरिरहेका वेला उनीहरूले डेरामा पुऱ्याइदिने भन्दै गाडीमा राखेका थिए । सुरुमा बौद्ध पीपलबोटमा पुगेर उनी झरेकी थिइन् । तर, दिदीको फोन नउठेपछि सडकमा अलपत्र परेको अवस्थामा उनीहरू फेरि आई जबर्जस्ती गाडीमा राखेर रिसोर्टमा पुऱ्याएको पीडितको भनाइ छ ।

नीति–निर्माणमा जनताको निगरानी आवश्यक छ : प्रधानमन्त्री

नयाँ पत्रिका



प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नीति-निर्माणमा जनताको नियमन, निगरानी र हस्तक्षेप आवश्यक रहेको बताएका छन् । 'जनतासँग माओवादी विशेष रूपान्तरण' अभियानको समापनका निम्ति बागमती प्रदेश, उपत्यकाविशेष प्रदेश र सम्पर्क समन्वय प्रदेशले सोमबार गरेको संयुक्त समीक्षा बैठकमा प्रचण्डले आफूले शासन प्रणालीमा जनताको निगरानी र हस्तक्षेप लागू गर्न लागेको बताएका हुन् ।

नीति तथा कार्यक्रम र बजेटको परम्परागत ढाँचा बदलेर जनप्रतिनिधि र जनताको प्रत्यक्ष सहभागिता हुने ढाँचामा जाने तयारी सरकारले गरिरहेको बताए । त्यो २१औँ शताब्दीको जनवादकै नयाँ रूप भएको उनले दाबी गरे । 'बजेटको परम्परागत ढाँचाले देशको विकास र रूपान्तरण सम्भव छैन भनेर नै मैले अघिल्लो वर्ष बजेटको ढाँचा बदल्ने कुरा गरेको थिएँ । आजबाट त्यसको थालनी भएको छ । दिनभरि सिंहदरबारमा बसेर सरकारको नीति तथा कार्यक्रम र बजेटमा क्रमभंग गर्नेबारे छलफल भएको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'नीति तथा कार्यक्रम प्रस्तुत भएपछि त्यसमाथि व्यापक बहस हुन्छ, त्यसका आधारमा बजेट बन्छ । यो सबैभन्दा लोकतान्त्रिक ढाँचा र प्रक्रिया हो । सरकारको नीति तथा कार्यक्रम र बजेटमा जनता र जनप्रतिनिधिहरूको निगरानी, नियन्त्रण र हस्तक्षेप चाहिन्छ भनेर नै यो विधि अपनाउँदै छौँ । हामीले २१औँ शताब्दीको जनवादमा भनेका थियौँ- राज्यमा जनताको निगरानी, नियन्त्रण र हस्तक्षेप लागू गर्नेछौँ, यो पनि आफैँमा त्यसको एक रूप हो ।'

सरकारले एक वर्षको अवधिमा नयाँ काम गरेको र आगामी वर्ष थप प्रभावकारी कार्ययोजनाका साथ अगाडि बढ्ने उनले दाबी गरे । उनले भने, 'सरकारले एक वर्षको अवधिमा राम्रो काम गरेको छ । केही नयाँ चिज भएको छ, केही नयाँ रेकर्ड बनेको छ । इतिहासमै नभएको भ्रष्टाचारविरुद्धको अनुसन्धान भएको छ, सेवा प्रवाह र सुशासनमा पनि त्यस्तै पहल लिइएको छ । यसले देशभित्र र बाहिर राम्रो उत्साह पनि आएको छ । यसमा नै टेकेर आगामी वर्ष थप राम्रो गरिनेछ, यसमा सिंगो पार्टीले सरकारलाई सहयोग गर्नुस् ।' प्रचण्डले छिट्टै पार्टीको स्थायी समिति बैठक बसेर विधान सम्मेलनको तयारी गरिने पनि बताए ।

कार्यक्रममा माओवादी उपमहासचिव वर्षमान पुनले निरंकुश राजतन्त्रवादीहरूले व्यवस्थामाथि हमला सुरु गरेको बताए । पुनले परिवर्तनको नेतृत्वकर्ता शक्तिको हैसियतले चुनौती स्वीकार गर्न तयार रहेको बताए । जनताको अवस्थामा सुधार गर्दै व्यवस्था रक्षाका लागि माओवादी लागिपरेको उनले दाबी गरे । परिवर्तनको रक्षा क्रान्तिकारी शक्तिले मात्रै गर्न सक्ने उनले बताए ।

समाजवादी विकल्प तयार पार्दै अगाडि बढ्नेसमेत उनले बताए । जनता र कार्यकर्ता तहबाट उठेका प्रश्नको जवाफ दिँदै अगाडि बढ्ने उनको भनाइ छ । माओवादी सर्वहारा वर्ग, मजदुर, किसान, श्रमिक र देशभक्तहरूको पार्टी भएको उनले जिकिर गरे । आगामी विधान सम्मेलनबाट कार्यकर्ता जनताबाट र नेता कार्यकर्ताबाट अनुमोदित हुने प्रणाली विकास गर्ने उनले जानकारी दिए । युवाशक्तिलाई स्थापित गर्दै अगाडि बढ्नेसमेत उनले बताए ।

■ बरहथवा घटना

गृहको छानबिन समितिले थाल्यो अनुसन्धान

सर्लाही/ गृह मन्त्रालयले गठन गरेको छानबिन समितिले बरहथवा घटनाको अनुसन्धान थालेको छ । गत शुक्रबार बरहथवामा प्रहरीको गोली लागेर स्थानीय जयशंकर साहको मृत्यु भएपछि गृहले शनिबार सहसचिव थानेश्वर गौतमको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो । आइतबार राति अबेर सर्लाही आइपुगेको टोलीले सोमबार बिहानैदेखि अनुसन्धान थालेको हो ।

छानबिन समितिमा प्रहरी नायब महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी छन् । समितिले सदरमुकाम मलंगवामा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूसँग बैठक बसेर आवश्यक जानकारी लिएको छ । टोलीले प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला, नेपाली सेनाका प्रमुख सेनानी सूर्यबहादुर कार्की, नेपाल प्रहरीका उपरीक्षक प्रवीण धिताल, सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, राष्ट्रिय अनुसन्धानका उपअनुसन्धान निर्देशक सन्तोष ढुंगेलसहित जिल्लास्थित सुरक्षा अधिकारीहरूसँग विवरण लिएको हो ।

समितिले सोमबार बरहथवा नगरपालिकास्थित विभिन्न घटनास्थलको स्थलगत अवलोकनसमेत गरेको थियो । यस्तै, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूसँग मलंगवास्थित जिल्ला प्रशासन कार्यालयमा छलफल गरेको छानबिन समितिका संयोजक गौतमले जानकारी दिए । समितिले गत शुक्रबार प्रहरीको गोली लागेर साहको मृत्यु भएको घटनासहित समग्र घटनाको सत्यतथ्य छानबिन गर्ने छ । शनिबारबाट सात दिनभित्र प्रतिवेदन पेस गर्ने गरी समयावधि पाएको समितिले सरोकारवाला पक्षहरूसँग छलफल गरी प्रतिवेदन पेस गर्ने जनाएको छ ।

स्थानीय प्रशासन र पीडित पक्षबीच आइतबार ११ बुँदे सहमति भएको थियो । आफन्तले शव बुझेर सोमबार पोस्टमार्टपछि बागमती नदी-किनार खर्साल घाटमा साहको दाहसंस्कार गरिएको छ ।

दुई वर्ष पछि धकेलियो राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय

०८३ बाट एनडिसी कोर्स सुरु गरिने, भौतिक पूर्वाधार र पाठ्यक्रम तर्जुमा गरिँदै

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सरकारले सेनाको व्यवस्थापनमा दुई वर्षपछि (०८३ देखि) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयमा नेसनल डिफेन्स कोर्स (एनडिसी) सुरु गर्ने भएको छ । आगामी वर्षदेखि सुरु गर्ने प्रारम्भिक तयारी रहे पनि बजेटको सीमितता र कोरोना महामारीका कारण एनडिसी कोर्स सञ्चालन दुई वर्ष पछि धकेलिएको छ । त्यसका लागि भौतिक पूर्वाधार र पाठ्यक्रम तयारी अन्तिम चरणमा पुगेको छ ।

'भौतिक पूर्वाधार निर्माण (हार्डवेयर) र पाठ्यक्रम तर्जुमा (सफ्टवेयर)को काम समानान्तर रूपमा अघि बढाएका छौँ । ०८१ देखि नेसनल डिफेन्स कोर्स (एनडिसी) सुरु गर्ने लक्ष्य थियो, तर कोरोना र बजेटलगायत कारण सम्भव भएन,' विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका अध्यक्ष पूर्वरथी बालानन्द शर्माले नयाँ पत्रिकासँग भने, 'अब ०८२ भित्र पूर्वाधार निर्माण सकेर ०८३ देखि एनडिसी सुरु गर्ने गरी सबै पक्षमा काम भइरहेको छ ।' विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिमा वरिष्ठ अधिवक्ता डा. युवराज संग्रौला र पूर्वराजदूत एवं परराष्ट्रविद् डा. शम्भुराम सिंखडा सदस्य छन् ।

विश्वविद्यालयअन्तर्गत ११ महिने एनडिसी कोर्स सञ्चालनको तयारीका लागि सरकारले आगामी तीन वर्षका लागि एक अर्ब ९८ करोड रकम विनियोजन गरेको छ । अध्यक्ष शर्माका अनुसार रकम निकासा हुने क्रममा छ । 'नेपाल सरकारको लक्ष्यअनुसार ०८३ देखि कोर्स सुरु गर्ने गरी अघि बढेका छौँ । त्यसअघि नै पूर्वाधार निर्माणको कार्य सम्पन्न हुन्छ । एनडिसी सुरु भएपछि अन्य कलेजको सुरुवात हुन्छ,' उनले भने । नेपालमा पहिलोपटक एनडिसी कोर्स सुरु हुँदै छ, जसमा सहायक रथी दर्जाका सैनिक अधिकृतले अध्ययनको मौका पाउनेछन् । सहायक रथीबाट उपरथीमा बढुवाका लागि एनडिसी कोर्स अनिवार्य छ ।

सरकारले १२ फागुन ०७६ मा 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६' जारी गरेपछि पूर्वाधारको काम सुरु भएको थियो । राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षा सम्बन्धमा आवश्यक नीति एवं रणनीति तर्जुमा गर्ने, गहन खोज तथा अनुसन्धान एवं विश्लेषण गरी राष्ट्रिय सुरक्षालाई सुदृढ र समसामयिक बनाउन योगदान दिन सक्ने जनशक्ति उत्पादन गर्ने लक्ष्यसहित विश्वविद्यालय स्थापना भएको हो । सुरुमा एनडिसी सेनाका लागि मात्रै हुने र बिस्तारै निजामती सेवा तथा अन्य सुरक्षा निकायका अधिकृतलाई पनि राष्ट्रिय सुरक्षासम्बन्धी उच्च शिक्षा दिने लक्ष्य राखिएको सेनाले जनाएको छ ।

काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकामा अवस्थित पेरुङडाँडामा सात सय ५० रोपनी जग्गामा विश्वविद्यालयको पूर्वाधार निर्माण भइरहेको छ । विश्वविद्यालय विकास समितिका सदस्य डा. युवराज संग्रौलाले भने, 'नेसनल डिफेन्स कोर्स (एनडिसी) सञ्चालन गर्न पुग्ने पूर्वाधार तयार हुँदै छ । ऐनसम्बन्धी मस्यौदाको काम सम्पन्न भइसकेको छ । पूर्वाधार निर्माणका लागि टेन्डरहरू भएका छन् ।'

सैन्य अफिसर विद्यार्थी बस्ने १५ ब्लक, एनडिसी कोर्सको कक्षाकोठा, अडिटोरियम निर्माण भइरहेको छ । एनडिसीको पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । पाठ्यक्रमलाई अन्तिम रूप दिन १ देखि ४ पुससम्म विश्वविद्यालयको पाठ्यक्रम मस्यौदामाथि गोष्ठी आयोजना भएको थियो । जंगी अड्डामा आयोजित गोष्ठीमा पाठ्यक्रममाथिको मस्यौदामा समीक्षा भएको थियो । पाठ्यक्रम मस्यौदा उपसमितिमा सेनाका पूर्वउपरथी नरेश भट्ट, पूर्वसहायक रथी सूर्य खनाल, र त्रिभुवन विश्वविद्यालयकी प्रा.डा. मीना वैद्य मल्ल छन् ।

गोष्ठीमा सहभागीका अनुसार भारत, चीन, अमेरिका, बेलायतलगायत देशमा एनडिसी अध्ययन गरेर आएका आठजनाले एनडिसी कोर्सको मोडालिटीबारे प्रस्तुतीकरण दिएका थिए । ती सुझाव समेटेर पाठ्यक्रमलाई थप मजबुत बनाउनुपर्ने निष्कर्ष गोष्ठीको थियो । उपसमितिले अब केही प्राज्ञ र सेनाका बहालवाला तथा भूपूहरूको घेराभन्दा बाहिरका सरोकारवालाको पनि सुझाव लिनेछ ।

अहिलेसम्मको तयारीअनुसार केस स्टडिज, फिल्ड भिजिट तथा बढी व्यवहारवादी प्रकारले एनडिसी कोर्स हुनेछ । यी सबैको केन्द्रमा राष्ट्रिय सुरक्षा हुनेछ । विश्वविद्यालयअन्तर्गत प्रतिरक्षा अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, रणनीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान र सामाजिक अध्ययन तथा अनुसन्धान प्रतिष्ठान सञ्चालन गर्ने लक्ष्य राखिएको छ । 'विश्वविद्यालयको विधेयक, सांगठनिक संरचना र अवधारणा संसद्बाट पारित भएपछि काम सुरु हुनेछ,' एक सैनिक अधिकारीले भने ।



● **बालानन्द शर्मा**, अध्यक्ष, विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

भौतिक पूर्वाधार निर्माण (हार्डवेयर) र पाठ्यक्रम तर्जुमा (सफ्टवेयर)को काम समानान्तर रूपमा अघि बढाएका छौँ । ०८१ देखि नेसनल डिफेन्स कोर्स (एनडिसी) सुरु गर्ने लक्ष्य थियो, तर कोरोना र बजेटलगायत कारण सम्भव भएन । अब ०८२ भित्र पूर्वाधार निर्माण सकेर ०८३ देखि एनडिसी सुरु गर्ने गरी सबै पक्षमा काम भइरहेको छ ।

सोह्रौं आवधिक योजनाका आयाम

सोह्रौं योजनालाई अन्तिम रूप दिँदा विगतमा के-कस्ता कारणले योजना सफल वा असफल रहे भन्ने दृष्टिकोणबाट विमर्श गर्न बिर्सिनुहुँदैन




● गोपीनाथ मैनाली

अग्रलेख

नेपालले योजनाबद्ध विकास ढाँचा अवलम्बन गरेको करिब सात दशक हुँदै छ । यसबीच पाँचवटा त्रिवर्षीय र दशवटा पाँच वर्षीय योजना कार्यान्वयन भए । चालू आर्थिक वर्षमा पन्ध्रौं योजना समापन भई सोह्रौं योजना कार्यान्वयन हुने क्रममा छ । सुरुका तीन योजना पूर्वाधार संरचनामा केन्द्रित थिए । चौथो योजनाबाट एकीकृत ग्रामीण विकासलाई प्रमुख रणनीतिक प्राथमिकतामा राखियो । त्यसपछि छैटौं र सातौं योजना आधारभूत आवश्यकता परिपूर्ति, आठौंबाट दिगो विकास र गरिबी निवारण तथा नवौं सामाजिक मूल प्रवाहीकरणमा केन्द्रित रहे । दसौंबाट गरिबी निवारणको एकल उद्देश्य पूरा गर्न सुशासनको रणनीति अवलम्बन गरियो । त्यसपछिका चार त्रिवर्षीय योजनाले दसौं योजनालाई नै आधार मानेर कार्यक्रम निर्धारण गरे । पन्ध्रौं योजना संघीयता कार्यान्वयनपछिको पूर्ण योजना थियो, जसले विक्रमको अर्को शताब्दीमा पुग्दाको राष्ट्रिय अभीष्टसहित समृद्धिको आधार बनाउने दृष्टिकोण राख्यो । पन्ध्रवटा योजनालाई हेर्दा योजनाको प्रवृत्ति राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय सन्दर्भबाट निर्दिष्ट देखिन्छन् । यस दृष्टिकोणमा आवधिक योजना ठिकै थिए भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

तर, उपलब्धिका दृष्टिकोणबाट विश्लेषण गर्दा आठौं योजनाबाहेक कुनै पनि योजनाले आर्थिक वृद्धिको लक्ष्यसम्म पूरा गर्न सकेका छैनन् । आठौं योजनाले ५.१ प्रतिशत आर्थिक वृद्धि गर्ने लक्ष्य राखेकामा ४.९ प्रतिशत आर्थिक वृद्धि गरी लक्ष्यको निकै समीपमा रह्यो । अन्य योजना समष्टिगत र क्षेत्रगत लक्ष्य उपलब्धिमा निकै टाढा रहे । आठौं योजना एक प्रकारको राजनीतिक व्यवस्थाबाट अर्को व्यवस्थामा प्रवेश गरेपछि तर्जुमा भएको थियो । यसले पहिलो निर्वाचित सरकारका नीति दृष्टिकोणलाई पूर्ण रूपमा लिएको थियो, सामाजिक सन्दर्भलाई समेटेको थियो र निजी क्षेत्रको विश्वास पनि आर्जन गरेको थियो । यस योजनाले पहिलो चरणको सुधार कार्यक्रमलाई अघि सारेको थियो । परिमाणतः निजी क्षेत्रको सम्भावनाको उपयोग हुन पुग्यो । उदारीकरणको लाभ अर्थतन्त्रमा भित्रिन गई औद्योगिक उत्पादनले गार्हस्थ उत्पादनको १३ प्रतिशत हिस्सा ओगट्न पुग्यो । त्यसपछिका कुनै पनि योजना यही योजनाको नीति लाभभन्दा माथि उठ्न सकेका छैनन् । कतिपय क्षेत्रमा आठौं योजनाको उपलब्धि संरक्षणसमेत हुन सकेको छैन । यसर्थ सोह्रौं योजनालाई अन्तिम रूप दिँदा विगतमा केकस्ता कारणले योजना सफल वा असफल रहे भन्ने दृष्टिकोणबाट हेर्न बिर्सिनुहुँदैन । पन्ध्रौं योजना दीर्घकालीन राष्ट्रिय अभीष्ट 'समृद्ध नेपाल सुखी नेपाली' पूरा गर्ने आधार सिर्जना गर्ने गरी घोषणा गरिएको थियो । जसका लागि औसत आर्थिक वृद्धि ९.६ प्रतिशत हासिल गर्ने र गरिबीको रेखामुनिका जनसंख्या ९.५ प्रतिशतमा झार्ने भनिएको थियो, जुन उपलब्धिका सापेक्षमा लक्ष्यभन्द निकै टाढा छन् । सामाजिक र पूर्वाधार सूचकमा केही सफलता हासिल भए पनि आर्थिक सूचक नै योजनाको महत्त्वपूर्ण पक्ष हो । उत्पादन, रोजगारी, लगानीजस्ता पक्षमा सुधार नआए अन्य उपलब्धि दिगो हुन सक्दैनन् । आर्थिक पक्ष मात्र कमजोर देखिएको होइन, सुशासनका क्षेत्रमा देखिएको अवस्था पनि निकै चिन्ताजनक छ । शिक्षा र स्वास्थ्यमा संरचनात्मक र परिमाणात्मक प्रगति देखिए पनि राष्ट्रिय स्वास्थ्य प्रणाली कति कमजोर छ भन्ने कुरा कोभिड महामारीमा देखियो । स्वास्थ्य सेवा सर्वसाधारणको पहुँचमै छैन । त्यस्तै शिक्षा सीपयुक्त मात्र नभएको होइन, यसले वर्ग विभाजकको काम पनि गर्दै छ । यसले राष्ट्रिय विकास र मानव पुँजी निर्माणको काम गरेको छैन । समाज, व्यक्ति र राष्ट्रलाई भार पर्ने शिक्षाले गम्भीर भविष्यको संकेत गरेको छ ।

आवधिक योजना कुनै प्राज्ञिक विषय होइन, न राष्ट्रिय अभीष्टलाई विनाआधार प्रस्तुत गर्ने विधि हो । योजनालाई वास्तविक र कार्यान्वयनयोग्य बनाउन यसले सामाजिक वास्तविकतालाई टिप्न सक्नुपर्छ, आन्तरिक क्षमता र सम्भावना आकलन गर्न सक्नुपर्छ । लक्ष्यलाई उपलब्धिमा पुऱ्याउन नतिजामूलक खाका कोर्न सक्नुपर्छ र समयबद्ध रूपमा त्यसलाई अनुवाद गर्ने प्रणाली निर्माण गर्ने प्राविधिक क्षमता राख्नुपर्छ ।



> सोह्रौं योजना निर्माण गर्दै गर्दा कसरी भविष्यप्रति आमनागरिकमा आशा जगाउने तथा रोजगारी र उत्पादनलाई केन्द्रबिन्दुमा राखेर त्यसको नेतृत्वदायी क्षेत्र कसरी पहिचान गर्ने भन्नेमा ध्यान केन्द्रित गर्नु जरुरी छ

योजना राष्ट्रिय अनुशासनको पद्धति हो । लक्ष्य प्राप्त गर्न रणनीति निर्माण, प्राथमिकीकरण र निजी क्षेत्र परिचालन गर्ने स्पष्ट दृष्टिकोण चाहिन्छ । अर्थतन्त्रका क्षेत्रबीचको अन्तरआबद्धता निर्माण गर्न सक्नुपर्छ । राष्ट्रिय प्राथमिकतामा सबैलाई अन्तरबोध गराउनुपर्छ । यसो नभए योजना अपेक्षाको सूचीभन्दा माथि पुग्दैन ।

मुलुकको अहिलेको प्रमुख-प्रमुख चुनौती भनेको रोजगारी सिर्जना र उत्पादन वृद्धि हो । अर्को शब्दमा भन्नुपर्दा आशा निर्माण हो । युवाहरूले रोजगारी चाहिरहेका छन् भने लगानीकर्ताले लगानीको वातावरण चाहिरहेका छन् । लगानीको वातावरण बनाउन नसकिए रोजगारी सिर्जना हुँदैन । भविष्य सुरक्षित नभएको अवस्थामा श्रम तथा पुँजी बाहिरिन्छ । यो क्रम बढ्दै जाँदा राष्ट्र सामर्थ्यबाट बाहिरिन्छ र राज्यप्रतिको विश्वास र नागरिक तहमा

> आवधिक रूपमा समीक्षा र कार्यान्वयन सहजीकरणको पद्धति बसाउन सकियो भने मात्र भनिएजसरी सोह्रौं योजना 'आउट अफ बक्स' हुन सक्छ र यो सामाजिक वास्तविकतासँग नजिक पनि रहन्छ

राष्ट्रिय गर्वबोध हुँदैन । यसर्थ सोह्रौं योजना निर्माणको नीतिशिल्प कसरी भविष्यप्रति आमनागरिकमा आशा जगाउने, अझ भनौं भविष्य निर्माण गर्ने भन्नेमा आत्मैदेखि संवेदनशील बन्नुपर्छ । सोह्रौं योजनाले राम्ररी मार्गदर्शन गर्न नसकेमा प्रदेशहरूले तर्जुमा गर्दै गरेको दोस्रो आवधिक योजना पनि अलमलिनेछन् ।

केन्द्रबिन्दुमा रोजगारी र उत्पादनलाई राखेर त्यसको नेतृत्वदायी क्षेत्र पहिचान गर्नु योजनाको पहिलो काम हुनुपर्छ । कुनै पनि मुलुकको अर्थतन्त्रका खास सम्भावना क्षेत्र हुन्छन्, त्यसैको व्यवस्थापन गरेर नै उत्पादन र रोजगारी विस्तार गर्न सकिन हो । साठीको दशकमा भारतले जुट, चिया र कृषि उत्पादनबाट विकास यात्राको जग बसाएको थियो । सिंगापुरसँग प्राकृतिक साधन थिएन, मानव पुँजी निर्माण र उपयोगको दृष्टिकोण लिएको थियो । दक्षिण कोरिया, मलेसियाका पनि यस्तै उदाहरण छन् । नेतृत्वदायी क्षेत्र पहिचानमा प्राविधिक दक्षता र तथ्यपरक जानकारी चाहिन्छ । नेतृत्वदायी क्षेत्रको निर्धारणपछि स्रोतसाधन परिचालन यसैमा केन्द्रित गर्नुपर्छ । धेरै प्राथमिकताले साधन छरिन्छ र उपलब्धि उम्किन्छ । नेपालको आर्थिक विकासका नेतृत्वदायी क्षेत्र कृषि पहिलो, जल संसाधन दोस्रो र पर्यटन तेस्रो हुन् । कृषि उत्पादनले खाद्य सुरक्षा दिन्छ, निर्यात प्रवर्द्धन गर्छ र यो रोजगारी सिर्जनाको ठूलो आधार पनि बन्न सक्छ । लाखौं हेक्टर उपयोगविहीन भूमिले यसैको संकेत गर्छ ।

जलसाधनको बहुपक्षीय उपयोग (विद्युत्, खानेपानी उद्योग, जलाधार संरक्षण, वातावरणीय सन्तुलन, घरायसी उपयोग, मनोरञ्जन र केही हदमा यातायात) ले समृद्धि दिन्छ । यो उत्पादनका अन्य चरहरूलाई क्रियाशील गराई रोजागरी सिर्जना गर्ने बृहत् सम्भावनायुक्त क्षेत्र हो । यो निर्यातमूलक व्यवसाय र बाह्य समाजमा नेपालको रणनीतिक उपस्थिति गराउने सम्भावना बोक्ने क्षेत्र हो । तेस्रो क्षेत्र पर्यटनले नेपालको समृद्धिलाई दिगो बनाउने सम्भावना बोकेको छ । पर्यटन आयआर्जन, पहिचान विस्तार र सम्बन्ध सुदृढीकरणको आधार हो । यसबाट घरपरिवार तहदेखि ठूला पर्यटन व्यवसायीसम्मले समान रूपमा व्यवसाय विस्तार गर्न सक्छन् । यसो गर्न नेपालको अवस्थिति, पर्यटन क्षेत्रमा नेपालको विशिष्टताका क्षेत्रहरू र केही क्षेत्रमा पाएको एकाधिकारले पनि समर्थन गर्छ । छिमेकी उदीयमान अर्थतन्त्रले छाडेका 'स्पेस' लिने आधार पनि यही पर्यटन हो ।

नेतृत्वदायी क्षेत्रको पहिचान गरेपछि त्यसैलाई केन्द्र स्थानमा राखेर क्षेत्रगत 'लाइन'हरू निर्माण गर्नुपर्छ । जस्तो कि कृषिमा सरकारले के गर्ने, निजी क्षेत्रले के-कति गर्ने, शिक्षा उपक्षेत्र, उद्योग उपक्षेत्र पूर्वाधार उपक्षेत्रले कृषिलाई कसरी सघाउने भन्नेबारे पहिल्यै निर्धारण गर्नु आवश्यक छ । त्यसैगरी पर्यटन र जलसाधन क्षेत्रको विकासका लागि उपक्षेत्रगत योगदान र पात्र पहिचान गर्नुपर्छ । लगानी प्रक्षेपण यही क्रममा गर्नुपर्छ । सरकार विकासको एकल प्रदाता होइन, निजी क्षेत्र विकासको इन्जिन हो । यो कुरा स्विकारेर लगानी ढाँचा निर्माण गर्नुपर्छ । तहगत सरकार र समुदायको भूमिका यही निर्धारण गर्नुपर्छ ।

यसलाई कठोर अनुशासनमा लिइनुपर्छ । आवधिक रूपमा समीक्षा र कार्यान्वयन सहजीकरणको पद्धति बसाउनुपर्छ । अनि मात्र भनिएजसरी सोह्रौं योजना 'आउट अफ बक्स' हुन सक्छ र यो सामाजिक वास्तविकतासँग नजिक रहन्छ । यस प्रकारको कार्यढाँचा निर्धारण भएन भने योजना राम्रो अपेक्षाको सूची त बन्छ, कार्यान्वयन हुँदैन । भुल्न नहुने कुरा के हो भने योजना तर्जुमामा उत्साह र कार्यान्वयनमा शिथिलताको स्थिति अब दोहोरिन दिनुहुँदैन ।

@mainaligopi

३ प्रश्न

संसद्को शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिका सभापति **भानुभक्त जोशी**लाई



विद्यालय शिक्षा विधेयक संशोधनका लागि सुझाव संकलन कार्य कहाँ पुग्यो ?

विद्यालय शिक्षा विधेयकको छलफल मन्त्रालयबाट सुरु भएको थियो । यसको प्रमुख हिस्सेदारका रूपमा रहेका नगरपालिका संघ र गाउँपालिका महासंघसँग छलफल गरिसकेका छौं । शिक्षकको तर्फबाट पनि शिक्षक महासंघसँग छलफल भइसक्यो । सामुदायिक र संस्थागत विद्यालयसम्बद्ध संघसंस्थाका कुरा पनि सुनिसकेका छौं । सोमबार मदरसा, गुम्बा, बौद्ध महासंघ, विशेष शिक्षा, किराँत राईलगायत सम्बद्ध शैक्षिक संस्थाका प्रतिनिधिसँग छलफल गरेका छौं । अब शिक्षासँग सरोकार राख्ने संघसंस्था तथा संवैधानिक निकायसँग छलफल गर्न बाँकी छ । त्यसपश्चात् शिक्षासँग सम्बन्धित विज्ञसँग छलफल गरेपछि प्रदेश तहमा पनि छलफललाई लैजान्छौं । यी प्रक्रिया सकिएपछि माननीयहरूसँग बसेर दफावार छलफल गर्छौं र प्रतिवेदन बुझाउँछौं ।

विधेयकमाथि बढ्दो आपत्ति सामुदायिक र संस्थागत विद्यालयको पनि छ, उनीहरूका माग कसरी सम्बोधन हुन्छन् ?

हामी अहिले छलफलकै चरणमा छौं । संस्थागत र सामुदायिक विद्यालय कस्तो मोडलमा लैजाने भन्नेबारे छलफल गरिरहेका छौं । यसबारे थप छलफल र वार्ता आवश्यक छ । छलफलमा उठेका मुद्दालाई सुझावका रूपमा प्रतिवेदनमा समेट्छौं ।


विधेयकमा सुझाव संकलन गर्दाका चुनौती कस्ता छन् ?

झट्ट हेर्दा विधेयक ठीक लागे पनि सरोकारवालासँग सुझाव संकलनमा बस्दा यसलाई धेरै परिमार्जन गर्नुपर्नेजस्तो देखिएको छ । सबै पक्ष, संघ तथा प्रदेशको भूमिका, शिक्षक व्यवस्थापन, शिक्षकका राजनीतिलगायत विषयमा छलफल गर्न चुनौती भइरहेको छ । अझ देशभरि नै यसबारे छलफल चलाउनुपर्ने देखिन्छ । तर, पिँधसम्म पुग्ने समयको अभाव छ । तैपनि, अधिकांशलाई चित्त बुझ्ने गरी सुझाव संकलन गरिरहेका छौं ।

प्रेरक प्रसंग

केही सिक्ने उमेर

यो त्यति वेलाको कुरा हो, जब स्वामी रामातीर्थ जापानको यात्रा गरिरहेका थिए । भारतबाट जापान जाँदा उनी पानीजहाजबाट यात्रा गरिरहेका थिए । त्यही जहाजमा एक जापानी वृद्ध पनि थिए, जसको उमेर लगभग ९० वर्ष हाराहारीको हुँदो हो । ती जापानी वृद्धका हातखुट्टा थरथर कामिरहेका थिए र आँखा पनि निकै कमजोरजस्ता देखिन्थे । तर, त्यति कमजोर वृद्धि भइसक्दा पनि उनी चिनियाँ भाषा सिक्नका लागि चिनियाँ भाषासम्बन्धी किताब पढिरहेका थिए ।



स्वामी रामातीर्थ ती जापानीको लगन देखेर प्रभावित भए । उनी ती जापानी वृद्धको प्रयास देखेर चुपचाप बसिरहन सकेनन् । उनले ती वृद्धलाई सोधे, 'यति वृद्ध भएर पनि तपाईं चिनियाँ भाषा सिक्न खोजिरहनुभएको छ । चिनियाँ भाषा त संसारकै कठिनतम भाषामध्ये एक हो । यो भाषा राम्ररी सिक्नका लागि तपाईं हामीजस्ता तेस्रो भाषाभाषीलाई निकै वर्ष लाग्छ । अनि तपाईं यस्तो कठिन भाषा कहिलेसम्ममा सिकिसक्नुहुन्छ र कहिले यसको उपयोग गर्न पाउनुहोला ?'

उनको यो भनाइ सुनिसकेपछि ती वृद्ध जापानीले स्वामी रामातीर्थलाई कमजोर आँखाले ध्यान दिएर हेरे र भने, 'जबसम्म म जिउँदो हुन्छु, तबसम्म मैले केही न केही सिकिरहनुपर्छ, नत्र मलाई आफ्नो जीवन बेकारको लाग्नेछ । मर्नु त एक दिन छ नै । यो कुरा सबैलाई थाहा पनि छ । तर, यदि मानिसले मृत्युबारे मात्र सोचिरह्यो भने उसले जीवनमा केही काम गर्न सक्दैन । त्यसैले नयाँ कुरा सिक्न उमेरलाई कहिल्यै बाधक ठान्नु हुँदैन ।' उनको जवाफ सुनेर स्वामी रामातीर्थ हर्षविभोर भए र ती जापानी वृद्धलाई झुकेर अभिवादन गरी आफ्नो स्थानमा गएर बसे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेसमा गुटगत लडाइँ कहिलेसम्म ?

देशको सबैभन्दा ठूलो र जेठो पार्टी कांग्रेसमा राष्ट्रिय सभा निर्वाचनको पूर्वसन्ध्यामा गुटको किचलो चर्किएको समाचार पढियो । कांग्रेस कहिल्यै नसुध्रिने पार्टी हो । यसका नेताहरूले कहिल्यै चेत्दैनन् । यिनलाई देश र जनताको कुनै चिन्ता छैन । यिनलाई जहिल्यै आफ्नो गुटको भाग पाए पुग्छ । देशको सत्ताको बागडोर पटक-पटक सम्हालेको दल र तिनका नेताको यो गुटगत लिप्साले देशलाई खरानी पार्ने चिन्ता सर्वत्र बढेको छ । कांग्रेसमा घर पोलेर आगो ताप्ने रोग लागेको छ । ऊ अहिले पनि त्यही दाउमा छ । कांग्रेसभित्रको यो गुटगत लडाइँ कहिलेसम्म चल्ने हो ?

● **सुस्मिन कोइराला**, भक्तपुर

मुद्दा कता अड्कियो ?

ललिता निवास प्रकरणमा मुदा दर्ता भएको चार वर्षभन्दा बढी समय भइसक्यो । तर, अझै पनि सो मुद्दामा कुनै सुनुवाइ हुन सकेको देखिन्न । काठमाडौं जिल्ला अदालतले जिल्ला प्रशासन र गृह मन्त्रालयबाट झिकाउन आदेश गरेको विभिन्न प्रमाण र अभिलेख अझै अदालतसम्म पुग्न सकेको छैन । हेर्ने हो भने जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतको दूरी मुस्किलले एक सय मिटरजति होला । तर, अझै अदालतसम्म प्रमाण किन पुगिरहेको छैन ?

● **सुमित्रा सुब्बा**
बबरमहल, काठमाडौं

प्रहरीले संयम अपनाओस्

पछिल्लो समयमा प्रहरीको गोली लागेर आन्दोलनरत तीन युवाको अकालमा ज्यान गयो । आन्दोलनकारीको ज्यान गएपछि सरकारले मृतकका परिवारलाई १०-१० लाख क्षतिपूर्ति दिने, सहिद घोषणा गर्नेलगायत सहमति गरेर आन्दोलनलाई मत्थर पारिरहेको छ । तर, यसरी आन्दोलनमा उत्रेका आफ्नै जनताको ज्यान लिने गरी आक्रमण गर्नु कुनै हालतमा स्वीकार्य हुन सक्दैन । त्यसैले, आन्दोलन रोक्ने नाममा बल प्रयोग गर्नबाट प्रहरीले संयम अपनाओस् । कसैको पनि अनाहकमा ज्यान जाने अवस्था नआओस् ।

● **सुन्दर लामा**
बौद्ध, काठमाडौं

देश र जनताको चिन्ता गर्ने कसले ?

देशमा मौलाएको भ्रष्टाचारका कारण हाम्रो देश अघि बढ्न नसकिरहेको तथ्य कसैबाट लुकेको छैन । भ्रष्टाचार एउटा संक्रामक महामारीका रूपमा संघदेखि स्थानीय तहसम्मका कुनाकुनामा फैलिसकेको छ । तर, यसको निदान कसरी कोबाट हुन सक्छ, त्यसको पनि अहिलेसम्म अत्तोपत्तो छैन । पुराना र परीक्षित नेताहरूबाट अब जनतामा कुनै आशा र अपेक्षा बाँकी छैन । पछिल्ला दिनमा केही युवा नेताहरूले जनतामा झिनो नै भए पनि आशा जगाएका छन् । तर, तिनले नेतृत्व तहमा पुग्न अझै पार्टीभित्रै ठूलो लडाइँ लड्न बाँकी नै देखिन्छ ।

हाम्रो देशमा हावाका तालमा कराउने, हावादारी भाषण दिने र अर्कालाई गाली गर्ने नेताहरूको कमी छैन । यिनमा तथ्य र आधार नभएका हावादारी गफ दिन कसैले जित्दैन । तर, देश कसरी अघि बढाउने र जनतालाई कसरी सुखी र सम्पन्न बनाउने भन्ने विषयमा भने यिनीहरूमा कुनै भिजन छैन । ढल्दो उमेरले गर्दा यिनमा देश बनाउने र जनतालाई सुखी र समृद्ध बनाउने जोस, जाँगर र हुटहुटी पनि देखिन्न ।

देशमा अपार स्रोत, साधन र सम्भावना छन् । तर, हामी जनता अभावैअभावमा बाँच्न अभिशप्त छौं । राजनीतिक नेतृत्वलाई सत्ता भए पुग्छ । तिनलाई जनता होइन, गुट चाहिएको छ । त्यसैले, अहिले राष्ट्रिय सभाको निर्वाचनको पूर्वसन्ध्यामा पनि दलका नेताहरू आआफ्ना गुटको संवर्द्धनमा दत्तचित्त देखिन्छन् । यिनले परिवार, गुट र आसेपासेको मात्र भविष्यको चिन्ता लिन्छन्, देश र जनताको होइन ।

● **रमेशकेशरी वैद्य**, काठमाडौं

भारतका 'हिन्दू सम्राट्' तेस्रो कार्यकाल ताक्दै

मोदी नेतृत्वको भाजपा धर्मका नाममा हुने चुनावी हतकन्डामा बलियो छ, मोदीको हिन्दू सर्वोच्चतावादी अस्त्रसामु विपक्षीको धार्मिक प्रत्याक्रमण विजयी हुन सक्नेछैन



देश / विदेश

● शशी थरुर

भारतमा नयाँ वर्ष चुनावी चासोसाथ सुरु भएको छ । चुनावी मोर्चाबीचको प्रतिस्पर्धा स्पष्ट भइसकेको छ । चुनावमा एकातिर प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टी (भाजपा) छ भने अर्कातिर अधिकांश विपक्षी दल भारतीय राष्ट्रिय कंग्रेसनजिक रही इन्डिया गठबन्धनमा एकत्रित भएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वमा एक दशक शासन गरिसक्दा भाजपाको भाष्य परिवर्तन हुँदै गएको छ । सन् २०१४ को चुनावी अभियानताका 'अच्छे दिन आने वाले है' अर्थात् राम्रा दिन आउनेछन् भनेर नारा उछालिएको थियो । समृद्ध गुजरातका मुख्यमन्त्री एवं आर्थिक विकासका अवतार भनेर चिनिएका मोदीले प्रधानमन्त्री भएपछि प्रत्येक वर्ष दुई करोड रोजगारी सिर्जना गर्ने वाचा गरेका थिए । यी वाचा त परका कुरा भए, मोदीको पहिलो कार्यकालमा घातक डिमोनिटाइजेसन भयो, जहाँ एक झट्कामा ८६ प्रतिशत भारतीय मुद्रा निष्क्रिय भयो । जनताले दुःख भोगे र आमबेरोजगारी फैलियो । यो अवस्थामा सन् २०१९ को चुनावका लागि नयाँ भाष्य आवश्यक थियो । चुनावको ठीक दुई महिनाअगाडि पाकिस्तान आधारित लडाकु समूहले कश्मिरको पुलावामामा आत्मघाती हमला गरेर ४० भारतीय अर्धसैन्य बलका लडाकुको ज्यान लियो । भाजपाले त्यसवेला चुनावलाई राष्ट्रिय सुरक्षा जनमतसंग्रह बनाइदियो, जहाँ पहिले गुजरात विकासका नायक भनेर चिनाइएका मोदीलाई पाकिस्तानको घुसपैठविरुद्ध लड्ने ५६ इन्चको छाती भएको योद्धाका रूपमा प्रस्तुत गरियो । पुलवामा हमलालगत्तै भारतका तर्फबाट पाकिस्तानको सैन्य आधारमा हमला गरियो र यसको ठूलो प्रचार गरियो । यसले मोदीलाई उत्तर भारतीय राज्यमा ठूलो फाइदा गरायो ।

तर, दोस्रो कार्यकालमा मोदीले योद्धा बनाइएको आफ्नो छविलाई पोस्ने भाष्यलाई जोगाउन सकेनन् । यो योद्धा छवि चीनले हिमालय क्षेत्रको विवादित भूमिमा अतिक्रमण गर्दा लल्याकलुलुक भयो । मोदीकै कार्यकालमा ४५ वर्षमा पहिलोपटक चीनसँगको हिंसात्मक टकरावमा २० भारतीय सेना मारिए । मोदीकै कार्यकालमा भारत र चीन दुवैले पहरेदारी गर्ने ६५ चौकीमध्ये २६ बाट चीनले भारतलाई बेदखल गऱ्यो । मोदी चिनियाँ आक्रमण र आफ्नो योद्धा छवि जोगाउन असफल भए । तसर्थ, अहिले सन् २०१९ को राष्ट्रिय सुरक्षा भाष्य फिका बनेको छ र भाजपा आउँदो चुनावका लागि नयाँ भाष्य निर्माण गर्न बाध्य बनेको छ । अहिले सन् २०२४ मा भाजपाले मोदीलाई 'हिन्दू हृदय सम्राट्'का रूपमा प्रस्तुत गर्न खोजिरहेको छ । वास्तवमा अहिले भाजपाले आफ्नो वास्तविक लय समात्न खोजिरहेको छ । भाजपाको हिन्दू राष्ट्रवाद नौलो होइन । र, सन् २००२ मा गुजरातमा करिब दुई हजार मानिसको हत्या हुने गरी भएको कुख्यात मुसलमानविरोधी सफायामा मोदी आफैं जोडिएका छन् । यसैकारण सन् २०१४ को चुनावी प्रचारमा मोदीको हिन्दू राष्ट्रवाद त्यति धेरै प्रचारमा आएन । कुख्यात गुजरात मुसलमानविरोधी सफायाले बिगारेको छविलाई सुधार्न सन् २०१४ मा मोदीलाई आर्थिक नायकका रूपमा प्रस्तुत गरिएको थियो ।

आफ्नो दशकीय कार्यकालमा मोदीले मुलुकमा ८० प्रतिशतको संख्या रहेको हिन्दू समुदायलाई ग्राह्यता दिए । भाजपा सरकारले भारत स्वतन्त्र भएयताको भारतीय राजनीतिको वैशिवक धर्मनिरपेक्षतालाई हमला गर्ने गरी कार्यक्रमको शृंखला ल्याएको छ । अहिले भाजपाले मोदीको सच्चा हिन्दू छविलाई दुई



तस्बिर : एभिलिन हकस्टिन/एएफपी

गुणाले बढाएको छ । मोदीलाई वाम झुकाव राख्ने धर्मनिरपेक्षतावादीले भन्ने गरेको 'जनता'को वास्तविक प्रतिनिधि बनाइएको छ । सच्चा हिन्दू बनाउने प्रयासको चरम अवस्था २२ जनवरीमा देखिनेछ, जब मोदीले अयोध्यामा राम मन्दिरको उद्घाटन गर्नेछन् । भाजपाले सन् १९९२ मा हिन्दू अतिवादी र कैयौं आमहिन्दूलाई परिचालन गरी ध्वस्त बनाएको बाबरी मस्जिद क्षेत्रमा विशाल राम मन्दिर बनाउने उहिल्यै वाचा गरेको थियो । राम मन्दिर उद्घाटनले वाचा पूरा गरेको देखाउनेछ र यसले मुलुकभर विशेषतः उत्तर भारतीय राज्यमा भाजपाको चर्चा चुलिनेछ । यो सबले पार्टीको हिन्दूत्ववादी विचारधारालाई बलियो बनाउनेछ । राम मन्दिर उद्घाटनलगत्तै १४ फेब्रुअरीमा मोदीले युएईको अबुधाबीमा रहेको हिन्दू मन्दिर उद्घाटन गर्नेछन् । मोदी भारतको स्वतन्त्र विदेश नीति र भारतको बढेको सम्मानको डिङ हाँक्छन् । अबुधाबीको मन्दिर उद्घाटनले मोदीले भारतबाहिर हिन्दू धर्मको सम्मान फैलाएको भाष्य निर्माण गर्नेछ । सम्भवतः अबुधाबी उद्घाटनलगत्तै चुनाव घोषणा हुनेछ । यी घटनाक्रमले चुनावका सम्मुखमा मोदी हिन्दू नायक हुन् भन्ने भाष्य निर्माण हुनेछ । त्यसवेला मोदीलाई भोट हाल्नु भनेको हिन्दू पहिचानका लागि भोट हालेको ठहरिनेछ ।

इन्डिया गठबन्धनले मोदीविरुद्ध धर्मका नाममा प्रतिस्पर्धा गर्नुहुँदैन । किनभने मोदी नेतृत्वको भाजपा धर्मका नाममा हुने चुनावी हत्कण्डामा निकै बलियो छ, मोदीको हिन्दू सर्वोच्चतावादी अस्त्रसामु विपक्षीको धार्मिक प्रत्याक्रमण विजयी हुन सक्नेछैन । बरु इन्डिया गठबन्धनले सन् १९९२ को अमेरिकी चुनावबाट पाठ सिक्नुपर्छ । सो चुनावमा गठबन्धनले आफू र मतदातालाई 'मूर्ख अर्थतन्त्र नै सबैथोक हो' भन्ने भाष्य सम्झाउनुपर्छ । यो भाष्यअनुसार मुलुकको वास्तविक अवस्था अर्थतन्त्रले चित्रण गर्छ भन्ने देखाउँछ । चुनावका वेला 'अच्छे दिन कहाँ गयो ? प्रत्येक वर्ष दुई करोड रोजगारी सिर्जना गर्ने वाचा कहाँ गयो ? 'सबैको साथ सबैको विकास' कहाँ गयो ? सबका खल्ती र बैंक खातामा ठूलो मात्रामा पैसा जम्मा गर्ने वाचा कहाँ गयो ? लगायत प्रश्न गरिनुपर्छ । यो चुनाव हिन्दूत्वको भाष्यविरुद्ध भारतीय जनताको आर्थिक अवस्था के छ भन्ने एजेन्डामा केन्द्रित हुनुपर्छ । इन्डिया गठबन्धनले यही एजेन्डामा रहेर चुनावी प्रश्न गर्नुपर्छ ।

(थरुर भारतीय राष्ट्रिय कंग्रेसका नेता हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विवादबीच हसिना विजयी, पाँचौंपटक प्रधानमन्त्री बन्ने तयारी

धाँधलीपूर्ण निर्वाचनको कुनै अर्थ नभएको प्रमुख विपक्षी बंगलादेश नेसनल पार्टी (बिएनपी)को भनाइ

बंगलादेशमा आमनिर्वाचन

विवाद र प्रमुख विपक्षी पार्टीको बहिष्कारबीच बंगलादेशमा सम्पन्न निर्वाचनमा प्रधानमन्त्री शेख हसिना बाजेदको अवामी लिग (एआई) पार्टी विजयी भएको छ। जातीय संसद्को कुल ३०० सिटमध्ये २९९ सिटका लागि आइतबार सम्पन्न निर्वाचनमा हसिनाको पार्टी विजयी भएको हो। योसँगै हसिना पाँचौंपटक प्रधानमन्त्री बन्ने निश्चित भएको छ।

अलजजिराका अनुसार हसिनाको अवामी लिगले २२२ सिट प्राप्त गरेको छ। अवामी लिगपछि धेरै स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। निर्वाचन आयोगका अनुसार ६३ सिटमा स्वतन्त्र उम्मेदवार विजयी हुँदा वर्तमान प्रतिपक्षी दल जातीय पार्टी ११ सिटमा खुम्चिएको छ। निर्वाचनको सम्पूर्ण परिणामको औपचारिक घोषणा हुन बाँकी छ। यसअघि सन् २०१८ मा सम्पन्न आमनिर्वाचनमा अवामी लिगले २५८ र प्रमुख विपक्षी जातीय पार्टी २७ सिटमा विजयी भएका थिए।

लगभग सबै विजयी स्वतन्त्र दाबेदारहरू अवामी लिगले अस्वीकार गरेका व्यक्ति थिए। तर, पार्टी नेतृत्वले विश्वसामु चुनावलाई प्रतिस्पर्धात्मक छ भन्ने देखाउन उनीहरूलाई 'डमी उम्मेदवार'को रूपमा खडा हुन आग्रह गरेको थियो।

निर्वाचन परिणाम सार्वजनिकपछि हसिनाले आफ्नो पाँचौं कार्यकाल सत्तामा रहनु भनेको 'जनताको विजय' भएको दाबी गर्दै 'जनताको लोकतान्त्रिक अधिकार सुनिश्चित गर्न जीवनभर लडिरहने' बताइन्। ७६ वर्षीया हसिना सन् १९९६ मा पहिलोपटक देशको प्रधानमन्त्री बनेकी थिइन्। सन् २००९ मा पुनः निर्वाचित भएपछि उनी निरन्तर बंगलादेशको सत्तामा छिन्। सन् २००९, २०१४ र २०१८ मा भएका निर्वाचनमा उनी प्रधानमन्त्रीका रूपमा क्रमशः दोस्रो, तेस्रो र चौथोपटक निर्वाचित भएकी थिइन्।

> ७६ वर्षीया हसिना सन् १९९६ मा पहिलोपटक देशको प्रधानमन्त्री बनेकी थिइन्। सन् २००९ मा पुनः निर्वाचित भएपछि उनी निरन्तर सत्तामा छिन्।



प्रमुख विपक्षी दल बंगलादेश नेसनल पार्टी (बिएनपीले) चुनावलाई नौटंकी भनेको छ। बिएनपीले चुनाव बहिष्कार गरेको थियो। धाँधलीपूर्वक भएको निर्वाचनको कुनै अर्थ नभएको पार्टीले जनाएको छ। बिएनपीले तटस्थ चुनावी सरकार र सरकारले थुनामा राखेका आफ्ना नेता-कार्यकर्ताको रिहाइको माग गर्दै आएको थियो। तर, सरकारले विपक्षीका कुनै माग सम्बोधन नगरी एकतर्फी ढंगले निर्वाचन गरेको थियो। चुनावअघि सरकारले बिएनपीका हजारौं नेता-कार्यकर्ता पक्राउ गरेको थियो। बिएनपीकी नेतृ तथा पूर्वप्रधानमन्त्री बेगम खालिदा जियामाथि भ्रष्टाचारको अभियोग लगाइएको छ। सरकारले उनलाई हाल घरमै नजरबन्दमा राखेको छ।

आइतबारको 'एकतर्फी चुनाव' हसिनालाई पुनः सत्तामा ल्याउने 'औपचारिकता' मात्र भएको विश्लेषकले बताएका छन्। 'यो विचित्र चुनावको अनौठो नतिजा हो,' प्रख्यात बंगलादेशी अधिकारकर्मी तथा फोटोग्राफर साहिदुल आलमको भनाइ उद्धृत गर्दै अलजजिराले लेखेको छ, 'डमी चुनावमा डमी उम्मेदवारहरू अब डमी संसद्मा जानेछन्।'

आइतबारको निर्वाचनमा मतदाताको न्यून सहभागिता थियो। निर्वाचन अधिकारीले ४० प्रतिशत मत खसेको दाबी गरे पनि त्योभन्दा निकै थोरै मत खसेको विश्लेषकले बताएका छन्। पछिल्लो चुनावसँगै हसिना थप तानाशाहउन्मुख रहेको उनीहरूले टिप्पणी गरेका छन्।

- एजेन्सी

■ भुटानमा आज आमनिर्वाचन

युवाको विदेश पलायन मुख्य मुद्दा



हिमाली राज्य भुटानमा मंगलबार आमचुनाव हुँदै छ। करिब आठ लाख जनसंख्या भएको यस भूपरिवेष्टित देशमा मतदानका लागि मतदाताालाई कैयौं माइल टाढादेखि पैदलयात्रा गर्नुपर्ने बताइएको छ। यस चुनावमा देशको सुस्ताउँदै गएको अर्थतन्त्र, उच्च बेरोजगारी, युवाहरूको विदेश गमन प्रमुख मुद्दा बनेको छ। 'हाम्रा युवालाई थप रोजगारी दिनुस्। नयाँ सडक वा पुल अहिले हामीलाई चाहिएको छैन,' ४६ वर्ष किसान किन्ले वाङचुकले एएफपी समाचार एजेन्सीले भने।

विश्व बैंकका अनुसार भुटानको युवा बेरोजगारी दर २९ प्रतिशत रहेको छ भने गत पाँच वर्षको आर्थिक वृद्धिदर औसत १.७ प्रतिशतले झरेको छ। उच्च बेरोजगारी तथा आर्थिक सुस्तताका कारण युवा राम्रो आर्थिक र शैक्षिक अवसरको खोजीमा विदेश जाने गरेका छन्, जुन गत निर्वाचनदेखि हवात्तै बढेको छ। भुटानी युवाहरूको मुख्य गन्तव्य अस्ट्रेलिया हुने गरेको छ। एक स्थानीय पत्रिकाअनुसार गत जुलाईपछिका १२ महिनामा करिब १५ हजार भुटानीले अस्ट्रेलियाको भिसा पाए। यो देशको कुल जनसंख्याको झन्डै दुई प्रतिशतभन्दा बढी र पछिल्लो ६ वर्षको कुल संख्याभन्दा बढी हो।

> उच्च बेरोजगारी तथा आर्थिक सुस्तताका कारण युवा राम्रो आर्थिक र शैक्षिक अवसरको खोजीमा विदेश जाने गरेका छन्

ठूलो संख्यामा युवाको विदेश पलायनको मुद्दा चुनावमा लडिरहेका दुई प्रमुख दलले जल्दोबल्दो रूपमा उठाएका छन्। भुटान टेन्डरेल पार्टी (बिटिपी) का नेता पेमा चेवाङले युवा पलायनमार्फत देशले 'राष्ट्रको क्रिम' गुमाइरहेको बताए। 'यदि यो प्रवृत्ति जारी रह्यो भने देशका गाउँ खाली हुनेछन्,' ५६ वर्षीय पूर्वनिजामती कर्मचारी चेवाङले भने। उनका प्रतिद्वन्द्वी पूर्वप्रधानमन्त्री तथा पिपुल्स डेमोक्रेटिक पार्टी (पिडिपी) का अध्यक्ष ५८ वर्षीय छिरिङ तोब्गेले भुटानको 'अभूतपूर्व आर्थिक चुनौती र ठूलो संख्यामा युवा पलायन'प्रति चिन्ता व्यक्त गरे। उनको पार्टीको घोषणापत्रले सरकारी तथ्यांकलाई उद्धृत गर्दै देशका प्रत्येक आठजनामध्ये एकजनाले 'खाना र अन्य आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गरिरहेको' कुरा समेटिएको छ।

आर्थिक प्रतिबद्धता

भुटानको अर्थतन्त्रको सानो हिस्सा तर विदेशी मुद्राको मुख्य स्रोत रहेको पर्यटन क्षेत्र कोरोना भाइरस महामारीको असरबाट अझै तँग्रिन सकेको छैन। गत वर्ष, सरकारले यस उद्योगलाई पुनरोत्थान गर्न विदेशी आगन्तुकले तिर्नुपर्ने दैनिक शुल्कमा कटौती गऱ्यो। यी सुधारका बाबजुद सन् २०२३ मा भुटान आउने विदेशी पर्यटकको संख्या कोरोनाअघिको भन्दा एकतिहाइ मात्र थियो।

अघिल्लो सरकारले अर्थतन्त्रलाई विविधीकरण गर्न भारतीय सीमामा विशेष आर्थिक क्षेत्र बनाउनेदेखि सिंगापुरको एक कम्पनीसँग मिलेर क्रिप्टोकरेन्सी-खनन योजनाका लागि कोष संकलन गर्ने परियोजना अघि सार्‍यो। दुवै दलले देशको प्रमुख आयस्रोत जलविद्युत्मा लगानी बढाउने वाचा गरेका छन्।

बिटिपीको घोषणापत्रमा हाल निर्माण भएका जलविद्युत् योजनाहरू देशको क्षमताको १० प्रतिशत मात्र रहेको बताएको छ। पिडिपीले उच्च रोजगारी सिर्जना गर्ने स्टिल, सिमेन्ट र अन्य सहयोगी उद्योगको विकास गर्ने वाचा गरेको छ। भुटानको पहाडी उपत्यका र प्रचुर जलस्रोतले जलविद्युत् विकास र त्यसलाई कोइलाबाट बन्ने बिजुलीमा निर्भर छिमेकी भारतमा निर्यातका लागि 'आदर्श अवस्था' सिर्जना गरेको विश्व बैंकले बताएको छ।

भुटानका वर्तमान राजाको शासनपछि उनले सुरु गरेको सुधारअन्तर्गत दुई सदनात्मक संसद् स्थापना गरिएपछि देशमा पहिलोपटक सन् २००८ मा आमनिर्वाचन भयो।

- अलजजिराबाट

Putalibazar Municipality
Office of Municipal Executive
Gandaki Province, Syangja, Nepal
Second Amendment Notice
for
Request for Bids for the Procurement of Works dated on 28th December 2023 for Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, Putalibazar, Syangja

Second Amendment Notice Publication Date(e-GP system): January 8, 2024

This is to notify that we have issued herewith the Second Amendment on The Request for Bids for the Procurement of Works issued in PPMO dated on 28th December 2023 for Upgrading of Pragatinagar-Bahakot-Namche-Kalku Road, Putalibazar, Syangja under Nepal Urban Governance and Infrastructure Project (NUGIP), RFB No: NP-DUDBC-396312-CW-RFB, Loan No. /Credit No.: IDA-6778-NP.

RFB AMENDMENT MATRIX

S. N.	Reference	Initial Version (RFB issued on 28 December 2023)	Amended RFB Content
1	Notice of Request for Bids Works, SN-5,	Information to deposit the cost of bidding document in Bank; Office Code No.: 80443403300	Information to deposit the cost of bidding document in Bank; Office Code No.: 801044303
2	Section II: Bid Data Sheet C. Preparation of Bids ITB 19.2 (b)	Employer's Account: Office Code: 80443403300	Employer's Account: Office Code: 801044303
3	Section III: Evaluation and Qualification Criteria 2.2.1Pending Litigation	All pending litigation shall be treated as resolved against the Bidder and so shall in total NRs. **191,500,000.00**	All pending litigation shall be treated as resolved against the Bidder and so shall in total not represent more than 50 percent of the Bidder's net worth.
4	Section V - Eligible Countries	For the purpose of ITB 4.2: **"Nepal";** and For the purpose of Country of Origin ITB 5.1 and GCC 79.2: **"all Countries"**	For the purpose of ITB 4.2: **"all Countries";** and For the purpose of Country of Origin ITB 5.1 and GCC 79.2: **"all Countries"**

Chief Administrative Officer

Invitation for Bids
Government of Nepal
Ministry of Health & Population
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal
Invitation Of Bids for the Purchase of High End Video Endoscopy System with Bronchoscope for Hospital
Contract Identification No: GPKNCRD/GOODS/NCB/06/2080-081
Date of publication: 2080/09/24

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase of High End Video Endoscopy System with Bronchoscope for Hospital procedures as specified in Public Procurement Act and Regulations.
2. The bidder may submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done package by package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Bidder have the option of submitting their bid electronically only. Submission of hard copy bid shall not be entertained. Bidder can down load the bidding document for e-submission from PPMO's web site **www.bolpatra.gov.np/egp.** Bidder must submit application attaching copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 078/79 electronically and should deposit the non- refundable fee of **NRs. 3000.00** as the cost of bidding document in **Nepal Bank Ltd. Damauli, Tanahu's Inland Revenue office Damauli (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar)** account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank.

   Office Name: Inland Revenue Office Damauli (Aantarik Rajaswa Karyalaya, Damauli)
   Name of the Bank: Nepal Bank Ltd. Damauli, Tanahu
   Office Account no.: 00101000000001001001
   Office Code no.: 14229

   If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **(DHARAUTI KHATA) : 06001000002003000001 Nepal Bank Ltd. Damauli, Tanahu,** Office Code no.: **370003801,** Office Name: **KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid**. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned in the above table which shall be valid for 30 days beyond the validity period of bid.
4. Pre bid meeting NA.
5. Electronic bids must be submitted to GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahun Nepal through PPMO website: **www.bolpatra.gov.np/egp.** before **12:00 PM on 31th days** of publication of the notice. Bids received after this deadline will be rejected. Bidders are requested to follow the electronic bid submission procedure as specified in e-GP system Operating Guideline 2073 and user manuals issued by PPMO which are available in e-GP system.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 P.M. at 31th days** of bid publication notice at the office of GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahu.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

S.N.	Description of Package	Estimated amount with VAT (Nrs)	Bid Security (Nrs)	Document Form Fee (Non Refundable) Nrs
1.	**Technical Specification of High End Video Endoscopy System with Bronchoscope**	9134167/-	275000/-	3000/-

Hospital Chief
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal

तानादेवी (तारिणी भवानी) गुठीका थकुल दाजुभाइहरूमा उपस्थितिका लागि विशेष सूचना

यस समितिका सम्बन्धित थकुल दाजुभाइहरूको साधारणसभा बोलाउन सहयोग पुऱ्याउने समिति बनाउनु भन्ने जिल्ला प्रशासन कार्यालयको निर्देशानुसार सूचना जारी गरिएको छ। अतः श्री तानादेवी (तारिणी भवानी) सँग सम्बन्धित सबै थकुल दाजुभाइहरूलाई यही पौष २७ गते शुक्रबार दिनको २ बजे ताना बहाः (तारिणी बहाल) मा भेला हुन अनुरोध गर्दछौं।

सम्पर्क फोन नं. कार्यालयः ५९१४१२३
रामेश्वर लाल श्रेष्ठ : ९८५१०९३५९६
राकेश लाल श्रेष्ठ : ९८४१०९२६७०
समीर लाल श्रेष्ठः : ९८५१०३३३४८

भुवन लाल श्रेष्ठ
अध्यक्ष
श्री तानादेवी (तारिणी भवानी) संरक्षण समिति
मखन टोल, काठमाडौं

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय थर्पु, तनहुँबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.स.	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : प्रकाश वि.क. ना.प्र.नं. ९४५६९, जि.प्र.का. तनहुँ जारी मिति : २०६३/०७/०९ बाबुको नाम : कृष्ण बहादुर वि.क. बाजेको नाम : विर बहादुर वि.क. ठेगाना : तनहुँ जिल्ला, ढोरफिर्दी वडा नं. ३ हाल : तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ८	नाम : सुशिला सुनार ना.प्र.नं. ४३१०३७/६९२, जि.प्र.का. तनहुँ जारी मिति : २०६९/०४/०३ पतिको नाम : प्रकाश वि.क. ससुराको नाम : कृष्ण बहादुर वि.क. ठेगाना : तनहुँ जिल्ला, दुलेगौडा वडा नं. ८ हाल : तनहुँ जिल्ला, शुक्लागण्डकी न.पा. वडा नं. ८

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : थर्पु, तनहुँ, फोन नं. ०६५-४००११४
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २४ पुस ०८०

राष्ट्र बैंकको आर्थिक गतिविधिसम्बन्धी अध्ययन भन्छ-

आधा क्षमतामा मात्रै चलेका छन् देशभरका उद्योग

सबै उद्योगको क्षमता उपयोग ५४.४३% मात्र, यो ०७८/७९ को तुलनामा ३.८४% विन्दुले कम हो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

देशभर रहेका उद्योगहरू औसत आधा क्षमतामा सञ्चालन भएको देखिएको छ। नेपाल राष्ट्र बैंकले प्रादेशिक रूपमा गरेको आर्थिक गतिविधिसम्बन्धी अध्ययनको प्रतिवेदनअनुसार गत आव ०७९/८० मा उद्योगहरूको क्षमता उपयोग ५०.५८ प्रतिशत देखिएको छ। जुन आव ०७८/७९ को तुलनामा ३.८४ प्रतिशत विन्दुले कम हो। आव ०७८/७९ मा देशभरका उद्योगहरूको क्षमता उपयोग ५४.४३ प्रतिशत थियो।

समीक्षा अवधिमा कर्णाली प्रदेशका उद्योगको क्षमता उपयोग सबैभन्दा धेरै अर्थात् २४.४४ प्रतिशत विन्दुले घटेको छ। आव ०७८/७९ मा ७६.६ प्रतिशत रहेको कर्णालीका उद्योगको क्षमता उपयोग गत आव ०७९/८० मा ५२.१६ प्रतिशतमा सीमित भएको छ।

मधेश प्रदेशका उद्योगको क्षमता उपयोग भने ७.२७ प्रतिशत विन्दुले घटेको छ। ०७८/७९ मा मधेशका उद्योगको क्षमता उपयोग ६१.५२ प्रतिशत थियो, गत आवमा त्यो ५४.२५ प्रतिशतमा झरेको छ।

यसैगरी, लुम्बिनीका उद्योगको क्षमता उपयोग पनि ५.५४ प्रतिशत विन्दुले घटेको छ। आव ०७८/७९ मा ५६.३ प्रतिशत रहेको लुम्बिनीका उद्योगको क्षमता उपयोग गत आवमा ५०.८२ प्रतिशतमा सीमित भएको छ। यसैगरी ०७८/७९ मा ५२.६ प्रतिशत रहेको कोशी प्रदेशका उद्योगको क्षमता उपयोग गत आवमा ५१.१ प्रतिशत झरेको छ। आव ०७८/७९ मा ४७.४ रहेको बागमती प्रदेशका उद्योगको क्षमता उपयोग पनि घटेर ४६.७ प्रतिशतमा झरेको छ।

सडक पूर्वाधार, विद्युत, सीमा क्षेत्र, नजिकको संघीय राजधानीलगायतका कारण बागमती, कोशी, मधेश र लुम्बिनी प्रदेशमा उद्योग सञ्चालनमा सहज छ। तैपनि, सोही प्रदेशका उद्योगहरूको क्षमता उपयोग बढी घटेको राष्ट्र बैंकको प्रतिवेदनले देखाएको छ।

गण्डकी र सुदूरपश्चिमका उद्योगको भने बढेको छ। आव ०७८/८० मा ४३.६ प्रतिशत रहेको गण्डकीका उद्योगको क्षमता उपयोग गत आवमा २.२ प्रतिशत विन्दुले बढेर ४५.८ प्रतिशत पुगेको छ। सुदूरपश्चिमका उद्योगको क्षमता उपयोग भने १०.३५ प्रतिशत विन्दुले बढेर ५३.२८ प्रतिशत पुगेको छ।

प्रदेशअनुसार उद्योगहरूको क्षमता उपयोग

प्रदेश	०७८/७९	०७९/८०	परिवर्तन (प्रतिशत विन्दु)
कोशी	५२.६	५१.१	-१.५
मधेश	६१.५२	५४.२५	-७.२७
बागमती	४७.४	४६.७	-०.७
गण्डकी	४३.६	४५.८	२.२
लुम्बिनी	५६.३६	५०.८२	-५.५४
कर्णाली	७६.६	५२.१६	-२४.४४
सुदूरपश्चिम	४२.९३	५३.२८	१०.३५

स्रोत : नेपाल राष्ट्र बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाश श्रेष्ठले पछिल्लो समय देखिएको आर्थिक शिथिलताकै कारण उद्योगहरूको क्षमता उपयोग घटेको बताए। 'समग्रमा बजारमा वस्तु तथा सेवाको मागमा कमी आयो। सरकारले पुँजीगत खर्च बढाउन सकेन। साथै, कर्जा प्रवाहमा पनि संकुचन आयो,' उनले भने, 'यी यस्ता कारण उद्योगहरूको क्षमता उपयोग घटेको छ। चालू आवको अवस्था के छ, त्यसबारे भने अध्ययन गर्दै छौं।'

यस्तै, मोरङका उद्योगी सुयश प्याकुरेलले पनि आर्थिक शिथिलताकै कारण उद्योगहरूको क्षमता उपयोग घटेको बताए। 'चालू आवमा पनि क्षमता उपयोग बढ्न सकेको छैन,' उनले भने, 'अधिकांश उद्योग ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालन भइरहेका छन्।' सामान्य अवस्थामा ८० प्रतिशत हाराहारीको क्षमतामा नेपालमा उद्योगहरू सञ्चालन हुन्छन्। तर, कोरोना महामारी, रुस-युक्रेन युद्ध, पछिल्लो समय देखिएको आर्थिक शिथिलतालगायतले उद्योगको क्षमता उपयोग पनि घट्दै गएको देखिन्छ।

■ लाइन काटिँदा बन्द भएका २३ उद्योग खुलाउन भएको छैन समन्वय

उद्योगहरूको क्षमता उपयोग घटिरहेका वेला डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल बक्यौता नतिरेको भन्दै २३ उद्योगको लाइन काटिँदा उद्योग क्षेत्र थप मर्कामा परेको छ। नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङका वेला ६५ प्रतिशत प्रिमियम शुल्कमा उद्योगहरूलाई २४ घण्टासम्म लाइन उपलब्ध गराएको थियो। त्यसको प्रिमियम महसुल नतिरेको भन्दै प्राधिकरणले ६ पुसबाट लाइन काट्न सुरु गरेको छ। सोमबार मात्रै ४३ करोड २४ लाख बक्यौता भएको हुलास स्टिलको लाइन काटिएको छ। हालसम्म २४ उद्योगको लाइन काटिएको हिमाल स्टिल एन्ड आइरनले किस्तामा बक्यौता तिर्न थालेपछि लाइन जोडिएको छ। यस प्रकरणमा ६१ उद्योगको २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता रहेको प्राधिकरणको भनाइ छ। लाइन काट्न थालेको १७ दिन बित्दा पनि यो विवाद समाधानतर्फ अघि बढेको छैन। लाइन काटिएकामध्ये हालसम्म एउटा मात्रै उद्योगले पैसा तिर्न थालेको छ। अन्य उद्योग प्राधिकरणको सम्पर्कमा छैनन्। प्राधिकरणले पनि उनीहरूलाई सम्पर्क गरेको छैन। साथै, ऊर्जा मन्त्रालय, उद्योग मन्त्रालयले पनि यसमा समाधानका लागि पहल गरेका छैनन्। त्यसले अर्को समस्या निकाल्ने सम्भावना बढेको छ।

लाइन काटिने उद्योगमा अधिकांश स्टिल, डन्डी, सिमेन्टसम्बन्धी उद्योग छन्। हिउँदका कारण अहिले निर्माणको गतिविधि बढी हुन्छ। तर, यही सिजनमा उद्योगहरू बन्द हुँदा समग्र विकास निर्माणको काम पनि रोकिने अवस्था आउने सरोकारवाला बताउँछन्। यसमा उचित विकल्प निकालेर समाधानतर्फ जानुपर्ने एक पूर्वसचिवले बताए।

'उद्योगले तिर्नुपर्ने बक्यौता, तिर्नैपर्छ। बक्यौता नतिरेपछि प्राधिकरणद्वारा लाइन काटिनु स्वाभाविक हो। तैपनि, उद्योगहरू मर्कामा परेको भन्दै पैसा तिर्न सुरु गरेका छैनन्। तर, अदालतले पैसा तिर भनिसकेको छ। रिलायन्स स्पिनिङ मिलले अन्तरिम आदेश नपाउने विषयले पनि पुष्टि गरेको छ,' उनले भने, 'तर, अहिले देशका ठूला उद्योगहरू बन्द अवस्थामा छन्। यसले अर्थतन्त्रमा समेत नराम्रो असर पार्छ। पैसा पनि उठ्ने र उद्योग पनि चल्ने गरी उच्च निकायबाट समाधान खोज्नुपर्छ।'

नेपाल लगानीको उत्कृष्ट गन्तव्य : अर्थमन्त्री



काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपाल लगानीका लागि उत्कृष्ट गन्तव्य भएको बताएका छन्। अस्थिर राजनीतिक व्यवस्था रहेको भन्दै नेपालबारे गलत प्रचार भइरहेकोमा आपत्ति जनाउँदै उनले नेपाल दक्षिण एसियाकै उत्कृष्ट लगानी गन्तव्य रहेको दाबी गरेका हुन्।

सोमबार आयोजित नेपाल-भारत संयुक्त बिजनेस फोरमलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले लगानीको वातावरणलाई थप सुधार गर्ने प्रतिबद्धतासमेत जनाए। वैशाखमा लगानी सम्मेलन आयोजना गर्न लागेको स्मरण गराउँदै उनले लगानीसम्बन्धी सम्पूर्ण कानुन, नीति-नियम सुधार गर्ने प्रतिबद्धता व्यक्त गरे।

अर्थमन्त्रीले नेपालमा लगानीका सम्भाव्य चार क्षेत्र उत्कृष्ट रहेको बताए। जलविद्युत, पर्यटन, कृषि र सूचना प्रविधिका क्षेत्र लगानीका उत्कृष्ट गन्तव्य हुन सक्ने भन्दै उनले यी क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आह्वानसमेत गरे। 'यी चार क्षेत्रमा लगानीका लागि मुख्य आकर्षण रहेको छ,' उनले भने, 'यसबाहेक शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत लगानी गर्दा उत्कृष्ट प्रतिफल प्राप्त हुन सक्छ।'

अर्थमन्त्री डा. महतले आफू पनि लगानी गर्न र आफ्ना साथीलाई पनि नेपालको लगानीको क्षेत्रका बारेमा जानकारी दिन भारतीय लगानीकर्तालाई आग्रह गरे। उनले नेपालका निजी क्षेत्र र भारतको निजी क्षेत्रबीच सहकार्य गरेर व्यवसाय तथा लगानीका लागि काम गर्न सुझावसमेत दिए।

■ नेपालको ऊर्जा र पर्यटनमा लगानी गर्न ढकालको आग्रह

उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भारतीय लगानीकर्तालाई नेपालको फस्टाउँदो ऊर्जा र पर्यटन क्षेत्रमा लगानी गर्न आग्रह गरे। द्रुत रूपमा बढ्दो नेपालको ऊर्जा र पर्यटन क्षेत्रमा लगानीका प्रशस्त सम्भावना रहेको बताउँदै त्यसबाट लाभ लिन भारतीय लगानीकर्तालाई आग्रह गरेका हुन्।

नेपालमा लगानी गरेका भारतीय र बहुराष्ट्रिय कम्पनीले निकै राम्रो प्रतिफल लिइरहेको बताउँदै अध्यक्ष ढकालले भारतीय लगानीकर्तालाई विभिन्न क्षेत्रमा लगानी गर्न र यसको फाइदा उठाउन आह्वान गरे। उनले नेपालमा होटेल, केबलकार, थिम पार्क, साहसी पर्यटन, खेल पर्यटन तथा माइस पर्यटनको ठूलो सम्भावना रहेको र यसमा भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उल्लेख गरे।

■ परिसंघ र आइसिसीबीच समझदारी

नेपाल उद्योग परिसंघ (सिएनआई) र इन्डियन चेम्बर अफ कमर्स (आइसिसी)बीच आर्थिक सम्बन्ध अभिवृद्धि गर्नेसम्बन्धी दुईवटा समझदारीपत्रमा हस्ताक्षर भएको छ। आइतबार काठमाडौंमा गरेको कार्यक्रममा परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल र आइसिसीका अध्यक्ष अमेया प्रभुले हस्ताक्षर गरेका छन्।

कार्यक्रममा परिसंघका अध्यक्ष अग्रवालले नेपालमा पर्यटन, जलविद्युत, सूचना प्रविधिलगायतका क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्तालाई आग्रह गरे। आइसिसीका अध्यक्ष प्रभुले नेपाल र भारतबीचको सम्बन्धलाई महत्त्व दिँदै दुवै देशले संयुक्त उद्यम र साझेदारीको हरेक अवसरको सदुपयोग गर्नुपर्ने बताए।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं.: ०४१-५२०३८५

को

शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०९/२४ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने को ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०७/१४ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा प्राईमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६६/१०/२६ मा दर्ता नं. ६०८१/१९८/०६६/६७ कायम भई दर्ता भएको धनुषा जिल्ला, जनकपुर न.पा./उ.म.न.पा. वडा नं. १, स्थित **महिपाल मसाला उद्योग प्रोप्राईटर : महिपाल लहेरी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. सत्य नारायण लहेरीको नाति, राज कुमार लहेरीको छोरा, महोत्तरी जिल्ला, बर्गाडा गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **महिपाल लहेरी (ना.प्र.प.नं.: १८३०४०/२६, महोत्तरी)**

२. राज कुमार लहेरीको बुहारी, महिपाल लहेरीको पत्नी, धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६, स्थित स्थायी ठेगाना भएको **ललिता कुमारी (ना.प्र.प.नं.: ३२६२६३२९, धनुषा)**

धितोमा रहेको सम्पतिको विवरण

ललिता कुमारीको नाममा मालपोत कार्यालय धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १ स्थित कि.नं. ५०५, ५०१, ५०० र ५०४ को क्रमश : क्षेत्रफल ०-०-२-२.५, ०-०-१-२.७५, ०-०-१-० र ०-०-३-०.५ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०९/२४ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषाबाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/१०/०९ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/१०/१० गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

बजेटको सिलिङ हचुवामा नतोक्न प्रधानमन्त्रीको निर्देशन

नयाँ पत्रिका

पैसा पनि उठ्ने, उद्योग पनि चल्ने विकल्पमा जानुपर्छ : प्रधानमन्त्री



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बजेटको सीमा (सिलिङ) हचुवामा नतोक्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई निर्देशन दिएका छन्। उनले सम्बन्धित मन्त्रालयहरूसँग छलफल गरर मात्रै सिलिङ निर्धारण गर्नुपर्ने बताएका हुन्। प्रधानमन्त्रीले भने, 'सिलिङ तोक्दा अनुमान र हचुवाका भरमा नतोकौं, मन्त्रालयहरूलाई पनि बोलाएर छलफल गरौं, उनीहरूको कुरा पनि सुनौं। यो लोकतान्त्रिक प्रक्रिया पनि हो।

कुन स्तरका योजना केन्द्रमा राख्ने, कुन प्रदेश र स्थानीय तहमा पठाउने भन्नेबारे पनि प्रस्ट खाका चाहिन्छ। त्यसका लागि पनि आवश्यक तयारी गर्नुस्।' प्रधानमन्त्रीले सरकारको नीति, कार्यक्रम र बजेटको ढाँचा र प्रक्रियामा व्यापक परिमार्जन गर्ने गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल गरेका थिए। छलफलमा बजेटको मन्त्रालयगत सिलिङ तोक्दा मन्त्रालयहरूबीच व्यापक छलफल जरुरी भएको बताउँदै सिलिङ तोक्ने प्रक्रियाबारे नै छुट्टै छलफल आवश्यक रहेको प्रधानमन्त्री प्रचण्डले बताए।

त्यस्तै, अर्थमन्त्री डा. प्रकाशशरण महतले नीति, कार्यक्रम र बजेटमा नयाँपन ल्याउन प्रधानमन्त्रीको सोच महत्त्वपूर्ण भएको बताए। प्रधानमन्त्रीको निर्देशन र सरकारको निर्णयबमोजिम मन्त्रालयले आवश्यक काम अगाडि बढाउने बताए।

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले फागुनमा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने, वैशाखमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र जेठ १५ मा बजेट प्रस्तुत गर्ने गरी राष्ट्रिय योजना आयोगले नीति, कार्यक्रम र बजेटको प्रस्तावित कार्यतालिका निर्माण गरेको बताए। मुख्यसचिव डा. वैकुण्ठ अर्यालले प्रस्तावित कार्यतालिका वैज्ञानिक रहेको बताउँदै सोहीअनुरूप कानुनी प्रबन्ध र व्यावहारिक गृहकार्य आवश्यक रहेको बताए। त्यस्तै, राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुँयालले प्रस्तावित कार्ययोजना कार्यान्वयनका निम्ति प्रचलित कानुनहरूमा संशोधन आवश्यक भएको बताए।

योजना आयोगले अर्थ मन्त्रालयको समन्वयमा मध्यकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वअनुमान गर्छ। यसका लागि आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने व्यवस्था आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा उल्लेख छ। यसरी स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालू आर्थिक वर्षको ६ महिनाको आर्थिक परिसूचक र आगामी आर्थिक वर्षहरूमा उपलब्ध हुन सक्ने आयको आधार लिइन्छ। खर्च निर्धारण गर्दा भने मध्यकालीन खर्च संरचनालाई आधार बनाइन्छ।

आयोगले सिलिङ तय गरी सम्बन्धित मन्त्रालय तथा निकायमा पठाउँछ। तर, यसरी प्राप्त सिलिङका आधारमा मन्त्रालयहरूले प्रस्ताव गरेको बजेटलाई केन्द्रीय बजेटमा समावेश गर्ने वा नगर्ने तजबिजी अधिकार अर्थलाई दिइएको छ।

माथिल्लो मोदी 'ए'मा एनएमबि र एचआईडिसिएलले लगानी गर्ने

काठमाडौं/ ४२ मेगावाटको माथिल्लो मोदी 'ए'मा एनएमबि बैंक र हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडिसिएल)ले संयुक्त रूपमा ऋण लगानी गर्ने भएका छन्। आयोजनामा एनएमबि बैंकले चार अर्ब ४० करोड र एचआइडिसिएलले तीन अर्ब सात अर्ब ४० करोड ऋण लगानी गर्ने भएका हुन्। यस सम्बन्धमा सोमबार प्रवर्द्धक कम्पनी मोदी जलविद्युत् कम्पनी लिमिटेड र एनएमबि बैंक तथा एचआइडिसिएलबीच जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्ने तको उपस्थितिमा हस्ताक्षर गरिएको छ। कम्पनीको तर्फबाट प्रबन्ध सञ्चालक सूर्यप्रसाद पौडेल, एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत श्रीजेश घिमिरे र एचआइडिसिएलका उपमहाप्रबन्धक अरुण रजोरियाले हस्ताक्षर गरेका हुन्।

कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित मोदी खोलामा बन्ने यो आयोजनाको कुल लागत १० अर्ब ५७ करोड ३४ लाख रुपैयाँ छ। त्यसको ७० प्रतिशत ऋण लगानी सम्झौता गरिएको हो। बाँकी ३० प्रतिशत भने कम्पनीले स्व:पुँजीका रूपमा लगानी गर्नेछ, जसमा आयोजना प्रभावित बासिन्दा र सर्वसाधारणको समेत सेयर हुनेछ।

कार्यक्रमलाई सम्बोधन गर्दै कम्पनीका अध्यक्षसमेत रहेका प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको निर्माण अघि बढ्ने बताए। 'टेन्डर प्रक्रिया अघि बढाइसकेका छौं, हाल यसमा मूल्यांकनको काम भइरहेको छ,' उनले भने, 'अब छिट्टै आयोजना निर्माणको काम सुरु हुन्छ। साथै, समयमै निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यसहित काम गर्छौं।'

२८ ऐन-नियमावली संशोधन र पाँच ऐन खारेज गर्न सिएनआईको सुझाव

काठमाडौं/ नेपाल उद्योग परिसंघले समग्र अर्थतन्त्रको विकासका लागि कानुनमा गरिनुपर्ने सुधारसम्बन्धी विस्तृत सुझाव सरकारलाई बुझाएको छ। परिसंघले प्रधानमन्त्री पुष्कमल दाहाल, सभामुख देवराज घिमिरे र मुख्यसचिव वैकुण्ठ अर्याललाई २८ वटा ऐन तथा नियमावलीमा संशोधन गर्न, पाँचवटा ऐन खारेज गर्न र नयाँ ल्याउनुपर्ने तीनवटा ऐन किटान गरी सुझाव हस्तान्तरण गरेको हो।

परिसंघका अध्यक्ष राजेश अग्रवालले समृद्ध अर्थतन्त्रका लागि कानुनमा सुधार अपरिहार्य रहेको बताए। आवश्यक कानुनी सुधारका लागि सरकारलाई सहयोग गर्ने उद्देश्यले कानुनका विज्ञ, उद्योगी-व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिहरूसँगको गहन छलफल, विषय विज्ञको राय-सुझाव, छिमेकी मुलुक र नेपालको आर्थिक, भौगोलिक अवस्थासँग मेल खाने देशका कानुनहरूको अनुसन्धानात्मक अध्ययन गरी सुझाव तयार गरेको उनको भनाइ छ। जसमा मुख्यत: औद्योगिक व्यवसाय ऐन-२०७६, औद्योगिक व्यवसाय नियमावली-२०७८, आयकर ऐन-२०५८, कम्पनी ऐन-२०६३, भूमिसम्बन्धी ऐन-२०२१, वन ऐन-२०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन-२०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली-२०७७, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन-२०७५, सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली-२०७७, विशेष आर्थिक क्षेत्र ऐन-२०७५ लगायत छन्।

देशको विद्यमान कानुनी व्यवस्थाको सुधारबाट समग्र आर्थिक विकासमा टेवा मिल्ने विश्वास परिसंघले लिएको छ। समग्र आर्थिक विकासलाई टेवा प्रदान गर्न यो सुझावलाई नेपाल सरकारले गम्भीर रूपमा लिई विद्यमान कानुनमा सुधार एवं नयाँ कानुन ल्याउन विशेष प्राथमिकता दिने अध्यक्ष अग्रवालले आग्रह गरे। साथै, उनले सरकारले आगामी वैशाखमा गर्न लागेको लगानी सम्मेलनअगाडि नै यी कानुनहरूमा सुधार गर्न प्रक्रिया अगाडि बढाउने पनि विश्वास व्यक्त गरे।

एक वर्षमा बिवाइडीका तीन लाख इभी बिके

काठमाडौं/ एक वर्षमा बिवाइडीका तीन लाखभन्दा बढी विद्युतीय गाडी बिक्री भएका छन् । कम्पनीले सन् २०२३ मा ३० लाख २४ हजार चार सय १७ वटा विद्युतीय गाडी बिक्री गरेको हो ।



अघिल्लो वर्षको तुलनामा सन् २०२३ मा बिक्रीदर ६१ दशमलव ८ प्रतिशतले वृद्धि भएको कम्पनीको भनाइ छ । वार्षिक मापदण्डमा ४५ प्रतिशत वृद्धि गर्दै डिसेम्बर एक महिनामा मात्र तीन लाख ४१ हजार ४३ वटा न्यु इनर्जी गाडीहरू (एनइभी) बिक्री गरेको कम्पनीले जनाएको छ । वर्षको अन्तिम महिनाको ह्वात्तै बढेको बिक्रीले विद्युतीय गाडीको बजारमा अग्रणी स्थान सुनिश्चित गर्न सहयोग गरेको कम्पनीले उल्लेख गरेको छ ।

२०२२ मा पनि बिवाइडीले विद्युतीय गाडीको क्षेत्रमा नयाँ रेकर्ड कायम गर्दै १८ लाख ६० हजार गाडी बेचेको कीर्तिमान कायम गरेको कम्पनीको दाबी छ । कम्पनीको दिगो पर्यावरणीय संरक्षण र नवीन प्रविधि विकासप्रतिको प्रतिबद्धताले यो सफलता हासिल भएको कम्पनीले जनाएको छ ।

बजारमा प्राप्त यो सफलता अत्याधुनिक प्राविधिको तथा बलियो उत्पादन लाइन अपको प्रमाण भएको कम्पनीको भनाइ छ । कम्पनीले विद्युतीय गतिशीलता र कार्बन फुटप्रिन्ट घटाउने लक्ष्य, विश्व जलवायुमा आएको परिवर्तनसँग भिड्ने र कार्बनको उत्पादन घटाउने प्रयासलाई सधैँ साथ दिने कम्पनीले जनाएको छ ।

ग्लोबल आइएमईका दुई नयाँ शाखा

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले दुई नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले सर्लाहीको मलंगवा नगरपालिका-८, मलंगवा र काभ्रेको धुलिखेल नगरपालिका-३, धुलिखेलमा शाखा सञ्चालनमा ल्याएको हो ।

यी दुई शाखाले सोमबारदेखि नै सम्पूर्ण बैंकिङ सेवा उपलब्ध गराउन सुरु गरिसकेको जनाइएको छ । बैंकले हाल देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गरिसकेको जनाएको छ । हाल बैंकले देशभर तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क-वैदेशिक प्रतिनिधि कार्यालयसहित एक हजार एक सयभन्दा बढी सेवा केन्द्रबाट सेवा प्रदान गर्दै आएको जनाएको छ ।

त्यसैगरी, बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङलगायतका देशबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थव्यवस्थामा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको जनाएको छ ।

हार्दिक समवेदना



जन्म: २०१९/०२/१५

स्वर्गारोहण: २०८०/०९/१२

स्व.सावित्री मल्ल

यस सनराईज होम्सका आदर्णिय **सदस्य श्रीमती सावित्री मल्लज्यू** (घर नं.१५)को मिति २०८० साल पौष १२ गते बिहिबार भारत भ्रमणको कममा ६१ बर्षको उमेरमा निधन भएको **१३ औं दिनको पुण्य तिथिमा** यस सनराईज होम्स वेलफेयर सोसाईटीका हामी संम्पूर्ण सदस्य तथा कर्मचारीहरुको तर्फबाट उहाँको चीर शान्तिको कामना गर्दै उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै शोक सन्तप्त परिवारजन प्रति यस दुःखद घडीमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि ईश्वर संग प्रार्थना गर्दै गहिरो शोक व्यक्त गर्दछौं ।

Sunrise Homes Welfare Society BALKUMARI, LALITPUR

सनराईज होम्स वेलफेयर सोसाईटी परिवार
बालकुमारी, ललितपुर ।

महालक्ष्मी विकास बैंकका विभिन्न सामाजिक कार्यक्रम

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले देशका विभिन्न स्थानमा सामाजिक कार्यक्रम आयोजना गरेको छ । बैंकका शाखाहरूले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालय, सामाजिक संस्था र धार्मिक संघलाई सहयोग गरेका हुन् ।

बैंकको न्युरोड शाखाले न्युरोडको हिमालय माध्यमिक विद्यालयलाई एक थान प्रिन्टर प्रदान गरेको जनाएको छ । त्यस्तै, गोंगबु शाखाले काठमाडौं महानगरपालिका वडा नं २६ को पवित्र नगर समाजलाई सार्वजनिक पुस्तकालय स्थापनाका लागि आर्थिक सहयोग प्रदान गरेको जनाइएको छ । बैंकको वसुन्धरा शाखाले टोखा नगरपालिका वडा नं ०४ मा रहेको श्रीकृष्ण धार्मिक संघलाई दुई थान उफर प्रदान गरेको उल्लेख छ ।

आगामी दिनमा पनि सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत सामाजिक, आर्थिक रूपान्तरणका विभिन्न कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्ने बैंकले जनाएको छ ।

सांग्रिला डेभलपमेन्ट र गण्डकी मेडिकल कलेजबीच सम्झौता

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र गण्डकी मेडिकल कलेज टिचिङ हस्पिटल तथा रिसर्च सेन्टरबीच बैंकका ग्राहक, कर्मचारी तथा सेयरधनीलाई विभिन्न किसिमका स्वास्थ्य सेवामा छुट प्रदान गर्ने उद्देश्यले सम्झौता भएको छ । सम्झौतामा बैंकका पोखरा क्लस्टर प्रमुख रेवन्त श्रेष्ठ र गण्डकी मेडिकल कलेजका प्रमुख कार्यकारी अधिकृत डा. रवीन्द्रप्रसाद श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार गण्डकी मेडिकल कलेजले बैंकका ग्राहक, कर्मचारी तथा सेयरधनीलाई विभिन्न किसिमका स्वास्थ्य सेवाहरू आकर्षक छुटका साथ सहज तरिकाबाट प्रदान गर्ने जनाइएको छ । जसअनुसार स्वास्थ्य परीक्षणमा कर्मचारी तथा सेयरधनीलाई १५ प्रतिशत र बैंकका ग्राहकलाई १० प्रतिशत छुट उपलब्ध हुने बैंकले जनाएको छ ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०।०९।२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरू धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरू लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८०।१०।०२ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रू. १००/- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.नं.	कर्जा शीर्षक	ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	लिलाम हुने धितोको विवरण
१.	१. ओभरड्राफ्ट कर्जा २.सवारी साधन कर्जा	**ऋणीको नामः माता बांसघारी देवी सप्लायर्स** (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय,वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवामा दर्ता रहेको) दर्ता नं.: ३९३४२/०७३ दर्ता मितिः २०७३/१२/१४ स्थायी लेखा नं.: ६०५८८०९११ ठेगानाः रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ६। **प्रोप्राईटरः** **गिरी प्रसाद भट्टराई** ना.प्र.प.नं (जारी मिति/स्थान): ८/१८५७९(२०४६/०७/०२/रुपन्देही) बाजेको नामः गंगाधर भट्टराई बाबुको नामः दयाराम भट्टराई ठेगानाः रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ६। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. उमा देवी भट्टराई** ना.प्र.प.नं (जारी मिति/स्थान): २/२०५६५ २०५८/१२/१८/रुपन्देही) बाबुको नामः बाल प्रसाद गैरे ससुराको नामः दयाराम भट्टराई पतिको नामः गिरी प्रसाद भट्टराई ठेगानाः रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ६। **२. अभिषेक भट्टराई** ना.प्र.प.नं (जारी मिति/स्थान): ३७३०१४/२५(२०७०/०२/२४/रुपन्देही) बाजेको नामः दयाराम भट्टराई बाबुको नामः गिरी प्रसाद भट्टराई ठेगानाः रुपन्देही जिल्ला, आनन्दवन वडा नं.७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ६।	१. गंगाधर भट्टराई को नाति, दयाराम भट्टराई को छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ६ बस्ने **गिरी प्रसाद भट्टराई** को नाममा मालपोत कार्यालय बुटवल,रुपन्देही को लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ७ ख स्थित कि.न. ३७५, ३५८, ३६२ र ३७६ को क्षेत्रफल क्रमश ०-०-९१/२, ०-१-७१/२ , ०-०-१३ र ०-०-९ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. धनी एनएमबि बैंक लि. ऋणी श्री माता बांसघारी देवी सप्लायर्स को नाममा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनी- SONALIKA TACTOR मोडल - DI 42RX सवारी दर्ता नं.- लु ४ त ४९५७ बनेको साल -२०१९ च्यासिस नं -FZYSS850505S3 इन्जिन नं - 3102FLU93E847121F19 ३. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत।
२.	विपन्न वर्ग कर्जा	**ऋणीको नामः प्यारी माया बि.क.** ना.प्र.प.नं (जारी मिति/स्थान): ११३०११/२९०(२०६३/१०/१७/सोलुखुम्बु) बाबुको नामः सार्के कामी ससुराको नामः लाले कामी पतिको नामः बम्बहादुर विश्वकर्मा ठेगानाः सोलुखुम्बु जिल्ला, वासा गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, माप्य दूधकोशी गा.पा. वडा नं. २। **व्यक्तिगत जमानतकर्ताः** **बम्बहादुर विश्वकर्मा** ना.प्र.प.नं (जारी मिति/स्थान): ७६९-२३(२०६०/०७/०३/सोलुखुम्बु) बाजेको नामः अमृते कामी बाबुको नामः लाले कामी ठेगानाः सोलुखुम्बु जिल्ला, दूधकोशी गा.पा., वडा नं. २।	अमृते कामी को नाति, लाले कामी को छोरा, सोलुखुम्बु जिल्ला, दूधकोशी गा.पा. वडा नं २ बस्ने **बम्बहादुर विश्वकर्मा** को नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, वासा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.न. ५९० र ९१ को क्षेत्रफल ४६३५.०० र १८३०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३.	विपन्न वर्ग कर्जा	**ऋणीको नामः नापु माया राई / विसन राई** **नापु माया राई** ना.प्र.प.नं (जारी मिति/स्थान): ४७०/१२०२(२०४४/११/२०/सोलुखुम्बु) ससुराको नामः जमान सिं राई पतिको नामः छवे राई ठेगानाः सोलुखुम्बु जिल्ला,कांकु गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, माप्य दुधकोशी गा.पा., वडा नं. ४। **विसन राई** ना.प्र.प.नं (जारी मिति/स्थान): १११०१०/१६४(२०६५/०४/२३/सोलुखुम्बु) बाजेको नामः जमान सिं राई बाबुको नामः छवे राई ठेगानाः सोलुखुम्बु जिल्ला,कांकु गा.वि.स., वडा नं.१ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, माप्य दुधकोशी गा.पा., वडा नं. ४। **व्यक्तिगत जमानतकर्ताः** **छबे राई** ना.प्र.प.नं (जारी मिति/स्थान): ४७७९-१९९९-६७६(२०३५/०६/०८/सोलुखुम्बु) बाजेको नामः आजिते राई बाबुको नामः जमान सिं राई ठेगानाः सोलुखुम्बु जिल्ला, कांकु गा.वि.स., वडा नं. १ ।	जमान सिं राई को बुहारी, छवे राई दमाई को पत्नि, सोलुखुम्बु जिल्ला, कांकु गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, माप्य दुधकोशी गा.पा. वडा नं. ४ बस्ने **नापु माया राई** को नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, कांकु गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.न. ५४८ र ११६७ को क्षेत्रफल ३२५.०० र २९१०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४.	आवधिक कर्जा	**ऋणीको नामः माधव प्रसाद राई** ना.प्र.प.नं (जारी मिति/स्थान): २९१०/४४(२०६१/०२/२५/सोलुखुम्बु) बाजेको नामः कविरमान राई बाबुको नामः नर बहादुर राई ठेगानाः सोलुखुम्बु जिल्ला, पावै गा.वि.स., वडा नं.८ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला,सोताङ्ग गा.पा., वडा नं. १। **व्यक्तिगत जमानतकर्ताः** **पवित्रा राई** ना.प्र.प.नं (जारी मिति/स्थान): १४१०३९/१२२९२३(२०६९/०८/०८/कटारी,उदयपुर) बाबुको नामः चक्र बहादुर राई ससुराको नामः नर बहादुर राई पतिको नामः माधव प्रसाद राई ठेगानाः उदयपुर जिल्ला, ओख्ले गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोताङ्ग गा.पा., वडा नं. १ ।	कविरमान राईको नाति, नर बहादुर राई को छोरा, सोलुखुम्बु जिल्ला, पावै गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, सोताङ्ग गा.पा., वडा नं. १ बस्ने **माधब प्रसाद राई** को नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको सोलुखुम्बु जिल्ला, पावै गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.न. ४३८ र ४५१ को क्षेत्रफल २१३५ र १३४५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
५.	विपन्न वर्ग कर्जा	**ऋणीको नामः लाक्पा डोमा शेर्पा** ना.प्र.प.नं (जारी मिति/स्थान): ११-०१-७७-००१२५(२०७७/०४/२१/सोलुखुम्बु) बाबुको नामः पेम्बा छिरी शेर्पा ससुराको नामः रिन्जी फुर्वा शेर्पा पतिको नामः छिरीङ शेर्पा ठेगानाः सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड न.पा., वडा नं.९ । **व्यक्तिगत जमानतकर्ताः** **छिरीङ शेर्पा** ना.प्र.प.नं (जारी मिति/स्थान): १११०१९/२३०(२०६८/०८/१८/सोलुखुम्बु) बाजेको नामः पेम्बा शेर्पा बाबुको नामः रिन्जी फुर्वा शेर्पा ठेगानाः सोलुखुम्बु जिल्ला, गोराखानी गा.वि.स., वडा नं. ३।	१. पेम्बा शेर्पा को नाति, रिन्जी फुर्वा शेर्पा को छोरा सोलुखुम्बु जिल्ला, गोराखानी गा.वि.स., वडा नं. ३ बस्ने **छिरीङ शेर्पा** को नाममा मालपोत कार्यालय सोलुखुम्बु को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नाअनुसारको घरजग्गाहरुः (क) सोलुखुम्बु जिल्ला, गोराखानी गा.वि.स./न.पा.वडा नं. ३ स्थित कि.न. ७७ को क्षेत्रफल ३०००.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । (ख) सोलुखुम्बु जिल्ला, गोराखानी गा.वि.स./न.पा., वडा नं. २ स्थित कि.न. ३४१ को क्षेत्रफल २९६०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

धनगढी मेनरोड शाखा, कैलाली

ऋणीको विवरण	संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण		
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४१४२४/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/२५ मा दर्ता कायम भएको **आर.डि.कालिका सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : धनगढी उ.म.न.पा. - ३, बोराडांडी, कैलाली स्थायी लेखा नं. ६०९७९१६७५, मिति २०७७/०५/२८ **संचालक अध्यक्ष : दिपक ढुंगाना** **कर्जा शीर्षक : ओभरड्राफ्ट, सवारी साधन तथा अल्पकालिन कर्जा**	**दिपक ढुंगाना** ना.प्र.नं. ६७१०२०/४६७ जारी मिति २०६४/०१/०९ जि.प्र.का. कैलाली बाबुको नाम : खडक दत्त ढुङ्गाना बाजेको नाम : वालु दत्त ढुङ्गाना स्थायी ठेगाना : धनगढी न.पा. - ४, कैलाली	**प्रविन कार्की** ना.प्र.नं. ६४००० जारी मिति २०६२/०२/२० जि.प्र.का. कैलाली बाबुको नाम : रुप सिंह कार्की बाजेको नाम : जय सिंह कार्की स्थायी ठेगाना : धनगढी उ.म.न.पा. - ५, कैलाली	**दिनेश राज विष्ट** ना.प्र.नं. ७२-१-०२६-५१९९० जारी मिति २०६५/०३/११ जि.प्र.का. दार्चुला बाबुको नाम : देव दत्त विष्ट बाजेको नाम : केशव दत्त विष्ट स्थायी ठेगाना : गोकुलेश्वर - ८, दार्चुला

व्यक्तिगत जमानत दिनेको विवरण

गायत्री ढुंगाना ना.प्र.नं. ६७१०२०/४६६, जारी मिति २०६४/०१/०९ जि.प्र.का. कैलाली बाबुको नाम : खडक दत्त ढुङ्गाना बाजेको नाम : वालु दत्त ढुङ्गाना स्थायी ठेगाना : धनगढी -४, कैलाली	**सिता कार्की** ना.प्र.नं. २, जारी मिति २०४६/१०/२९ जि.प्र.का. बर्दिया बाबुको नाम : नारायण सिंह बिष्ट पतिको नाम : रुप सिंह कार्की ससुराको नाम : जय सिंह कार्की स्थायी ठेगाना : जगन्नाथ - १, बैतडी	**दिप्ती ढुंगाना** ना.प्र.नं. ६७-०१-७०-००४०७ जारी मिति २०७०/०१/१५ जि.प्र.का. कैलाली बाबुको नाम : खडक दत्त ढुङ्गाना बाजेको नाम : वालु दत्त ढुङ्गाना स्थायी ठेगाना : धनगढी न.पा. - ४, कैलाली	**हंस राज ढुंगाना** ना.प्र.नं. १३०८९ जारी मिति २०४३/०८/०९ जि.प्र.का. कैलाली बाबुको नाम : खडक दत्त ढुङ्गाना बाजेको नाम : वालु दत्त ढुङ्गाना स्थायी ठेगाना : धनगढी न.पा. - २, कैलाली

		संस्थागत जमानत दिनेको विवरण
रुप सिंह कार्की ना.प्र.नं. २३८, जारी मिति २०३५/०४/२७ जि.प्र.का. बैतडी बाबुको नाम : जय सिंह कार्की बाजेको नाम : अर्जुन सिंह कार्की स्थायी ठेगाना : दशरथचन्द - १२, बैतडी	**देव दत्त विष्ट** ना.प्र.नं. २०५३/१११५, जारी मिति २०३८/११/१८ जि.प्र.का. दार्चुला बाबुको नाम : केशव दत्त विष्ट बाजेको नाम : हरि शंकर विष्ट स्थायी ठेगाना : गोकुलेश्वर - १, दार्चुला	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २०१३६/०७१/७२ मा दर्ता कायम भएको **शैल्यशिखर मल्लिकार्जुन सप्लायर्स** फर्म दर्ता ठेगाना : धनगढी न.पा. - ३, कैलाली स्थायी लेखा नं. ६०२७०२९३७, मिति २०७१/०७/२४ **प्रोप्राइटर : दिनेश राज विष्ट**

लाहान शाखा, सिरहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	संस्थागत जमानत दिनेको विवरण
सुशिला देवी ना.प्र.नं. ९२८६३३१२, जारी मिति २०५९/०३/२७, जि.प्र.का. धनुषा बाबुको नाम : भोला मलाह पतिको नाम : विन्देश्वर सहनी ससुराको नाम : सोमन सहनी स्थायी ठेगाना : गोदार -४, धनुषा **कर्जा शीर्षक : सवारी साधन कर्जा**	**रंजित कुमार सहनी** ना.प्र.नं. १५२००५ /९२८९ जारी मिति २०६९/०२/१८ ई.प्र.का. लहान, सिरहा बाबुको नाम : विन्देश्वर सहनी बाजेको नाम : सोमन सहनी स्थायी ठेगाना : लहान - ५, सिरहा	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.नं. ४३८५/०७१/७२ अन्तर्गत मिति २०७१/११/२१ मा दर्ता कायम भएको **शिवा माछा पसल** फर्म दर्ता ठेगाना : लहान न.पा. - ५, सिरहा स्थायी लेखा नं. ६०३०१७१७५, मिति २०७१/११/०९ **प्रोप्राईटर : सुशिला देवी**

नेपालगञ्ज, पुष्पलाल चोक शाखा, बाँके

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. ३१३१३/०७६/०७७ अन्तर्गत मिति २०७६/०७/२४ मा दर्ता कायम रहेको **बागेश्वरी किराना एण्ड कस्मेटिक स्टोर** फर्म दर्ता ठेगाना : नेपालगञ्ज उ.म.न.पा. - २, बाँके स्थायी लेखा नं. ६१२४१०१८९, मिति २०७६/०७/२७ **प्रोप्राइटर : टिका कुमारी थापा क्षेत्री** **कर्जा शीर्षक : आवधिक कर्जा**	**२.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०२५७०/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/०३ मा दर्ता कायम रहेको **बागेश्वरी सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : नेपालगञ्ज उ.म.न.पा. - २, बाँके स्थायी लेखा नं. ६०६५४६४८७, मिति २०७५/०८/०३ **संचालक अध्यक्ष : सुजित कुमार गौतम** **कर्जा शीर्षक : ओभरड्राफ्ट, सवारी साधन तथा डिमाण्ड कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

सुजित कुमार गौतम ना.प्र.नं. ३२३११ जारी मिति २०६१/०३/२४ जि.प्र.का. बर्दिया बाबुको नाम : सुभाष गौतम बाजेको नाम : टंक नाथ गौतम स्थायी ठेगाना : गुलरिया न.पा. - ९, बर्दिया	**संतोष कुमार ढकाल** ना.प्र.नं. ६५१००१-६२ जारी मिति २०६३/१२/१५ जि.प्र.का. बर्दिया बाबुको नाम : गंगा प्रसाद उपाध्याय ढकाल बाजेको नाम : ऋद्धि रमण उपाध्याय ढकाल स्थायी ठेगाना : गुलरिया न.पा. - ९, बर्दिया	**सतिश ढकाल** ना.प्र.नं. ३८४०३ जारी मिति २०६३/०७/१२ जि.प्र.का. बर्दिया बाबुको नाम : गंगा प्रसाद उपाध्याय बाजेको नाम : ऋद्धि रमण उपाध्याय ढकाल स्थायी ठेगाना : गुलरिया - ९, बर्दिया	**अंजनी कुमार स्वाँर** ना.प्र.नं. १/१३०५ जारी मिति २०४१/०६/१८ जि.प्र.का. बर्दिया बाबुको नाम : जित बहादुर स्वाँर बाजेको नाम : प्रेम जंग स्वाँर स्थायी ठेगाना : धधवार - ९, बर्दिया
टिका कुमारी थापा क्षेत्री ना.प्र.नं. ६६-०१-७०-०६५६५ जारी मिति २०७०/११/०४ जि.प्र.का. बाँके बाबुको नाम : तुला राम थापा पतिको नाम : सुजित कुमार गौतम ससुराको नाम : सुभाष गौतम स्थायी ठेगाना : कोहलपुर - ३, बाँके	**सुभद्रा देवी उपाध्याय ढकाल** ना.प्र.नं. ५००० जारी मिति २०४५/०८/२० जि.प्र.का. बर्दिया बाबुको नाम : नेत्र राज प्याकुरेल पतिको नाम : गंगा प्रसाद उपाध्याय ढकाल ससुराको नाम : ऋद्धि रमण उपाध्याय ढकाल स्थायी ठेगाना : गुलरिया - ६, बर्दिया	**शावित्रा पौडेल** ना.प्र.नं. १८३०७५/७७७ जारी मिति २०६३/११/२१ जि.प्र.का. महोत्तरी बाबुको नाम : गणेश प्रसाद पौडेल पतिको नाम : संतोष कुमार ढकाल ससुराको नाम : गंगा प्रसाद उपाध्याय ढकाल स्थायी ठेगाना : गौरिवास - ६, कैलाली	**अनिल कुमार के.सी.** ना.प्र.नं. १२१४ जारी मिति २०४५/०९/१८ जि.प्र.का. बर्दिया बाबुको नाम : दिप बहादुर के.सी. बाजेको नाम : नर बहादुर खत्री स्थायी ठेगाना : गुलरिया न.पा. - ६, बर्दिया

मिता गौतम ना.प्र.नं. ३४३८३४४९, जारी मिति २०५५/०७/२९, जि.प्र.का. बर्दिया बाबुको नाम : दिप बहादुर के.सी. पतिको नाम : सुभाष गौतम ससुराको नाम : टंक नाथ गौतम स्थायी ठेगाना : गुलरिया न.पा. - ६, बर्दिया	**प्रतिक्षा अधिकारी** ना.प्र.नं. ६६४३२, जारी मिति २०६२/०७/२०, जि.प्र.का. कैलाली बाबुको नाम : कोमल प्रसाद अधिकारी पतिको नाम : सतिश ढकाल ससुराको नाम : गंगा प्रसाद उपाध्याय स्थायी ठेगाना : टिकापुर - ९, कैलाली	**गंगा प्रसाद उपाध्याय ढकाल** ना.प्र.नं. ९२, जारी मिति २०४२/०८/२७ जि.प्र.का. सिराहा बाबुको नाम : ऋद्धि रमण उपाध्याय ढकाल बाजेको नाम : अक्कल नाथ उपाध्याय ढकाल स्थायी ठेगाना : फुलकाहाकट्टि -१, सिराहा

ऋणी बागेश्वरी किराना एण्ड कस्मेटिक स्टोरका लागि बागेश्वरी सप्लायर्स प्रा.लि. को संस्थागत जमानत रहेको

१. ऋणी बागेश्वरी किराना एण्ड कस्मेटिक स्टोरका लागि सुजित कुमार गौतम, संतोष कुमार ढकाल, सतिश ढकाल, गंगा प्रसाद उपाध्याय ढकाल, सुभद्रा देवी उपाध्याय ढकाल, शावित्रा पौडेल, टिका कुमारी थापा क्षेत्री, मिता गौतम र प्रतिक्षा अधिकारीहरुको व्यक्तिगत जमानत रहेको ।

२. ऋणी बागेश्वरी सप्लायर्स प्रा.लि. का लागि सुजित कुमार गौतम, संतोष कुमार ढकाल, सतिश ढकाल, गंगा प्रसाद उपाध्याय ढकाल, सुभद्रा देवी उपाध्याय ढकाल, शावित्रा पौडेल, टिका कुमारी थापा क्षेत्री, मिता गौतम, प्रतिक्षा अधिकारी, अंजनी कुमार स्वाँर र अनिल कुमार के.सी. हरुको व्यक्तिगत जमानत रहेको ।

नेपालगञ्ज शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
टिका कुमारी थापा क्षेत्री ना.प्र.नं. ६६-०१-७०-०६५६५ जारी मिति २०७०/११/०४, जि.प्र.का. बाँके बाबुको नाम : तुला राम थापा पतिको नाम : सुजित कुमार गौतम ससुराको नाम : सुभाष गौतम स्थायी ठेगाना : कोहलपुर - ३, बाँके **कर्जा शीर्षक : आवधिक कर्जा**	**सुजित कुमार गौतम** ना.प्र.नं. ३२३११ जारी मिति २०६१/०३/२४ जि.प्र.का. बर्दिया बाबुको नाम : सुभाष गौतम बाजेको नाम : टंक नाथ गौतम स्थायी ठेगाना : गुलरिया न.पा. - ९, बर्दिया	**अंजनी कुमार स्वाँर** ना.प्र.नं. १/१३०५ जारी मिति २०४१/०६/१८ जि.प्र.का. बर्दिया बाबुको नाम : जित बहादुर स्वाँर बाजेको नाम : प्रेम जंग स्वाँर स्थायी ठेगाना : धधवार - ९, बर्दिया	**अनिल कुमार के.सी.** ना.प्र.नं. १२१४ जारी मिति २०४५/०९/१८ जि.प्र.का. बर्दिया बाबुको नाम : दिप बहादुर के.सी. बाजेको नाम : नर बहादुर खत्री स्थायी ठेगाना : गुलरिया न.पा. - ६, बर्दिया

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सन्दर्भ : यू-१९ विश्वकप २०२४

यू-१९ विश्वकपमा विपक्षीविरुद्ध नेपालको प्रदर्शन

आइसिसी यू- १९ विश्वकपमा नेपाल आठौँपटक छनोट भएको छ, पाँचपटक पहिलो चरण र एकपटक दोस्रोचरणबाटै बाहिरिएको नेपाल सन् २०१६ मा क्वार्टरफाइनलसम्म पुगेको थियो

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

दक्षिण अफ्रिकामा १९ जनवरीदेखि ११ फेब्रुअरीसम्म आइसिसी यू- १९ विश्वकप क्रिकेट प्रतियोगिता हुँदै छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले श्रीलंकाली क्रिकेट संघलाई कारबाही गरेपछि प्रतियोगिता दक्षिण अफ्रिकामा सारिएको हो। नेपालले आठ वर्षपछि विश्वकपमा स्थान बनाएको हो। सन् २००० मा नेपालले पहिलोपटक विश्वकपमा स्थान बनाएको थियो। उमेर समूहको विश्वकपमा नेपाललाई 'जायन्ट किलर' उपनाम दिइएको छ। नेपालले सहभागिता जनाउँदा टेस्ट राष्ट्रलाई हराएको इतिहास छ। आइसिसी र विभिन्न एजेन्सीहरूको सहयोगमा नेपालले विश्वकपमा विपक्षी गरेको रेकर्ड यस्ता छन्।

■ पाँच राष्ट्रविरुद्ध उच्च योगफल

यू- १९ विश्वकपमा नेपालले पाँच राष्ट्रविरुद्ध उच्च योगफल बनाएको छ। सन् २०१६ मा न्युजिल्यान्डसँगको प्रतिस्पर्धामा नेपालले पहिलो ब्याटिङ गरी ५० ओभरमा सात विकेटको क्षतिमा दुई सय ३८ रनको योगफल बनाएको थियो। नेपालको यू- १९ विश्वकप इतिहासमा यो नै विपक्षीविरुद्धको सर्वाधिक योगफल हो। यस खेलमा कप्तान राजु रिजालले ६५ बलमा ४८ रनको योगदान दिएका थिए। यसैगरी, सन्दीप सुनारले ३९ रन तथा आरिफ सेखले ३९ रन तथा कुशल भुर्तेलले २३ बलमा ३५ रनको योगदान दिए।

नेपालले न्युजिल्यान्डलाई ३२ रनले हाऱ्यो। यसैगरी, श्रीलंकामा सन् २००६ मा भएको संस्करणमा नेपालले आयरल्यान्डविरुद्ध पूरै ओभर खेली आठ विकेटको नोक्सानीमा दुई सय ३४ रनको योगफल खडा गऱ्यो। नेपालले आयरल्यान्डलाई ६० रनले हराएको थियो। तत्काल आयरल्यान्डबाट इगोन मोर्गानले समेत खेलेका थिए। उनी अहिले इंग्ल्यान्डको टोलीमा छन्। सन् २०१२ मा अस्ट्रेलियाले आयोजना गरेको विश्वकपमा नेपालले नामिबियाविरुद्ध सात विकेटको नोक्सानीमा दुई सय १९ रन बनाएको थियो। सन् २०१२ को विश्वकपअन्तर्गत प्ले च्याम्पियनसिपको सेमिफाइनलमा नेपालले दक्षिण अफ्रिकाविरुद्ध ५० ओभरमा आठ विकेट गुमाएर दुई सय १४ रन बनायो।

यस खेलमा नेपालले सनसनी रूपमा दक्षिण अफ्रिकामाथि दुई रनको रोमाञ्चक जित निकालेको थियो। यू- १९ विश्वकपमा नेपालले क्वार्टरफाइनलमा आयोजक बंगलादेशविरुद्ध नौ विकेट गुमाएर दुई सय ११ रन जोडेको थियो। बंगलादेशले चार विकेट गुमाएर दुई सय १५ रनको योगफल खडा गरेको थियो। यस खेलमा नेपालका लागि कप्तान राजु रिजालले ८० बलमा सर्वाधिक ७२ रनको योगदान दिएका थिए। उनले आफ्नो इनिङ्समा आठ चौका र एक छक्का प्रहार गरे। बंगलादेशीको राष्ट्रिय टोलीमा स्थान बनाएका मेहदी हसन मिजाले तत्काल नेपालविरुद्ध ६५ बलमा ५५ रन तथा जाकिर हसनले ७७ बलमा ७५ रनको योगदान दिए। दुवैले तेस्रो विकेटका लागि एक सय १७ रनको साझेदारी गर्दै बंगलादेशलाई जित दिलाए। नेपालका लागि सन्दीप लामिछानेले एक तथा सुनिल धमलाले दुई विकेट लिए।

■ पाँच राष्ट्रसँग कम योगफल

यू- १९ विश्वकपमा नेपालको प्रदर्शन कहिले उच्चतम हुने गरेको छ। कहिलेकाहीं ब्याटिङ नचल्दा सोचेजस्तो योगफल खडा गर्न सक्दैन। आइसिसीको तथ्यांकअनुसार नेपालले पाँचपटक पाँच राष्ट्रविरुद्ध कम योगफल खडा गरेको छ। जसमा श्रीलंकाविरुद्ध दुईपटक सय रन नै कटाउन नेपालले सकेन। टेस्ट राष्ट्र वेस्ट इन्डिज र अस्ट्रेलियाविरुद्ध नेपाल कम योगफलमै समेटिएको छ। यसैगरी, केन्यासँगको खेलमा नेपाल एकपटक एक सय सात रनमा अलआउट भयो।

सन् २००८ मा मलेसियाको क्वालालम्पुरमा नेपालले यू- १९ विश्वकपकै कम योगफल खडा गरेको थियो। वेस्ट इन्डिजसँगको प्रतिस्पर्धामा नेपाल २५.३ ओभरमा केवल ७४ रनमै अलआउट भयो। प्ले च्याम्पियनसिपको फाइनलमा नेपालले वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गरेको थियो। वेस्ट इन्डिजका जासन डवेसले १८ रन खर्चेर चार विकेट लिएपछि नेपालको ब्याटिङ धराशायी भयो। नेपालका लागि सागर ढकालले सर्वाधिक १७ रन बनाएका थिए। वेस्ट इन्डिजले १४.२ ओभरमा तीन विकेट गुमाएर ७८ रन जोड्यो। नेपालका लागि अमृत भट्टराईले दुई विकेट लिए। सन् २०१२ को संस्करणमा नर्वौं स्थानका लागि भएको क्वार्टरफाइनलमा नेपालले श्रीलंकाविरुद्ध कमजोर प्रदर्शन गरेको थियो। पहिलो ब्याटिङ गरेको नेपाल ७९ रनमै समेटियो। श्रीलंकाले दुई विकेट गुमाएर ८० रन बनायो। सन् २०१२ को संस्करणमा नेपाल समूह 'ए'मा परेको थियो। समूह चरणमा नेपालको पहिलो खेल नै अस्ट्रेलियाविरुद्ध थियो। अस्ट्रेलियाले पहिलो ब्याटिङ गरी सात विकेटको क्षतिमा दुई सय ९४ रन बनाएको थियो। प्रत्युत्तरमा नेपाल २३.५ ओभरमा ८२ रनमै समेटियो। नेपालका लागि सागर पुनले ३९ बलमा सर्वाधिक २२ रन बनाए। अस्ट्रेलियाको ब्याटिङमा क्यामरुन बन्कोफले १३९ बलमा एक सय २५ रन जोडेका थिए। नेपालका लागि प्रदीप ऐरीले ४० रन खर्चेर दुई विकेट लिए।



सन् २०१६ को आइसिसी यू-१९ विश्वकपमा नेपालले न्युजिल्यान्डविरुद्ध सर्वाधिक दुई सय ३८ रन बनाएको थियो। लक्ष्य पछ्याउने क्रममा न्युजिल्यान्डका खेलाडी। तस्बिरः आइसिसी

व्यक्तिगत उत्कृष्ट बलिङ प्रदर्शन

नेपालका लागि यू- १९ विश्वकपमा पाँचजना बलरले उत्कृष्ट बलिङ प्रदर्शन गरेका छन्। राहुल विश्वकर्मा, भुवन कार्की, सन्दीप लामिछाने, लाक्पा लामा र मन्जी श्रेष्ठले नेपालबाट उत्कृष्ट बलिङ प्रदर्शन गरेका थिए। यू- १९ विश्वकपमा राहुलले सन् २०१२ को संस्करणमा पपुवा न्युगिनीविरुद्ध ६.२ ओभर बलिङ गरी तीन रन मात्र खर्चेर ६ विकेट लिएका थिए। विश्वकपमा राहुलको यो प्रदर्शन एक रेकर्डका रूपमा रहेको छ। यसैगरी, भुवनले सन् २०१२ मै नामिबियाविरुद्ध २१ रन खर्चेर पाँच विकेट लिएका थिए। उनले ७.३ ओभर बलिङ गरेका थिए। यू- १९ विश्वकपमा पाँच विकेटको प्रदर्शन गर्ने नेपालका तेस्रो बलर सन्दीप लामिछाने हुन्। उनले सन् २०१६ को संस्करणमा आयरल्यानडविरुद्धको प्रदर्शनमा १० ओभर बलिङ गर्दै २७ रन खर्चेर पाँच विकेट लिए। यस खेलमा उनले ह्याट्रिक प्रदर्शन गरेका थिए। सन् २००२ मा स्पिनर लाक्पा लामाले पपुवा न्युगिनीविरुद्ध १० ओभरमा १४ रन खर्चेर चार विकेट हात पारेका थिए। सन् २००४ मा मन्जित श्रेष्ठले १५ रन खर्चेर चार विकेटको प्रदर्शन गरे।

■ विश्वकपमा जित र हार बराबर

सन् २००० देखि नेपालले यू- १९ विश्वकप सहभागिता जनाएको हो। श्रीलंकामा भएको विश्वकपमा नेपाल पहिलोपटक छनोट भयो। सन् २०२४ को दक्षिण अफ्रिकामा हुन गइरहेको विश्वकप नेपालको आठौं सहभागी हो। नेपालले अहिलेसम्म यू- १९ विश्वकपमा ४४ खेल खेलेको छ। जसमा जित र हार संख्या समान रहेको छ। नेपालले २१ खेलमा जित निकाल्दा यही संख्यामा हारको सामना गरेको छ। दुई खेलको नतिजा आएन। सन् २००० को संस्करणमा नेपाल आठौं भएको थियो। नेपाल पाँचपटक पहिलो चरणबाटै बाहिरिएको थियो। नेपाल एकपटक सन् २०१६ मा क्वार्टरफाइनलमा पुगेको थियो।

खेल संक्षेप

ढुंगाना क्यानका नयाँ महाप्रबन्धक

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार नयाँ जनरल म्यानेजर (महाप्रबन्धक) मा उत्सव ढुंगानालाई नियुक्त गरेको छ। महाप्रबन्धकका लागि परेका ६१ आवेदनबाट सर्ट लिस्ट अन्तर्वार्ता गर्दै क्यानले उनलाई नियुक्त गरेको हो। ६ महिनाअघि तत्कालीन जनरल म्यानेजर वृत्तान्त खनाललेराजीनामा दिएपछि पद रिक्त रहँदै आएको थियो। क्यानले सो पदका लागि दोस्रोपटक आवेदन माग गरेको थियो। पुराना सात गरी क्यानले कुल ६८ जनाको आवेदन दिएको थियो। जसमा सर्ट लिस्टमा १४ जना परेका थिए। क्यानले सर्ट लिस्टमा परेका सातजनालाई अन्तर्वार्तामा सातजनालाई बोलाएको थियो। जसबाट ढुंगानालाई नियुक्त गरेको हो। यसअघिका दुई जनरल म्यानेजर वृत्तान्त खनाल र रौनक मल्ल काम गर्न नसकेर आलोचनामा परेका थिए।

बास्केटबलमा रोयल उपाधिनजिक

काठमाडौं/ रोयल दोस्रो नखिपोट खुला बास्केटबल प्रतियोगिताको महिला यू- २३ मा आइतबार फाइनलमा प्रवेश गरेको छ। तीन टिम सहभागी राउन्ड रोबिन लिगमा रोयल शीर्ष स्थानमा रहँदै फाइनलमा पुगेको हो। नखिपोट युथ क्लबको आयोजनामा भइरहेको प्रतियोगितामा रोयलले कीर्तिपुरलाई ६२-३८ ले पराजित गऱ्यो। रोयलका छिरिङ शेर्पा र सृष्टि फाइजोले समान ११ स्कोर गरे। रोयलले सुरुका दुई क्वार्टरमा २०-५ र २४-२ को अग्रता लिँदै जितको आधार खडा गरेको थियो। रोयल तेस्रो क्वार्टरमा १३-१३ को बराबरीमा रोकियो। चौथो क्वार्टरमा रोयल ५-१८ ले पछि पऱ्यो। उपाधिका लागि रोयलले बुढानीलकण्ठविरुद्ध खेल्नेछ।

तीनपोखरी कप फुटबल हुने

संखुवासभा/ खाँदबारीमा २६ पुसदेखि तीनपोखरी कप फुटबल प्रतियोगिता हुने भएको छ। तिनपोखरी समाज विकास क्लबले पहिलोपटक आमन्त्रित फुटबल प्रतियोगिता गर्न लागेको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो। माघेसंक्रान्तिको अवसरमा पर्यटन प्रवर्द्धन तथा फुटबल खेलको विकास र खेलाडीको व्यावसायीकरण गर्ने उद्देश्यले फुटबल प्रतियोगिता गर्न लागिएको आयोजक तिनपोखरी समाज विकास क्लबका अध्यक्ष मिनेष चापागाईंले जानकारी दिए। प्रतियोगितामा १२ टोलीको सहभागिता रहने उनले बताए। च्याम्पियन टोलीले दुई लाख २२ हजार रुपैयाँ र उपविजेताले एक लाख ११ हजार रुपैयाँ पाउनेछन्। १ माघसम्म सञ्चालन हुने प्रतियोगिताका सबै खेल खाँदबारी नगरपालिका- ७ स्थित खाँदबारी रंगशालामा हुनेछ।

आर्मी सेमिफाइनलमा

काठमाडौं/ ३४औं राष्ट्रिय भलिबल प्रतियोगितामा समूह 'बी'अन्तर्गत गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै त्रिभुवन आर्मी क्लब सेमिफाइनल प्रवेश गरेको छ। आर्मीले लगातार तेस्रो जितसहित अन्तिम चारको स्थान पक्का गरेको हो। वीरेन्द्रनगर सुर्खेतमा भएको खेलमा आर्मीले गण्डकीमाथि ३-० को सेटले पराजित गरेको हो। यसअघि आर्मीले सुदूरपश्चिमलाई ३-१ र पहिलो खेलमा कर्णाली प्रदेशलाई ३-० ले पराजित गरेको थियो। यसअघि समूह 'ए'मा एपिएफले पुलिसमाथि ३-१ को जितसहित सेमिफाइनल यात्रा तय गरेको छ। समूह 'ए' एपिएफ, नेपाल पुलिस, लुम्बिनी, कोशी र बागमती प्रदेश छन्। समूह 'बी'मा त्रिभुवन आर्मी क्लब, गण्डकी, कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेश छन्। प्रतियोगितामा दुई समूहका शीर्ष दुई टोलीले सेमिफाइनल खेल्नेछन्।

दुवाल महिला टोलीको व्यवस्थापक

काठमाडौं/ अखिल नेपाल फुटबल संघ (एन्फा)ले इन्दु दुवाललाई नेपाली यू- १९ महिला टोलीको व्यवस्थापकमा नियुक्त गरेको छ। एन्फाले सोमबार उनलाई नियुक्तिपत्र हस्तान्तरण गरेको हो। यू- १९ महिला टोलीले २ देखि ८ फेब्रुअरीसम्म बंगलादेशको ढाकामा साफ च्याम्पियनसिप खेल्दै छ। सो प्रतियोगिताका लागि एन्फाले खेलाडी छनोट प्रक्रिया थालिसकेको छ।

दोस्रो जितसँगै तनहुँ फाइनलमा

कास्की/ तनहुँ जिल्ला पोखरामा चलिरहेको गण्डकी प्रदेश पिएम कप पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगिताको फाइनलमा पुगेको छ। क्रिकेट संघ गण्डकीको आयोजनामा सोमबार पोखरा रंगशाला स्थित क्रिकेट मैदानमा समूह 'बी' रहेको तनहुँले दुई खेलमा जित निकाली समूह विजेताका रूपमा अन्तिम दुई स्थान पक्का गरेको हो। यसअघि समूह 'ए'बाट स्याङ्जाले लगातार खेलमा जित निकाली अन्तिम दुईमा स्थान सुरक्षित गरेको थियो। अब उपाधिका लागि स्याङ्जा र तनहुँबीच २५ पुसमा खेल हुनेछ।



प्रतियोगिताअर्न्तगत सोमबार तनहुँले पर्वतलाई तीन विकेटले पराजित गरेको थियो। तनहुँले आइतबार नवलपुरलाई १० रनले पाखा लगाएको थियो। टस जितेर ब्याटिङ रोजेको पर्वतले ५० ओभरमा आठ विकेटको क्षतिमा दुई सय १७ रन बनाएको थियो। तनहुँले ४८ ओभरमा सात विकेटको क्षतिमा दुई सय १८ रन जोड्दै लक्ष्य पूरा गरेको थियो। पर्वतका लागि रितिक थापाले ७४ बलमा ४१ रन बनाए। अमृत गुरुङले ४० बलमा २८ रन जोडे। सरोज खत्रीले ३६ बलमा २१ रन र कमल भुसालले १३ बलमा १९ रन जोडेका थिए।

तनहुँका लागि समीर कँडेलले अर्धशतक पूरा गर्ने क्रममा ८२ बलमा ५० रन जोडेका थिए। म्यान अफ दी म्याच कृष ऐरेले ५८ बलमा ४२ रन बनाए। दिनेशजंग बुढामगरले ३४ बलमा ३७ रन बनाए। दिपेश अधिकारीले ३५ बलमा १४ र उत्सव श्रेष्ठले १६ बलमा १० रन बटुले। तनहुँका सन्दीप पराजुलीले १० ओभरमा एक मेडन राखी १९ रन खर्चेर दुई विकेट लिए। कृष ऐरेले १० ओभरमा दुई मेडनसहित २९ रन खर्चेर दुई विकेट हात पारे। पर्वतका रोशन गौतमले १० ओभरमा दुई मेडन राखी २६ रन खर्चेर दुई विकेट लिए। सानु यादवले दुई र रितिक थापाले दुई विकेट हात पार्न सफल भएका थिए।

बुद्धिचाललाई व्यावसायिक बनाउन जोड

काठमाडौं/ विश्व खेलकुदमा फरक पहिचान बनाएको बुद्धिचाल खेल नेपालमा व्यावसायिक रूपमा अगाडि बढाउन पर्ने जोड राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले दिएका छन्। छैटौं तुल्सीलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगिताको सोमबार उद्घाटन गर्दै सदस्यसचिव घिसिङले नेपालमा बुद्धिचाल खेललाई व्यावसायिक विकास गर्नुपर्ने बताएका हुन्। 'विश्व फिडे महासंघ र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले बुद्धिचाललाई आफ्नो महत्त्वपूर्ण अफिसियल खेलको रूपमा मान्यता दिइसकेको छ, यस्तो अवस्थामा नेपालमा पनि बुद्धिचाल खेललाई व्यावसायिक ढाँचामा रूपान्तरित गर्न जरुरी भइसकेको छ,' उनले भने, 'नेपाल बुद्धिचाल महासंघ, सम्बन्धित निकाय र व्यक्तिहरूले नेपालमा फुटबल र क्रिकेटमा जस्तो बुद्धिचालमा पनि व्यावसायिक लिग सञ्चालनमा ल्याउन जरुरी छ।'

विजेताले दुई लाख पाउने

प्रतियोगिताको विजेता टोलीले दुई लाख रुपैयाँ पाउनेछन्। उपविजेताले एक लाख २० हजार र तेस्रो स्थानमा रहने टोलीले ६० हजार रुपैयाँ पाउनेछन्। चौथो हुने टोलीलाई ४० हजार रुपैयाँ प्रदान गरिनेछ। त्यसैगरी, प्रत्येक बोर्डमा प्रथम हुने चारजना खेलाडीलाई जनही १० हजार नौ सय १० हजार पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताको कुल पुरस्कार राशि चार लाख ७० हजार रहेको छ।

बंगलादेशका अलराउन्डर सकिब बने सांसद



ढाका/ बंगलादेश क्रिकेट टोलीका कप्तान तथा अलराउन्डर सकिब अल हसन सांसद बनेका छन्। बंगलादेशको संसदीय निर्वाचनमा उनले विपक्षीलाई डेढ लाख भोटले पराजित गरी सांसद बनेको अन्तर्राष्ट्रिय एजेन्सीले जनाएको छ। सकिबले प्रधानमन्त्री शेख हसिनाको पार्टी अवामी लिगबाट मगुरा पश्चिम सहरमा चुनावमा सहभागी भएका थिए।

सांसदमा निर्वाचन भएपछि सकिबको एक भिडियो भाइरल बनेको छ। चुनावी अभियानमा उनले एक समर्थकलाई चड्कन हानेका थिए। फरिदपुरमा ३ जनवरीमा चुनावी च्यालीमा सहभागी हुने क्रममा एक समर्थकले उनको सेल्फी लिन प्रयास गरेका थिए। तर, सकिब सेल्फी दिन मानेनन्। ती समर्थक जसरी पनि सेल्फी लिने प्रयासमा थिए। सन् २००३ को एकदिवसीय विश्वकपमा खराब प्रदर्शन भएपछि सकिबले चुनाव लड्ने घोषणा गरेका थिए। वर्तमान समयकै राम्रा अलराउन्ड मानिने सकिबले विश्वकपमा नेतृत्व गरेका थिए। बंगलादेश तालिकाको आठौं स्थानमा परेको थियो। समूह चरणबाटै बाहिरिएको बंगलादेशका लागि सकिबले सात खेलमा एक सय ८६ रन जोडेका थिए। उनले सात विकेट लिए। विश्वकपमा उनले एक अर्धशतकीय इनिङ्स खेलेका थिए।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
दमौली अस्पताल
तनहुँ
प.सं २०८०/८१

करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८०/९/२४

यस दमौली अस्पताल दमौलीको लागि अस्पताल व्यवस्थापनबाट स्वीकृत दरबन्दी अर्न्तगतको तपसिलमा उल्लेख भए बमोजिमको पदमा सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दरखास्त फारम भरी यस अस्पतालमा पेश गर्न हुन सम्बन्धीत सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क्र. स	विज्ञापन नं	पद	तह	सेवा/ समूह	माग सख्या	परीक्षाको किसिम	दरखास्त दस्तुर	कैफियत
१	१/८०/८१	Consultant Obs/Gynecologist	नवौं	स्वास्थ्य	१	अन्तर्वार्ता	१५००	
२	२/८०/८१	Consultant Anesthesiologist	नवौं	स्वास्थ्य	१	अन्तर्वार्ता	१५००	
३	३/८०/८१	Dental Surgeon	आठौं	स्वास्थ्य	१	अन्तर्वार्ता	१२००	
४	४/८०/८१	Radiographer	पाचौं	स्वास्थ्य	२	अन्तर्वार्ता	६००	
५	५/८०/८१	Dental hygienist	पाचौं	स्वास्थ्य	१	अन्तर्वार्ता	६००	
६	६/८०/८१	ART Counsellor	पाचौं	स्वास्थ्य	१	अन्तर्वार्ता	६००	
७	७/८०/८१	कार्यालय सहयोगी	श्रे.वि	सा.प्रा.	१	अन्तर्वार्ता	४००	
८	८/८०/८१	कार्यालय सहयोगी (शव गृह)	श्रे.वि.	सा.प्र.	१	अन्तर्वार्ता	४००	

आवश्यक काजपत्र

क) नेपाली नागरिकता, २ प्रति पिपि साईज फोटो, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्र ।
ख) चिकित्सक तथा स्वास्थ्यकर्मीको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र कार्यालय सहयोगीको हकमा ४० वर्ष ननाघेको हुनु पर्ने ।
ग) कुनै पनि फौजदारी अभियोगमा सजाय नभएको ।
घ) अन्य प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

शैक्षिक योग्यता

Consultant Obs/Gynecologist : Obs/Gyne विषयमा स्नातकोत्तर तह उर्त्तिण तथा NMC Registered .
Consultant Anesthesiologist : Anesthesiology, विषयमा स्नातकोत्तर तह उर्तिण तथा NMC Registered .
Dental Surgeon: मान्यता प्राप्त University बाट BDS उर्त्रिण तथा NMC Registered .
Radiographer : Radiography विषयमा Diploma वा सोसरह उर्त्तिण र NHPC Registered .
ART Counselor : PCL Nurse विषयमा उर्त्तिण र NNC Registered .
Dental hygiene विषयमा Cetificate Level /PCL and NHPC Registered .
कार्यालय सहयोगी : सामान्य लेखपढ गर्न सक्ने ।
आवेदन दिने अन्तिम मिति : प्रकाशित मितिको १५ दिन भित्र ।
दरखास्त फारम : अस्पतालको **website-damaulihospital.gandaki.gov.np**
दरखास्त दस्तुर यस कार्यालयको आर्थिक प्रशासनमा सर्म्पक गर्नहुन ।
सम्बन्धित पदमा अनुभवी उम्मेदवारलाई विषेश प्राथमिकता दिइनेछ ।
थप जानकारीको लागि : मोनिका परियार (सुचना अधिकारी)मो.**९८४६५८७०९४** दमौली अस्पताल तनहूँ ।

प्रशासन

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com